हस्त रेखा विज्ञान

सामुद्रिक

हस्तरेखा विज्ञान

नेपाली भाषामा सचित्र

[यस पुस्तकमा झण्डै अढाई सय जति चित्र दिएर स्थिति स्पष्ट पार्ने प्रयत्न गरिएको छ। ज्योतिषको सामान्य ज्ञान हुने व्यक्तिले पनि यसबाट आफ्नू इच्छित फल प्राप्त गर्न सक्तछन्।]

संग्रहकर्त्ता :
गौरीशंकर 'वसिष्ठ'

प्रकाशक-
जय नेपाल प्रकाशन
कचौड़ीगली, वाराणसी।

❀ प्राप्ति स्थान :

बम्बई पुस्तक भण्डार

कचौड़ीगली

वाराणसी

❀ संस्करण : २०५४ वि०

❀ © सर्वाधिकार सुरक्षित प्रकाशकमा

❀ मूल्य : भा० रु० ४०.००

❀ कम्प्यूटर कम्पोजिंग :

अमैनो प्रिन्टर्स एण्ड डाटा प्रोसेसर्स

लक्ष्मीकुण्ड, वाराणसी

❀ मुद्रक : मॉडर्न दीपक प्रेस, एस० १७/२७२ नदेसर, वाराणसी ✆ ३४२८९४, ३४००४८

विषय-सूची

विषय	पृष्ठ
प्रथम अध्याय	
१. निकृष्ट हात	५
२. मिश्रित हात	६
३. वर्गाकार हात	७
४. चमसाकार हात	८
५. आदर्शवादी हात	९
६. दार्शनिक हात	९
७. कलाकार हात	१०
(२) हत्केलाका तीन भाग	११
३. औंलाहरू	१२
४. बुढीऔंला (अंगुष्ठ)	१४
५. नङ	१६
६. नङका दागहरू	१७
७. हत्केला	१७
८. हत्केलाका पर्वत	१८
९. ग्रह स्थान परिवर्तन	२४
१०. सात थरिका रेखाहरू	२७
११. शुक्र बन्धनी	५६
१२. शनि मुद्रिका	६०
१३. रेखा विशेष	६०
१४. यकृत वा स्वास्थ्यरेखा	६२
१५. राहु रेखा	६६
१६. प्रवृत्ति रेखा	६७
१७. देवरेखा वा प्रत्यक्ष दर्शन रेखा	६८
१८. भ्राता-भगिनी रेखा	७०
१९. परधन प्राप्ति रेखा	७२
२०. विवाह रेखा	७३
२१. सन्तान रेखा	७९
२२. सप्तवर्षीय नियम	८०
२३. स्वतन्त्र चिन्ह, जौको द्वीप	८२
२४. बिन्दु	८३
२५. वृत्त चिन्ह	८५
२६. गुणन चिन्ह	८८
२७. जाल चिन्ह	९०
२८. चतुष्कोण चिन्ह	९१
२९. त्रिकोण वा त्रिभूज चिन्ह	९२
३०. मुद्रा	९४
३१. मणिबन्ध रेखा	९६
३२. पर्वग्रन्थि रेखा	९९
३३. पौर्वात्य मतमा विविध करचिन्ह	१०२
३४. नारीमा मणिबन्ध र हात-पाउको बनोट	१२०
३५. नर बाहु	१२०
३६. नारी बाहु	१२०
३७. नारी हात	१२१

विषय	पृष्ठ
३८. पादाकृति विज्ञान	१२२
३९. अंग विज्ञान	१२२
४०. तपाईका चरणको महत्त्व	१२३
४१. विशेष कुराहरू	१२७
४२. राज-चरणका लक्षण	१२८
४३. नारीका पद-चिन्ह	१२८
४४. राज्ञीका पद-चिन्ह	१२९
४५. नारी-पदका विविध चिन्ह	१२९
४६. रेखा र चिन्ह हेरेर जन्म शकादिको ज्ञान	१३१
४७. आँखा हेरेर जन्म समयको निर्णय	१३३
४८. ललाट-रेखा	१३४
४९. नर-ललाटको आकार र चिन्ह फल	१३६
५०. नर-ललाट रेखा-फल	१३८
५१. नारी-ललाट	१३९
५२. ललाटमा कोठी व लामो चिन्ह	१४०
५३. नष्ट जन्मपत्र विचार	१४४
५४. अंक सामुद्रिक मनद्वारा हातको पंजा	१४४
५५. गर्भ लग्न	१४५
५६. बृहस्पतिको स्थिति निर्णय	१४५
५७. स्वरूप हेरेर उमेरको निर्णय	१४६
५८. शक ज्ञानको अन्य प्रकार	१४६
५९. जन्म ऋतु ज्ञान	१४८
६०. मास तिथि निर्णय	१४९
६१. राशिज्ञान	१४९
६२. नक्षत्र निर्णय	१४९
६३. शकाब्द अनुसार वार आनयन	१४९
६४. मासांक आनयन	१४९
६५. तिथि गणना	१५०
६६. तिथि गणना-चक्र	१५१
६७. पंच पक्षी क्रमबाट नक्षत्र जातक	१५२
६८. पंच पक्षी	१५५
६९. दिन रातको भेदबाट नियम	१५५
७०. परिजात पंच पक्षीको मनबाट	१५६
७१. ग्रहजन्य उत्पात र शान्ति	१५६
७२. सूर्य राशिबोधक चक्र हेर्ने विधि	१६२
७३. गुरु शनि राहु राशिबोधक चक्र हेर्ने विधि	१६२

॥ श्रीः ॥

सचित्र
हस्तरेखा विज्ञान

पहिलो अध्याय

प्रत्येक व्यक्तिका हाता कोरिएका रेखाको भाषा पढ्नुभन्दा अगाडि 'हस्तरेखा' को विषयमा पूर्णरूपेर जान्नु अत्यन्त आवश्यक छ। मानच-प्रकृति तथा उसमा वंश रम्परागत दोष वा गुण अथवा त्यो व्यक्ति कुन श्रेणीको कार्यको उपयुक्त छ, इत्यादि सबै कुरा त्यसको हातको गठन र बनोटमा निर्धारित गरिन्छ। यसै निम्ति हस्तरेखाका वेशेषज्ञ र पूर्ण अनुभवी व्यक्तिहरूले सात किसिमको हातको बनोट वर्णन गरेका छन्–

1. Elementary hand (निकृष्ट हात)
2. Mixed hand (मिश्रित हात)
3. Square वा useful hand (वर्गाकार हात)
4. Spatulate वा Nervous active type (चमसाकार हात)
5. Psychic वा Idealistic (आदर्शवादी हात)
6. Philosaphic (दार्शनिक हात)
7. Comic artistic (कलाकार हात)

1. Elementary Hand निकृष्ट हात– निम्न किसिमका (Mentality) ुद्धि भएका व्यक्तिहरूको यस्तो हात हुन्छ– हेर्दा गलेनी फाटे जस्तो, नराम्रो, ठूलो, ाटो, बाक्लो हत्केला, साना-साना औंला र पातला साना नङ हुन्छन्। किनभने हस्त-खाका ज्ञाताहरूको कथन छ-बुद्धिमत्ता त्यस बेला आउँछ जब औंलाहरू हत्केला न्दा ठूला हुन्। जस्तै-डरलाग्दा जङ्गली जनावरहरूको हत्केलाको हाड़ नै सम्पूर्ण तलाई बनाउँछ, अर्थात् जति बर्ता हत्केलाले हातमा अधिकार जनाएको देखिन्छ

त्यति नै व्यक्तिमा पशुवत् वृत्ति पाइन्छ वा विद्यमान रहन्छ। त्यस्ता हातमा रेखाहरू र तत्सम्बन्धी चिन्हहरू पनि साह्रै थोरै हुन्छन्। त्यस्ता व्यक्तिहरूलाई कुनै



१.

पनि रूप-रंग मनपर्दैन। विषय (Passion) मा उनको अधिकार रहन्न। ती एक किसिमका (Brute) दया-हीन हुन्छन्। तिनीहरूमा चातुर्य पनि निम्न कोटिको हुन्छ। विशेष गरेर भारी बोक्नेको हात यस्तो पाइन्छ।

2. Mixed hand (मिश्रित हात)- यस्तो छासमिसे हातको विषयमा राम्ररी जान्न निकै गाह्रो पर्दछ। यस्तो हातलाई चमसाकार, वर्गाकार, कलाकार र दार्शनिक अथवा आदर्शवादी हात भन्दछन् तथा यसलाई बुझ्न र राम्ररी जान्न निकै कठिन हुन्छ। त्यस्तै अनेक थरिका औंलाहरू पनि हातमा हुन्छन्, त्यसैले गर्दा व्यक्तिको गुण र दोषहरू पनि मिश्रित हुन जान्छन्। त्यस्तो मानिस सदैव आफूलाई त्यस्तै परिस्थितिमा

२.

ढालिदिने विचारका हुन्छन्। तिनमा बठ्याईं पूर्णरूपले विद्यमान भए पनि उपयुक्त समयमा त्यस चातुर्यको उपयोग गर्नमा सधैं असफल रहन्छन्। विज्ञान, कला अथवा

निरर्थक गफमा भाग लिन पनि यस्ता मानिस पछि सर्दैनन् र कुरा गर्नमा पनि निकै सिपालु हुन्छन्। यस्ता मानिसको मस्तिष्क-रेखा अलि ठूलो छ भने त अनेक काममा सफलता प्राप्त गर्दछन्। तिनको लागि कुनै पनि काम असम्भव र कठिन रहँदैन। सबै सजिलो वन्दै जान्छ। यस्ता मानिस कहिले ड्रामा, प्रहसन लेख्दछन् त कहिले ग्यास, स्टोव आदि वनाउने विचार गर्दछन् फेरि कहिले आकाशमा उड्ने कुनै नयाँ किसिम खोज्ने र त्यसको प्रयोग गर्ने पनि विचार गर्दछन्। यस क्रमले हत्केलाको आधारमा यस्ता मानिसको गुण-अवगुण आउँदै रहन्छ, किन भने यिनमा मानसिक र शारीरिक दुवै प्रकारको कार्य गर्ने राम्रो क्षमता रहन्छ, तापनि वुद्धि चातुर्य अथवा कूटनीति र कूट-वुद्धिको आवश्यकता पर्दछ, यी विशेष रूपले सफल हुन्छन्। राजनीतिको विषयमा पर्याप्त उन्नति गर्ने व्यक्तिहरूमा यस्ता श्रेणीका मानिस वढ़ी मात्रामा पाइन्छन्।

3- Square (वर्गाकार हात)– यस्तो हात नारीनेर र औंलाहरूको जरातिर तथा औंलाहरूको पारीपट्टि चारकुने झैं अर्थात् चारकुना परेको जस्तो देखिन्छ। नङहरू पनि साना-साना र चारपाटे हुन्छन्। यस्ता व्यक्ति समयको पक्का र मूल्य वुझ्ने, सवै वस्तुलाई उचित रूपले मनपराउने तथा कर्तव्य-परायण हुन्छन्। यिनको आचरणले गर्दा नै यिनमा यस्ता लक्षण उत्पन्न हुन्छन्। यिनको भित्री तहमा प्रत्येक कार्य-कलापको स्थान रहन्छ। यस्ता व्यक्ति Authority र Discipline को आदर र पालन गर्ने हुन्छन्। ऐन-कानूनलाई आदरको दृष्टिले हेर्ने र रीति-रिवाज, पुराना



३.

प्रथाहरूको सेवक झैं यस्ता मानिस कुनै पनि काममा जिद्दी नगरेर आफ्नू वलियो तर्कद्वारा पूरा गर्ने किसिमका हुन्छन्। युद्धमा पनि शान्तिको इच्छा राख्ने र सबै कार्यमा बाठो यस्ता मानिसलाई कुनै पनि नकली वा मिथ्या कुरासँग घृणा हुन्छ। यति भए

पनि सबै परिस्थितिमा आफूलाई तद्रूप तुल्याउने क्षमता यस्ता व्यक्तिमा पाइन्न। कृषि र व्यापारलाई प्रोत्साहन दिने यस्ता मानिसको हात वर्गाकार भए पनि औंलाहरू भिन्न किसिमका हुन्छन्। जस्तै वर्गाकार हात र साना-साना वर्गाकार औंलाहरू वर्गाकार हात र बटारिएका साह्रा औंला, वर्गाकार हात र चमसाकार औंलाहरू, वर्गाकार हात र कलाकार औंला, वर्गाकार हात र विषम औंलाहरू—यस्तो मिश्रण भयो भने गुण-दोषमा पनि पर्याप्त परिवर्तन देखिन्छ। यी सबै कुरा औंलाहरूको विभिन्न परिस्थितिमा आधारित हुन्छ।

4. Shatulate Hand **(चमसाकार हात)**– यस किसिमका हातका औंलाको जोर्नीमा वा नाड़ीनेर चाक्लो हुन्छ। औंलाका टुप्पा डाक्टरहरूले प्रयोग गर्ने चमचा जस्तै हुन्छ र कतैबाट पनि वर्गाकार भएको लक्षण देखापर्दैन।



४.

यदि चमसाकार हात साम्हो हुने मानिसको प्रकृति (Restless)भौतारिने खालको र Exeitatele अत्यन्त छिटो उत्तेजित्त हुने छ भने परिश्रम र काम गर्ने क्षमता त्यसमा प्रशस्त हुन्छ। यदि हात नरम छन् भने Restlese को साथमा Irritable अर्थात झट्ट चिढिने खालको हुन्छ। यस्ता मानिस जुनसुकै काममा पनि अघि सर्दछन् तर स्थिर भएर त्यस कामलाई पूर्ण पार्न सक्तैनन्।

ठूलठूला नाविक Exploreres अनुसन्धान गर्ने Deicoverers र Engineer इंजीनियर तथा मसीनो कारीगरीको काम गर्ने व्यक्तिहरूमै सीमित नभएर भिन्न-भिन्न पेशा हुनेका हात पनि यस्ता देखा पर्दछन्। मूल कारण जसलाई तत्त्व भन्न सकिन्छ, यिनीहरूमा यस्ता गुण हुन्छ कि ती स्वतन्त्रता प्रेमी, एकाकी बस्न रूचाउने र ज्ञात नियमहरूद्वारा अज्ञात वस्तुहरूको अनुसन्धान गर्ने खालका हुन्छन्। सिनेमाका एक्टर वा डाक्टर भए पनि आफ्नू अनुरूप गुणहरूद्वारा यौटा नवीन रूपरेखा तैयार

पार्दछन्। यस्ता व्यक्ति नयाँ विचारका र वहादुर हुन्छन्, जो भविष्यको लागि जीवन प्रदान गर्दछन्।

5. आदर्शवादी वा Psychie या Dealistic हात– सबै भन्दा बढ़ी राम्रो तर भाग्यहीन हात यसैलाई भन्दछन्। यस्ता हात हुने व्यक्तिमा धर्म-भावनाहरू हुन्छन्। यस्ता हातको बनावट साँगुरो, लाम्चो र नरम तथा औंलाहरू लाम्चा हुनका साथै टुप्पातिर पातलिंदै गएका हुन्छन्। नङहरू कागजी बदामको रंगका हुन्छन्। यस्ता मानिस जीवन-संग्रामको योग्य हुँदैनन्। यस्ताको विचार अस्थिर रहन्छ र प्रत्येक दशा एवं सबै दिशामा राम्रो नै खोज्दछन्। यी साह्रै विनम्र न शान्त चित्तका मानिन्छन्। यिनका प्रति कसैले अलिकति पनि दया-माया देखायो भने तुरून्त त्यसमाथि विश्वास गर्न थाल्दछन्। यिनमा अनुशासन र समय अनुसार हिंड्ने क्षमता हुँदैन। सदैव अरू द्वारा प्रभावित भइरहन्छन्। यी सत्यलाई बुझ्दछन् तर सत्यको खोजी गर्न सक्तैनन्।



५.

यस्ता सन्तान जन्मे भने माता-पिताको कर्तव्य हो कि त्यस्तालाई व्यापारतर्फ नलगाउनू, नत्र त्यो बौल्हाउन सक्तछ। पागलखानामा पनि धेरै जस्तो यस्तै किसिमका मानिसहरू पाइन्छन्। यस्ता व्यक्ति बर्ता धार्मिक भावना भएका र उपदेशक हुन सक्तछन्। यस निम्ति तिनीलाई यस्तै कार्यतिर अग्रसर गराउनु पर्दछ। Fame प्रसिद्धि र Fortune भाग्य यस्ता मानिसदेखि धेरै पर रहन्छ।

6. दार्शनिक हात (Philosophic)– Philosophic दुइ शब्द जोरिएर बनेको छ। Philos जसको अर्थ हो 'प्रेम' र अर्को Sophia जसको अर्थ हो Wisdon अर्थात् बुद्धिमत्ता। यी दुवै Greek यूनानी शब्द हुन्। यी दुवै शब्दको योगले नै यसको योग्यताको बोध हुन्छ। यस्ता हात सजिलैसँग चिन्ह सकिन्छ। केही कोण परेको लामो हात औलाहरूमा हाड़को स्पष्ट बोध हुनका साथै औंलाका गाँठहरू उक्सेका तथा नङ्हरू लामा-लामा हुन्छन्। यस्ता हात रूपियाँ-पैसाको विषयमा असल मानिन्नन् तापनि यस्ता व्यक्ति निकै बुद्धिमान हुन्छन्। यी मनुष्यताको विचार राख्ने

र धनको प्रति लोभ नभएका तथा आफूलाई सदैव अरूभन्दा उच्च ठान्ने खालका हुन्छन्। यस्ता मानिस धेरै जस्तो भारतमा नै पाइन्छन्, त्यसमा पनि ब्राह्मणवर्ण र योगीहरूको यस्तो हात पाइन्छ। शान्त स्वभाव, गम्भीर विचार र वर्ता चिन्तनशील तथा कुनै पनि शंका पर्नासाथ त्यस विषयमा प्रशस्त सतर्क एवं सावधान रहने खालका हुन्छन्। यस्ता व्यक्तिप्रति कुनै पनि अत्याचारको व्यवहार भएको छ भने त्यसलाई आजीवन बिर्सन सक्तैनन् र बाटो हेरिरहन्छन्। मौका पर्नासाथ अचूक साटो फेर्दछन् र समयले पनि यिनको पक्ष लिन्छ। यस्ताका धैर्यको पनि सीमा रहन्न र सत्यको खोजीमा आफ्नू सारा जीवन अर्पण गर्न गाह्रो मान्दैनन्। यदि दार्शनिक हात परेको छ र



६.

औंलाहरू चिप्ला छन् भने त्यो व्यक्ति प्रत्येक वस्तुको विश्लेषण गर्ने हुन्छ। यदि औंलाहरू कलाकारका झैं छन् भने त्यस व्यक्तिको जीवन निरर्थक हुन्छ र बरबाद भएर जान्छ।

7. Conic कलाकार हात– कलाकार हात मध्यम श्रेणी अर्थात् Medium size को हुन्छ र हात माथ्तिर पातलिंदै जान्छ एवं औंलाहरू आधारतर्फ पुष्ट हुन्छन्



७.

नङ भएको भाग तीखो र चोसो परेको हुन्छ। 'कलाकार' हातको पहिलो गुण त्यसको कल्पना र भाव मानिन्छन्। सुख-सुविस्ता मनपराउने र कुनै पनि काम गर्न अघि नसर्ने

तथा आफ्नू विचारलाई तुरून्त कार्यरूपमा परिणत गर्न हड़बड़ाउने हुन्छन्। धैर्य धारण गर्न नसक्ने हुनाले थालेको कार्य पनि पूरा गर्न नसक्ने फेरि शिक्षा-दीक्षा थोरै नै भए पनि कुनै विषयको आकर्षणलाई झट्ट चिन्ह सक्ने खालका हुन्छन्। यस्ता व्यक्ति कुरा गर्नमा सिपालु हुनाले तिनको मित्रता र प्रेममा पनि बराबर परिवर्तन भइरहन्छ।

यिनै गुणहरूको आधारमा यिनीहरू भ्रमणशील पनि हुन्छन्। Quick tempered अर्थात् यस्ता व्यक्तिको मस्तिष्क-क्रिया शीघ्र बदलिंदै गर्दछ। यसै कारण कुनै पनि वस्तुलाई झट्ट मनपराउने र नमनपराउने बानी हुन्छ। दयालु र अर्काको प्रति उदार विचारका भएर पनि जहाँ आफ्नू स्वार्थ वा आराममा बाधा पर्दछ, त्यहाँ मतलबी हुन बेर लाउँदैनन्। यति भए पनि धनको प्रति मोह हुँदैन र आफ्ना भावहरूले गर्दा यी कलाकारमा गनिन्छन्। रूप-रंग राम्रो, सौन्दर्य प्रेम, सुख-दुःख आदि सबैको प्रभाव यस्ता व्यक्तिमा छिटै पर्दछ। यदि हात रबड़ जस्ता छन् भने यिनमा केही दृढ़ता देखा पर्दछ र असल गुणहरूको वृद्धि हुन्छ। यदि हात साह्रा छन् भने कलामा सफलता प्राप्त गर्दछन्। एक्टर वा एक्ट्रेस जो भए पनि आफ्नू प्राकृतिक भावले अरूलाई थर्काउने किसिमका हुन्छन्। हात कलाकार र औंलाका टुप्पा वर्गाकार छन् भने कुनै पनि काममा प्रयत्नशील र सफल पनि हुन्छन्। कलाकार हात र औंलाका टुप्पा चमसाकार छन् भने यस्ता मानिस असल रंगसाज हुन्छन्। कलाकार हात र दार्शनिक औंलाहरू छन् भने औंलाहरूको अनुरूप व्यक्तिको गुणहरूमा परिवर्तन हुन सक्तछ।

हत्केलाका तीन भाग

पहिलो– औंलाहरू भएको भाग जो माथिल्लो भाग कहिन्छ, यस्ता मानिस बुद्धिको शक्तिले आफ्नू असल कार्यको परिचय दिन्छन्।

दोस्रो– माझको भाग त्यो हो जुन औंलाहरूको आधार र चन्द्रमा एवं शुक्रपर्वतको शिरको माझको भाग हुन्छ। यो मानिसको सम्पत्ति सीमालाई औंल्याउँछ।

तेस्रो भाग– यो सबभन्दा तलको भाग हो र नारीसम्म फैलिएको हुन्छ। यसले व्यक्तिको निम्न किसिमको रूचि–जस्तै नाच-गाना आदिको बोध गराउँछ।

हातमा यदि औंलाहरू बर्ता प्रमुख देखिन्छन् भने व्यक्तिमा बौद्धिक शक्ति बर्ता पाइन्छ। यदि माझको भाग प्रमुख देखिन्छ भने त्यो व्यक्ति व्यापार र दैनिक जीवन सम्बन्धी कार्यमा कुशल होला। यदि तल्लो भाग प्रमुख प्रतीत हुन्छ भने त्यो मानिस नाच-गान र सुखी जीवन मनपराउने खालको हुन्छ। त्यसको आचरण पशु जस्तै हुन्छ। यसै गरी एक भागलाई अर्को भागसँग मिश्रण गरेर व्यक्तिको कार्य-क्षमताको ज्ञान गर्नु पर्दछ।

औंलाहरू

माथि वर्णन गरिए अनुसार हत्केलाको विभाजन गर्‍यो भने औंलाहरू अलग हुन जान्छन् र तिनमा ध्यान दिनुपर्दछ कि ती साना छन् कि लामा, चिल्ला छन् कि गाँठो परेका छन्। तिनको टुप्पाको विचार गर्नुपर्दछ कि ती चमसाकार, वर्गाकार वा तीखा छन्। किनकि हत्केलाका गुणमा परिवर्तन हुनु विभिन्न किसिमका औंलाहरूको आकृतिमा निर्भर गर्दछ र औंलाहरूको गुणमा परिवर्तन हुनु तिनको टुप्पामा निर्भर गर्दछ यसको विवरण यस प्रकार छ—



८.

१- जसका औंलाहरूको अग्रभाग सूक्ष्म हुन्छ, त्यो मेधावी होला।

२- च्याप्टो औंला हुने व्यक्तिको आजीविका नोकरी द्वारा होला।

३- मोटो औंला हुने व्यक्ति दरिद्र हुनेछ।

४- साना औंला भएका व्यक्ति विनयी हुन्छन्।

५- औंला टाँसिएका र बाक्ला भए धनी हुनेछन्।

६- जसका बूढ़ी औंलाको माझमा वा मूल स्थानमा ताम्रवर्णको यव-रेखा रहन्छ, त्यो मानिस सम्पन्न एवं राजसुखले युक्त होला।

७- बूढ़ी औंलाको फेदमा वेदी जस्तो रेखा हुने व्यक्ति अग्निहोत्रि हुनेछ।

८- हातका सबै औंला सलक्क परेका र सोझा हुने मानिस भाग्यमानी र सम्पन्न हुन्छ।

९- जसका औंला सान्हा, मोटा हुन्छन् त्यो कठोर हृदयको र दृढ़प्रतिज्ञ तथा चातुर्यले पूर्ण हुनेछ।

१०- जुन मानिसको यौटा औंला सबैसँग नमिलेर उछिट्टिएको हुन्छ त्यसमा त्यही औंलाको ग्रहको प्रधानता भएर त्यही ग्रहको प्रभाव बढी परेको पाइन्छ।

११- हातका औंला बर्ता लामो भएको मानिस अर्काको छिद्र खोज्ने, निष्ठुर र अनाहकमा पनि ठूलो अत्याचार गर्ने खालको हुन्छ।

१२- हातका औंला साधारण भन्दा बढ़ी साना-साना भएको व्यक्ति बुद्धिहीन, स्वार्थी, अल्छी र निष्ठुर होला।

१३- जसका औंला हातभन्दा किंचित् साना छन्, ती बुद्धिमान र असल विचार भएका होलान्।

तर्जनी (चोरीऔंला) मध्यमा (माझी) औंलाको पहिलो खण्डको आधा भागसम्म लामो हुनुपर्दछ। त्यस्तो हुने मानिस कर्मठ जीवन विताउने र बढ़ी लामो हुने व्यक्ति घोर अत्याचारी भएर जान्छ। यदि निकैनै सानो छ भने त्यो कुनै पनि उत्तरदायित्वपूर्ण काम गर्न अयोग्य प्रमाणित हुन्छ। बाङ्गो छ भने त्यो यश-कीर्तिहीन हुनेछ।

हातलाई भित्रपट्टि दोब्राउँदा माझी औंलाको शुक्रपर्वतको आधारसम्म जानु पर्ने हो तर त्यो साधारण छ भने व्यक्ति बुद्धिमान र ज्ञानवान होला। यदि धेरै ठूलो छ भने सदैव असन्तुष्ट रहने र धेरै सानो छ भने चंचल चित्त भएको तथा बर्ता बोल्नु पर्ने हुन्छ। वांगो छ भने मूर्च्छा रोगले पीड़ित रहने र हत्याकारी पनि हुन सक्तछ।

अनामिका (साहिंली) औंला तर्जनीको बराबर हुनुपर्दछ र त्यति लामो छ भने सौन्दर्यको उपासक तथा कलाकार हुन सक्तछ। धेरै लामो छ भने जुआडे र बढी सानो छ भने कुरूप र ज्ञानहीन हुन्छ। बांगो छ भने कला तथा विद्याले हीन हुन सक्तछ। कनिष्ठा(कान्छी) औंला मध्यमाको प्रथम सन्धिसम्म पुग्नुपर्दछ। यसरी त्यो साधारण लामो भएदेखि मानिस दयालु, कवि, भावुक र उन्नतिको इच्छा गर्ने हुन्छ। यदि बर्ता ठूलो छ भने आफ्नै विचारमा मग्न रहने खालको होला। यदि धेरै सानो छ भने आफ्नू भविष्यको विचार नराखेर कुनै पनि काममा अघि सर्ने र बाङ्गो भए अन्यायी एवं अधर्मी हुनेछ।

१- तर्जनी, मध्यमाभन्दा लामो छ भने त्यो व्यक्ति जिद्दी र बौलाहा पनि हुन सक्तछ।

२- तर्जनी मध्यमाभन्दा बर्ता सानो छ भने लज्जालु तथा भीरू (डराउने) स्वभावको होला।

३- तर्जनी मध्यमाको बरोबर भए दिग्विजयी र क्षमाशील होला। नेपोलियनको तर्जनी औंला यस्तै थियो।

४- तर्जनी अनामिकाभन्दा लामो भए यशस्वी र आशावादी होला।

५- तर्जनी अनामिकाभन्दा वर्ता सानू भए उच्चआकांक्षाहीन होला।

६- मध्यमा तर्जनीभन्दा लामो भए अभिमानी र निर्बोध होला।

७- मध्यमा र तर्जनी समान भए उच्च आकाँक्षा राख्ने र सौन्दर्यप्रिय एवं भावप्रवण होला।

८- तर्जनी र अनामिका समान भए यशस्वी र अर्थवादी होला।

९- मध्यमा तर्जनीभन्दा सानो छ भने बौलाहा होला।

१०- मध्यमा अनामिकाभन्दा ठूलो भए सदैव अर्काको उपकार गर्ने, कला र साहित्यको उन्नति गर्ने तथा सत्यप्रिय होला।

११- मध्यमा अनामिकाको समान भए जुआडे होला।

१२- मध्यमा अनामिकाभन्दा सानो छ भने मानिस मानसिक विकृतिले ग्रस्त भएको होला।

१३- अनामिका मध्यमाभन्दा बर्ता सानू भए बुद्धिदोष उत्पन्न भएर मानिस आफ्नै कार्यले हानिमा प्राप्त होला।

१४- अनामिका मध्यमाको बरोबर हुने व्यक्ति जूआको प्रेमी होला।

१५- अनामिका मध्यमाभन्दा सानू भए कुनै पनि उत्तरदायित्वपूर्ण कार्यमा दुःख प्राप्त होला।

१६- अनामिका र तर्जनी बराबर हुने व्यक्ति यशस्वी होला।

१७- अनामिका तर्जनीभन्दा सानो भए अत्यन्त आशावादी होला।

१८- अनामिका तर्जनीभन्दा निकै ठूलो भए कला-कुशलता, उच्चआकांक्षा र व्यक्तित्वले हीन होला।

१९- अनामिका र कनिष्ठ समान भए उदार र परोपकारी होला।

२०- अनामिका कनिष्ठाभन्दा लामो भए शिल्पकला जान्ने होला।

२१- कनिष्ठा र अनामिका बरोबरका भए राम्रो वक्ता र आफ्नू भाव स्पष्ट रूपमा व्यक्त गर्न सक्ने होला।

२२- यदि कनिष्ठा तर्जनीको बरोबर छ भने विद्वान, वैज्ञानिक र रसायन-शास्त्रको ज्ञाता होला।

अंगुष्ठ (बूढीऔंला)

मनुष्यका जीवनको सम्पूर्ण घटनाको यथार्थ चित्रण गर्नमा बूढी औंलाको प्रथम स्थान मानिन्छ। यसैद्वारा व्यक्तिले काम गर्ने क़ाइदा, स्वभाव आदि जान्न सकिन्छ। जिप्सीहरू यस औंलामा विशेष ध्यान दिन्छन्। भारतवर्षमा पनि यो औंला श्रेष्ठ मानिन्छ। यस औंलाको शक्ति कोण र बाङ्गोपनामा बर्ता ध्यान दिइन्छ। ईशाईहरूको पर्वमा यही औंलाले परमात्मालाई प्रदर्शित गरिन्छ। पादरी (धर्मगुरू) हरूका तर्फबाट जो आशिर्वाद दिइन्छ त्यो यही औंलाद्वारा वा पहिलो र दोस्रो औंलाले दिइन्छ।

यस्तो पनि देखिन्छ वा सुनिन्छ कि बालक जन्मदा त्यसको बूढी औंला अरू औंलाहरूले ढाकिएको रहन्छ, तर बालकमा जति-जति चेतना शक्ति जाग्रत हुन्छ, बूढीऔंला बाहिरतर्फ निस्कँदै जान्छ। यस औंलाले तीन ठूला शक्तिहरूको बोध हुन्छ—

१- इच्छाको स्थान–नङ भएको माथिल्लो खण्ड।

२- तर्क–शक्तिको स्थान–त्योभन्दा तल अर्थात् मध्यभाग।

३- प्रेमको स्थान– तेस्रो खण्ड।

(१) सोझो लामो र हेर्दा सुन्दर अंगुष्ठद्वारा व्यक्तिको आत्मबल र अर्कामाथि प्रभाव पार्न सक्ने शक्तिको ज्ञान हुन्छ।

(२) बर्ता मोटो र पछाड़िपट्टि बांगिएको अंगुष्ठ द्वारा व्यर्थ धन खर्च गर्ने र दान-दक्षिणा गर्ने प्रवृत्तिको बोध हुन्छ।

(३) पातलो, चिल्लो र पंछिल्तिर अलिकति फर्किएको अंगुष्ठ भए चित्तमा अधिकार, शान्ति, सुदृढ़ सल्लाह दिने, न्यायी र अर्कासँग राम्रो मेल-मिलाप राख्ने व्यक्ति होला।

(४) यदि अंगुष्ठ बर्ता चुच्चो परेको र पछाड़ितिर फर्केको छ भने सबै काम छिटो-छिटो गर्न मनपराउने र बढी पैसा खर्च गर्ने प्रकृतिको मानिस होला।

(५) पहिलो खण्डमै यदि बूढ़ी औंला कठोर र सोझो छ भने त्यो व्यक्ति झूठो प्रशंसामा प्रसन्न हुने र धेरै जिद्दी भए पनि विश्वासी होला।

(६) यदि पहिलो खण्ड बांगो र भित्रतिर फर्केको छ भने त्यो मानिस लोभी, संकुचित मनोवृत्ति र कंजूस तथा शंकालु एवं अविश्वासी होला।

(७) यदि पहिलो खण्ड सानो र निर्धो छ भने मानिस आफूले बोलेको कुरामा दृढ नरहने, तुलबुल गर्ने किसिमको होला।

(८) मोटो र भद्दा बूढीऔंला, जसलाई Clubbed Thumb भन्दछन् जसको हुन्छ त्यो उग्र स्वभावको र रिसाहा होला। सानू कुरामा पनि झड़ङ्ग हुने र हत्यासम्म गर्न पनि विलम्ब नगर्ने खालको होला।

(९) यदि बूढीऔंलाको दोस्रो खण्ड ठूलो छ भने त्यो बात-बातमा झगड़ा गर्ने होला। यदि पहिलो खण्डभन्दा केही मात्रामा ठूलो भए इच्छा-शक्तिले गर्दा कुनै कुराको पनि निर्णय गर्न सक्तैन यसै कारण कुनै पनि काम गर्नमा असमर्थ होला।

(१०) यदि पहिलो र दोस्रो खण्ड बरोबर छन् भने त्यो व्यक्ति आफ्नू इच्छा-शक्तिले पूर्ण होला र त्यसका तर्क एवं विचारहरू बुद्धिमत्तापूर्ण होला र सबैको आदरणीय पनि होला।

(११) दोस्रो खण्ड मोटो र भद्दा हुने व्यक्ति उत्तम-उत्तम विचारहरू र उपायहरू छँदाछँदे पनि समस्याहरूको समाधान गर्ने शक्ति नहुनाले असफल होला।

(१२) यदि दोस्रो खण्ड सुन्दर र बूढ़ीऔंलामा कम्मर जस्तो रित्तो स्थान लाम्चो र सफा छ भने कूटनीतिज्ञ र धोखा दिने बानी भएको होला।

(१३) बूढीऔंलाको तल शुक्रपर्वतमा प्रेमको स्थान हुन्छ, यदि त्यो लामो र स्वच्छ देखिन्छ भने मानिस पवित्र विचारको प्रेमी र आत्मचिन्तन गर्ने होला।

(१४) यदि उपरोक्त स्थान सानो र अलि भद्दा छ भने त्यसको प्रेममा पनि भद्दापन आउन सक्छ र कसैसँग पनि साटो फेर्ने इच्छाले नै प्रेम गर्नेछ। यदि शुक्रपर्वतमा धेरैं किरमिरे रेखाहरू छन् भने झन् उपरोक्त कुराको पुष्टि गर्दछ।

(१५) यदि बूढीऔंला कांछीऔंला भन्दा नापमा ठूलो छ भने जति ठूलो छ त्यति नै बुद्धिमा विशेषता व्यक्त गर्दछ।

(१६) यदि कांछीऔंला लामो छ र बूढीऔंलाको पहिलो खण्ड अलि उचालिएको छ भने त्यो मानिस राजनीतिक जीवन बिताउने होला।

नङ

१- नङहरूमा चन्द्रमा हुनु अत्यावश्यक छ। त्यो चन्द्रमा नङहरूको फेदमा अर्धचन्द्राकार सेतो-सेतो स्पष्ट देखिन्छ। त्यो छैन भने दुर्बल हृदयको बोध हुन्छ।

२- चन्द्रमा निकै ठूलो छ भने रक्त-प्रवाह तीक्ष्ण हुन्छ। त्यस्ता व्यक्तिले उत्तेजनात्मक कार्य गर्न हुँदैन। यस्तालाई विशेष गरेर अर्धाङ्ग, मूर्च्छा र पक्षाघात आदि रोग हुन सक्तछ।

३- जसका नङहरू लामा-लामा हुन्छन् तिनलाई शरीरको माथिल्लो भागको अंगहरूमा रोग लाग्न सक्तछ। जस्तै- रूधा-खोकी, सन्निपात, घाँटी सुन्निनु र फोक्सोको रोग लाग्न सक्तछ।

४- जसका नङ ससाना छन् त्यसलाई हृदयरोग लाग्दछ र त्यो बर्ता बोलिरहने होला।

५- पातला, च्याप्टो र ससाना नङ जसमा चन्द्रमा हुँदैन र लङ गाडिए झैं देखिन्छ, त्यो कुष्ठ रोगी र लकवा रोगले पीड़ित होला।

६- कीरा जस्ता र सर्पाकार नङ छन् भने त्यो मानिस वर्ता डरलाग्दो होला।

७- नीलो रंगका नङ झन् भयानक रोग उत्पन्न गर्ने खालका हुन्छन्।

८- लाम्चा र साँगुरा नङ कम्मर दुर्वल हुने लक्षण हो। वढी लामो र दोब्रिएको छ भने करङ र मेरूदण्ड सम्वन्धी रोग लागेको हुनुपर्दछ।

९- नङहरूमा सेता थोप्ला हुनु स्नायविक दुर्वलताका लक्षण मानिन्छन्।

१०- लामा नङ हुने मानिस कोमल स्वभावका र सभ्यमा गनिने हुन्छन्। ती कुनै पनि वस्तुलाई झट्ट चिन्न वा वुझ्न समर्थ हुन्छन्। तापनि कहिले काहीं अनावश्यक शंका पनि गर्छन्।

११- लाम्चा र दोब्रिएका तथा पहेंला नङ निर्दयीका मात्र हुन्छन्। चरा मार्ने र माछा मार्ने व्यक्तिका यस्ता नङ हुन सक्तछन्।

१२- ससाना नङ हुने व्यक्ति तर्क-वितर्क गर्ने र राम्रो जाँच-वूझ नगरी कुनै पनि कुरामा विश्वास नगर्ने खालका हुन्छन्।

१३- लमाईभन्दा चौडाई वढी हुने नङ भएका व्यक्ति अर्काको निन्दा, खिल्ली उडाउने खालका हुन्छन्।

नङका विभिन्न दागहरू

	सेतो दाग	कालो दाग
अंगुष्ठ (बूढीऔंला)	प्रेम	गलत काम
पहिलो औला	लाभ	नोक्शान
दोस्रो "	यात्रा	मृत्युभय
तेस्रो "	सम्मान	अपमान
चौथो "	व्यापारमा लाभ	व्यापारमा हानि

हत्केला

१- लामो हत्केला हुने नियमित क्रियाशील (Regular active) हुन्छन्।

२- सानो हत्केला हुने काम नगर्ने र बर्ता तर्क-वितर्क गर्ने खालका होलान्।

३- सानो हत्केला हुने व्यक्तिका अक्षर ठूला हुन्छन्।

४- हत्केला र औंलाहरूको लमाई समान भए उत्तम मानिन्छ।

५- चाक्लो हत्केला हुने व्यक्ति गरीब भए पनि उदार प्रकृतिका हुन्छन।

६- पातलो र काठ झैं हत्केला उत्साहहीन व्यक्तिको हुन्छ। यस्ता भीरू र दरिद्र हुन्छन्।

७- लामो र नरम हत्केला आराम मनपराउनेको हुन्छ।

८- हत्केला गहीरो हुनु दुर्भाग्यको लक्षण हो।

९- हत्केला नरम तर नराम्रो आकारको र ठूलो छ भने विषय भोगी र बर्ता कामी होला।

१०- यदि हत्केलाको खाल्डो जीवन-रेखातिर ढल्केको छ भने गृह-कार्यमा निराशा हुन्छ। त्यस्तो स्थितिमा हातमा कुनै रोग लागेको छ भने त्यो रोग भयंकर हुन सक्तछ।

११- हत्केलाको खाल्डो हृदय रेखाको तल गए झैं देखिन्छ भने इष्ट-मित्रसँग निराशा प्राप्त हुन्छ।

१२- हत्केलाको खाल्डो भाग्यरेखाको तल देखिन्छ भने व्यापार वा धन-सम्पतिको विषयमा नजाति हुन्छ।

हत्केलाका पर्वत

सम्पूर्ण हत्केलाको विचार गरिसकेपछि हातको विभाजन गर्नुपर्दछ; यस क्रियालाई ग्रह, पर्वत (Mounts) भन्दछन् र यी आठ प्रकार का हुन्छन्–

१. शुक्रपर्वत– अंगुष्ठको आधार स्थानमा जुन अग्लो जस्तो परेको र जो जीवन-रेखाले घेरिएको प्रतीत हुन्छ, त्यसैलाई शुक्रपर्वत भन्दछन्। यदि यो स्थान धेरै ठूलो छैन भने उत्तम हो। यस पर्वतले यौटा प्रमुख नलीलाई ढाक्दछ, यस निम्ति यो अलिकति उचालिए झैं छ भने व्यक्तिको शरीर स्वास्थ्य राम्रो र मानिस जोशीलो (शूरो) हुन्छ। यदि पर्वत सानो छ भने जोशमा कमी र शरीर स्वास्थ्य पनि ठीक रहन्न। पर्वत धेरै ठूलो छ भने व्यक्तिमा जोश (शूरता) बढी हुन्छ, त्यसले गर्दा त्यो आफ्नू विपरीत पक्षीय (Apposite Sex) हुने तिर ढल्कन्छ। पुरुष भए नारीतिर र नारी भए पुरुषतिर ढल्कने बर्ता हुन्छ। यो शुक्र पर्वतले अर्कामा प्रेम, उदारता आदिको बोध गराउँछ। यसले अर्कालाई प्रसन्न तुल्याउने इच्छा, प्रेम, सौन्दर्य नाच, गीत इत्यादि बोध गराउँछ।

९.

१- शुक्रस्थान उज्जवल, रातो, पुष्ट र अलिकति उचालिएको जस्तो छ भने त्यो व्यक्ति दयालु, सौन्दर्य, नृत्य-गीत प्रिय उच्चाकांक्षी, ज्ञानी, चिकित्सक र ऐन कानूनको ज्ञाता हुन्छ।

२- बर्ता अग्लो छ भने व्यक्ति विद्वान भए पनि व्यभिचारी, निर्लज्ज र अभिमानी होला।

३- शुक्रस्थान न्यूरे झैं र अपुष्ट छ भने निराश प्रणयी र उग्र प्रकृतिको हुनका साथै स्वार्थी एवं वीर्य सम्बन्धी रोगले पीड़ित होला।

४- यदि शुक्रस्थान रक्ताभ छ र त्यसमाथि प्वालै–प्वाल परे झैं देखिन्छ भने व्यक्ति बर्ता कामुक र अभिनय, नृत्य-गीत आदि आनन्दवर्धक कार्यहरू मनपराउने होला।

५- बूढ़ी औंलाको प्रथम सन्धिको नगीच शुक्रस्थानभन्दा माथि यौटा x क्रास चिन्ह जस्तो देखिन्छ भने व्यक्ति अधर्माचारी, दुश्चरित्र र लम्पट होला।

६- बूढ़ी औंलाको दोस्रो सन्धिनेर दुई-तीन x क्रास चिन्ह छ भने विद्या-विनयादि गुण सम्पन्न, कर्तव्यपरायण र ईश्वरको भक्त होला।

७- कुनै स्त्रीका हातमा शुक्रको उच्चस्थानको नगीचै बूढ़ी औंलाको प्रथम सन्धिभन्दा माथि दुई वा तीन x क्रास चिन्ह छन् भने कलह-प्रिय अविश्वासिनी, परद्रोही र परनिन्दक तथा राजद्रोही होली।

८- नारीका हातमा शुक्रको उच्च स्थानको माझमा वृत्तको चिन्ह छ भने त्यो अवश्य वेश्या हुन्छे ? अनेकौं पुरुषको पछि पनि त्यो सदैव अतृप्त नै रहने छ।

२- बृहस्पति पर्वत– चोरिऔंलाको फेदमा अलि उक्सेको भागलाई बृहस्पति थान भन्दछन्। उक्सेको हुनाले व्यक्तिमा उत्साह, गर्व, आकांक्षा र शक्तिको इच्छा न्छ। गुरू ग्रह सबैमा श्रेष्ठ मानिन्छन्।

- बृहस्पति-स्थान उच्च हुनाले मानिस उच्चाभिलाषी, स्वाधीनचेता, सत्यवादी, आदर्शवादी, ज्ञानी र सच्चरित्र हुन्छ।

- बृहस्पति-स्थान निकै अग्लो छ भने व्यक्ति आरब्ध, कार्य सम्पादनमा अक्षम, अल्पबुद्धि, हीनशक्ति तथा त्यसका चिन्तन निरर्थक हुन्छन्।

बृहस्पति-स्थान अनुच्च छ भने स्वार्थी, दाम्भिक, अतिकामी र आमोद-प्रिय होला।

- बृहस्पति-स्थानमा एक वा दुइटा x क्रास चिन्ह भए त्यो व्यक्ति धर्मको विषयमा उच्च सम्मान र उच्चपद पाउने होला।

- यदि बृहस्पति-स्थानमा यौटा चारपाटे वर्गाकार चिन्ह छ भने त्यसले व्यक्तिलाई

सवै आपत्तिवाट रक्षा गर्दछ। यदि त्यसैको भित्रवाट यौटा अर्को रेखा गएको छ भने व्यक्तिको जीवन निष्कलंक, सतत सुख, र आनन्दका साथै वाँचुन्जेल सौभांग्य प्राप्त गर्दछ।

६- भोगरेखावाट आरम्भ भएर यौटा रेखा वृहस्पतिको उच्चस्थानलाई काट्दछ भने त्यस व्यक्तिको अकस्मात् मृत्यु हुन सक्तछ।

७- बृहस्पतिको स्थान रविको समान अग्लो छ भने त्यो मानिस यशस्वी र भाग्यमानी हुन्छ।

८- बृहस्पति-स्थान यदि बुद्धि झैं उच्च भए विद्वान, उच्चाभिलाषी, विश्वासी वैज्ञानिक, कवि र उदार प्रकृतिको मानिस हुनेछ।

९- बृहस्पति-स्थान मंगलको समान उच्च छ भने त्यो व्यक्ति अर्कामाथि प्रभुत्व दर्शाउने इच्छा भएको र साहसी एवं योद्धा होला।

१०- वहस्पति-स्थान चन्द्रमा झैं उच्च छ भने व्यक्ति साहित्त्किक, कवि र भावुक होला।

११- वृहस्पति-स्थान शुक्रभन्दा उच्च छ भने व्यक्ति उदार, स्नेही, ज्ञानी, समदर्शी न्यायनिष्ठ र आमोद-प्रिय होला।

१२- बृहस्पति-स्थान शनि झैं उच्च छ भने व्यक्ति धैर्यवान, भाग्यवान र अदृष्टवादी होला।

१३- बृहस्पति-स्थान राहुको समान उच्च छ भने व्यक्ति स्थिर लक्ष्य, अल्छी अदृष्टवादी होला।

१४- बृहस्पति-स्थान अपुष्ट र अनुच्च छ भने व्यक्तिले वातश्लेष्म, क्षय-रोग, अनि- र चर्मरोग आदि अनेक व्याधि भोग्नुपर्नेछ।

३- **शनिपर्वत**– दोस्रो औंलाको तल उक्सेको स्थानलाई शनि पर्वत भन्दछन्। यो शान्त, बुद्धिमान, कुनै पनि काममा दत्तचित्त हुने क्षमता, गम्भीर विद्याहरूको अध्ययन र पवित्र गीतहरूमा प्रेम हुने व्यक्तिमा परिलक्षित हुन्छ।

१- शनिक्षेत्र उच्च र पुष्ट छ भने चिन्ताशील, प्रभुत्वकामी, कार्यक्षम, इच्छाशक्ति भएको, एकान्त-प्रिय, अतिसंयमी, चिकित्सक र ज्योतिष शास्त्रको ज्ञाता रासायनिक र गुप्त-विद्यामा पारंगत भएको मानिस होला।

२- शनिस्थान बर्ता उच्च छ भने मानिस रूखो बानी भएको एक्लै बस्न रूचाउने र नचाहिंदो तर्क गर्ने होला।

३- शनिस्थान अनुच्च हुने व्यक्ति सन्दिग्ध मति, आत्महत्याको इच्छा गर्ने, लोभी मिथ्यावादी, भीरू र अभागी तथा व्यर्थको विचार गर्ने होला।

४- शनिको उच्चस्थानमा अनेक रेखाहरू छन् भने त्यो व्यक्ति भिक्षा-वृत्ति र डरा- साथै धोखाबाजीमा झ्यालखान पर्ने होला।

५- शनिको उच्चस्थान वुध झैं उच्च छ भने गुप्तविद्या, विज्ञान र चिकित्सा-विद्यामा पंडित होला र नीच छ भने धोखा दिने किसिमको होला।

६- शनि-स्थान रवि झैं उच्च छ भने व्यक्ति सधैं दुःखी र नीच छ भने सदैव दुर्वल होला।

७- मणिवन्ध वा मंगलको क्षेत्रवाट यौटा प्रत्यक्ष रेखा शनिको उच्च-स्थानको माझवाट गएर मध्यमा औंलाको कुनै एक सन्धिको माझमा समाप्त छ भने कुनै किसिमको मानसिक वा शारीरिक कष्ट र झ्यालखान पर्ने देखिन्छ।

४- **सूर्य वा रवि पर्वत**– यो तेस्रो औंलाको तलतिरको भाग उक्सेको स्थान हो। यदि उक्सने पक्षतिर छ भने जति राम्रा वस्तुहरू छन् तिनको प्रति उत्साह उत्पन्न गराउँछ, त्यो व्यक्ति स्वयं कलाकार नभए पनि कला-प्रेमी अवश्य हुन्छ। यसले कविता, साहित्य र विचार गरेर लेख्नें जति काम छन् तिनको प्रति श्रद्धा उमार्दछ। त्यसको मस्तिष्क र विचार अत्यन्त राम्रो हुन्छ।

- रविको क्षेत्र उच्च हुने व्यक्ति संगीत, शिल्प, साहित्य र कलाविद्यामा निपुण, सौन्दर्य-प्रिय, दयालु, आत्मविश्वासी, उदार, भावुक, धैर्यशील, भाग्यमानी, सम्मान-भाजन, तीक्ष्णवुद्धि निष्कपट, वाग्मी र धनी होला।

- रवि क्षेत्र अनुच्च भए माथि लेखिएका गुणहरूको विपरीत फल हुन्छ।

- रविस्थान वर्ता उच्च भए व्यक्ति दाम्भिक, अविवेकी आमोदप्रिय, चंचल, कृपण, वर्ता वोल्नुपर्ने र पैतृक सम्पत्तिको संहार गर्ने होला।

- वर्ता काट-मेट भएका ससाना रेखाहरू सूर्य-औंलाको प्रथम सन्धिबाट निस्केर भोग-रेखातिर फैलिएको भए ती रेखाहरू यौटा जनसत्ता र अनेक सूक्ष्मबुद्धि सम्पन्न, अनेक थरिका विज्ञान-सम्वन्धी शिक्षामा समर्पित चित्रको निर्देशकारी हुन्छन्। यदि ती रेखाहरू वांगा र खण्डित छन् भने माथि कहिएका सबै गुणहरूको विपरीत छ.र अपयशसंग दरिद्रता पनि आउँछ।

- भोगरेखाबाट आरम्भ भएर केवल एक रेखा अनामिकाको सन्धितिर गएको छ भने ऐश्वर्य प्राप्ति गराउँछ। त्यो रेखा जुन औंलाको जुन सन्धिमा पुगेर समाप्त हुन्छ त्यहीं सन्धिको निर्दिष्ट महीनामा ऐश्वर्य प्राप्त हुन्छ। यसको प्रथम सन्धि कन्याराशिको स्थान हो। अतः आश्विन महीनामा दोस्रो सन्धिमा समाप्त भए पछि सिंहराशिमा अर्थात् भाद्र महीनामा र तेस्रो सन्धिमा समाप्त भएपछि कर्कराशि अर्थात् श्रावण महीनामा सम्पत्ति प्राप्त हुनेछ।

- यदि कुनै व्यक्तिको अनामिका (साहिली औंला) को प्रथम र द्वितीय सन्धिको माझमा अनेक सरल र समानतामा रेखाहरू छन् भने त्यो व्यापार, परिश्रम र गाई-भैंसी आदि पशुपालन र सम्बर्धन द्वारा आफ्नू धनको वृद्धि गराउने होला।

५- बुध-पर्वत– चौथो औंला अर्थात् कनिष्ठको मूलमा जो सुनिए जस्तो उक्सेको स्थान हुन्छ, त्यो बुधपर्वत कहिन्छ। यसले परिवर्तन हुनु, यात्राको विचा आउनु, कुनै पनि कार्यमा शीघ्रता देखाउनु इत्यादिको प्रकटन हुन्छ। यदि यो पर्व अन्य पर्वतहरू भन्दा बर्ता उक्सेको र हातको अन्य दशाहरू पनि ठीक र राम्रा छ भने, यदि उच्च पनि छ, तर अन्य विचारले हत्केला नराम्रो छ भने अभाग्यको प्राप्ति हुनेछ।

१- बुधको पर्वत उच्च छ भने व्यक्ति प्रतिभावान् ऐन-कानून जान्ने, तीक्ष्ण-बुद्धि अदृष्टवादी, वैज्ञानिक, ज्योतिर्विद, वाग्मी, मानव-चरित्रको ज्ञाता, अर्काव चरित्रको ठीक अनुमान गर्नमा पंडित, धी-शक्ति सम्पन्न र शिल्पी होला।

२- बुधको स्थान बर्ता उच्च हुने व्यक्ति निर्बोध विश्वासघातक, अभिमानी, हताश प्रेमी र विद्या-लाभमा व्याघात प्राप्त गर्ने होला।

३- बुधको स्थान समानांश, उच्चतायुक्त र उत्तम वर्णविशिष्ट छ भने मानिस स्थि प्रज्ञ, मन-वचन-कर्मले चरित्रताको रक्षक, विज्ञानमा रुचि राख्ने र महत्ता प्रा गर्ने हुनेछ।

४- बुधको उच्च स्थानको अर्द्धांश अवांछित, असम र रेखा समूहले पूर्ण छ भ व्यक्ति दृढचित्त, विद्वान, विश्वासी, सत्यपरायण र सौभाग्यशाली होला।

५- बुधस्थान नीचो छ भने बुद्धिहीन, आफ्ना प्रिय-परिजनसँग मनोमालिन्य रा र प्रवंचक होला।

६- बुध स्थान शुक्रको समान छ भने मानिस विलक्षण ज्ञान हुने, जन-प्रिय आत्मविश्वासी, प्रखर मानसिक शक्ति सम्पन्न र सन्तान-सुख प्राप्त गर्ने होल

६- मंगल पर्वत– बुधभन्दा तल र अंगुष्ठको विपरीत दिशामा हत्केलामा हुन्छ यसले साहस र आत्मरक्षामा पटुता तथा नैतिकता आदि गुण मानिसमा आउँछ। य यो स्थान दोषी छ भने व्यक्तिमा अत्याचार र दुर्गुण उत्पन्न गर्दछ।

१- मंगल क्षेत्र समभाव र उच्च छ भने मानिस साहसी, प्रभुत्वाकांक्षी, युद्ध-कुश र नैतिक बलशाली होला।

२- मंगल क्षेत्र नीचो छ भने मानिस अत्याचारी, घातक, हत्यारा, विल्पवी राजद्रोही होला।

३ यदि कसैको भाग्य-रेखा मंगल-क्षेत्रमा पुगेको छ भने त्यसलाई कारावास दासत्वको कष्ट आइपर्ला।

४- यदि कसैको मंगल-क्षेत्रभित्र पितृ-रेखालाई भग्न पार्ने स्पष्ट र छोटो रेखा भने त्यो युद्ध कार्यमा सोभाग्यशाली र सम्मानित पद प्राप्त गर्ला। यो चि वीरत्वको निर्देशक मानिन्छ।

५- यदि मंगल-क्षेत्रको मध्यस्थित त्रिकोणको माझमा अनेक ससाना त्रिकोण रे छन् भने र ती नारीतर्फ अग्रसर छन् भने द्वन्द्व-युद्धमा पराजित भएर लजि

तथा अपहत्या गर्ने मानिस होला। ती ससाना त्रिकोण मातृ-रेखा र यकृत-रेखातर्क अग्रसर छन् भने युद्धमा विजय र गौरवको ज्ञापक हुन्छन्।

६- कुनै मानिसको मंगल क्षेत्रको माझमा पितृ रेखालाई भग्न पार्ने रेखा क्षुद्र छ भने युद्धको लागि दुर्भाग्यसूचक हुनेछ। त्यस मानिसको आत्मश्लाघा, आलस्य, कपटता, लज्जाहीनता, सन्दिग्ध चित्तता, दाम्भिकता, धैर्यहीनता तथा बर्ता धनलोलुपता आदि दोष पाइन्छन्।

७- यदि कुनै व्यक्तिको मंगल-क्षेत्र अवनत र त्यसका माझको रेखाहरू असमान व्यवधान भएका एवं बांगा भए युद्धमा मृत्यु अथवा मस्तकमा डरलाग्दो आघात र उच्चस्थानबाट लड्ने, हात-खुट्टा भाँचिने सम्भावना छ।

७- **चन्द्रपर्वत**– मंगल पर्वतको तल र शुक्र पर्वतको विपरीत दिशामा हत्केलामा हुन्छ। चन्द्रस्थान पुष्ट छ भने व्यक्तिमा भावुकता, कल्पना, प्रकृति, सौन्दर्य प्रेमी र चिन्ताशील व्यक्ति हुन्छ। हातको दशा ठीक छ भने व्यक्तिमा कवित्व शक्ति पनि हुन्छ।

१- चन्द्र क्षेत्र उच्च भए स्मृति-शक्ति सम्पन्न, कल्पना गर्ने, प्रेमी, संगीतज्ञ, लेखक, उत्साही, सौन्दर्य-प्रेमी र भ्रमण गर्ने होला।

२- अत्यन्त उच्च चन्द्रक्षेत्र छ भने व्यक्ति कल्पना गर्नमा प्रवीण, आविष्कारक र चिन्तनशील होला।

३- चन्द्र क्षेत्र साह्रै नीचो छ भने व्यक्ति अस्थिर चित्त, अल्छी, एकान्त-प्रिय र शुष्क स्वभावको होला।

४- मंगल क्षेत्र झैं चन्द्र क्षेत्र उच्च भए व्यक्ति अत्यन्त धैर्यपूर्वक आफ्नू सबै काम पूरा गर्ने खालको होला।

५- जुन व्यक्तिका हातको पहेंला रेखाहरू चन्द्रस्थानको माझमा नत भएर श्याम-वर्ण भएको छ, त्यो जल-स्थल दुवै बाटोवाट भ्रमण गर्ने र आलोचना एवं राजनीतिक कार्यसमूहमा अभागी होला भन्ने देखिन्छ।

६- चन्द्रक्षेत्र माथि बाटुलो रेखा हुने व्यक्ति कानो वा पक्षाघात एवं मूर्च्छाको रोगी होला।

८- **राहुपर्वत**– राहुक्षेत्रलाई कतिपय विद्वानहरू दोस्रो मंगलपर्वत मान्दछन्। यो पर्वत बृहस्पति रेखाभन्दा तल र शुक्र पर्वतभन्दा माथि हुन्छ तर सदैव जीवन-रेखाको भित्र नै रहन्छ।

१- यदि यो उक्सेको छ भने मानिस साहसी, बाठो, दैहिक भन्दा नैतिक बलशाली, म्लेच्छ एवं नीच संसर्गी, उत्तराधिकार सूत्रबाट पैतृक धनको अधिकारी, आश्रित-प्रतिपालक, दृढचेता र तार्किक होला।

२. राहुक्षेत्र समभाव उच्च छ भने विवाददेखि पर रहने र स्वाधीनचेता होला। राहुपर्वत धेरै ठूलो छ भने मानिस झगड़ा गर्ने र पैतृक सम्पत्ति नाश गर्ने होला।

ग्रहहरूको स्थान परिवर्तन

यदि कुनै पर्वत अर्को पर्वततिर ढल्केको छ र दुवैको गुण परस्पर मिसिएको छ भने ती दुवै मिले र आफाफ्नू दशा अनुसार वढ्दछन्। जस्तै-यदि शनि बृहस्पतितिर झुक्दछ भने शनि आफ्नू गम्भीरता बृहस्पतिलाई दिन्छ। त्यसै गरी आफ्नू बुद्धिमानी, शोक र धार्मिक विचार पनि वृहस्पतिमा उत्पन्न गर्दछ। यसै गरी शनि सूर्यतिर ढल्केको छ भने व्यक्तिमा गम्भीर विचारधारा र खिन्न चित्त देखिन्छ। यदि सूर्य, बुधतिर ढल्केको छ भने मानिस व्यापार वा विज्ञानमा कलाको मिश्रण भएको हुनेछ।

१०.

ग्रहचिन्हहरू आफाफ्ना स्थानमा स्थित छन् भने आफाफ्ना गुणको अनुसार फल-वृद्धि गर्दछन्। ग्रहचिन्ह आफाफ्ना स्थानको अतिरिक्त अन्य ग्रहको स्थानमा पनि सर्दछन्; जस्तै— बुधको चिन्ह बृहस्पति वा रविको स्थानमा अथवा चन्द्रमाको चिह्न बृहस्पतिको स्थानमा छ भने मानिसको आध्यात्मिक शक्ति विशेष रूपले बढ्दछ। बुधको बृहस्पतिको स्थानमा छ भने मानिस वाक्य चातुर्यले प्रशंसनीय हुन्छ र निर्विघ्न आफ्ना सबै काम पूरा गर्ने क्षमताले पूर्ण रहन्छ। बुधको चिन्ह रविको स्थानमा छ भने मानिस विज्ञान शास्त्रको आलोचनामा ख्याति प्राप्त गर्दछ।

ग्रह प्रभाव— १. शुक्र र चन्द्रमा शरीरको तल्लो भागका स्वामी हुन्।

२. बृहस्पति फोक्सो र मस्तिष्कका स्वामी हुन्।

३. मंगल शिर र घाँटीका स्वामी हुन्।

४. सूर्य हृदय, आँखा र पाखुरामा शासन गर्दछन्।

५. बुध कलेजा र शरीरको तल्लो भागका स्वामी हुन्।

यसरी जुन ग्रह जुन अंगको स्वामी हुन्छ, मानिसको रोग पनि त्यही ग्रहसँग सम्बन्धित हुन्छ।

हत्केलामा त्रिभुजक्षेत्र– मातृ पितृ र स्वास्थ्य यी तीन थरि रेखाहरूले बनेको यौटा विशेष त्रिकोण बनेको कसै-कसैका हातमा स्पष्ट देखिन्छ।

१- मातृ रेखा र स्वास्थ्य रेखाको संयोग स्थानलाई मध्यकोण भन्दछन्। यो कोण स्पष्ट छ भने मानिस कोमल हृदय, उदार, तीखो, बुद्धि र दीर्घजीवी होला। यदि त्यही कोण अस्पष्ट छ भने दुर्वल चित्त र भग्न स्वास्थ्यको परिचायक हुन्छ।



११.

२- पितृ रेखा र स्वास्थ्य रेखाको कोणलाई निम्नकोण भन्दछन्। यो कोण स्पष्ट र अलि फैलिएको व्यक्ति दीर्घायु, बुद्धिमान, उदार, दानशील र स्वस्थ होला तर यही त्रिकोण अस्पष्ट छ भने स्नायविक दुर्वलताले गर्दा मृतप्राय देखिने होला।

३- पितृरेखा र मातृरेखाको संयोग स्थानलाई उच्चकोण भन्दछन्। यो कोण स्पष्ट छ भने मानिस विद्वान, बुद्धिमान, उत्तम वक्ता, जनप्रिय र अटूट स्वास्थ्यवान होला।

४- यदि त्रिकोणको तीनै दिशा अभग्न र सुस्पष्ट भए व्यक्ति दीर्घजीवी, निर्भय र भाग्यशाली होला।

५- त्रिभुजको माझमा अर्धचन्द्र-चिन्ह भए व्यक्ति अव्यवस्थित-चित्त, निष्ठुर र कलह-प्रिय होला। अर्द्धचन्द्र चिन्ह मातृरेखाको मास्तिर भए आत्महत्या गर्ने खालको मानिस होला। अर्धचन्द्र चिन्ह स्वास्थ्य रेखाको मास्तिर भए मानिस क्षमाशील र निरोग होला।

चतुर्भुज-क्षेत्र– करतलमा, भोग र मातृरेखाको माझमा स्थित ठउँलाई हत्केलाको चतुष्कोण भन्दछन्। यस चतुष्कोणले नै व्यक्तिको सुरक्षा गर्दछ।

जुन सबै क्षेत्र, चिन्ह वा रेखाहरूद्वारा मानिसलाई कुनै कारणले अशुभ-सूचना दिन्छ, त्यही सबै स्थानमा यदि चतुष्कोण छ भने ती अशुभ सूचनाबाट मानिसले मुक्ति पाउँछ।

१२.

हत्केलाको माझको यो चतुष्कोण चिन्ह व्यक्तिको रथ हात्ती, घोड़ा, यान वाहनादिको उपयोग वा जलाशय आदि खनाउने जस्तो लोकहितको काममा रत रहने एक किसिमको विज्ञापन गर्दछ। यो स्पष्ट सुगठित र भग्न छैन भने मानिस धीरमति, आत्मविश्वासी, उदार, साहसी र कर्तव्यपरायण हुन्छ। त्यो अस्पष्ट तथा छिन्न-भिन्न छ भने मानिस आडम्बरी, अस्थिरचित्त र भीरू स्वभावको हुन्छ। यो चतुष्कोण यदि समभावमा अलिकति चतुष्कोणको कुनै भुजा एकातिर ढल्केको वा कुनैतिर अवनत, दीर्घ छैन भने मानिसलाई शुभ फल मिल्दछ।

यदि यो चतुष्कोण शनि क्षेत्रको तलतिर बर्ता चाक्लो छ भने मानिस आफ्नू

१३.



१४.

ख्याति, प्रतिपत्तिको निम्ति दृष्टि राख्दैन र त्यो रविक्षेत्रभन्दा तल निकै चाक्लो छ भने व्यक्ति लोक-निन्दादेखि बढी डराउने खालको होला।

१५.

यदि भोगरेखा मातृरेखातिर वा मातृरेखा भोगरेखातिर धनुषाकार भएर ढल्केको र चतुर्भुज क्षेत्रलाई संकीर्ण पारेको छ भने मानिस अविवेकी, निष्ठुर र नीच अन्तःकरण भएको होला।

प्रधान रेखाहरू सात किसिमका हुन्छन्

१- **पितृरेखा-** जीवन रेखा Line of life.

२- **मातृरेखा-** मस्तक रेखा Line of Head.

३- **भोगरेखा-** (हृदय वा अन्तःकरण) Line of Heard.

४- **शुक्रमुद्रिका-** Girdle of Venus.

५- **बुध रेखा-** Line of Mercury

६- **रवि रेखा वा सफलताको रेखा** Sunline

७- **ऊर्ध्वरेखा वा शनिरेखा** (भाग्यरेखा) Line of fate.

मातृ वा मस्तकरेखा सम्पूर्ण हातलाई दुइ भागमा विभाजित गर्दछ। औंलाहरू बृहस्पति, शनि, सूर्य र बुध एवं मङ्गल पर्वत यस रेखाको माथिल्लो तहमा हुन्छन्। चन्द्र,शुक्र र राहुपर्वत उक्त रेखाको तल्लो भागमा हुन्छन्। हत्केलाको माथिल्लो भाग मस्तिष्क शक्तिको परिचायक हुन्छ र तल्लो भाग हातको आधार मानिन्छ; त्यो निम्न प्रकारका शक्तिहरूको बोध गराउँछ।

यस प्रकार हातको विभाजन बुझिसकेपछि कुनै पनि व्यक्तिको आचरण बुझ्न सजिलो पर्दछ। जस्तै– यदि मस्तकरेखा विशेषरूपले मास्तिर वा तलतिर न्यूरिएको भए त्यो व्यक्तिलाई कुनै दोष-विशेषको सूचना दिन्छ। रेखाहरू सफा र स्पष्ट हुनु

पर्दछ; न बर्ता चाक्लो होस् न पहेंलिएको होस् साथै त्यसमा अर्को कुनै द्वीप मिसिएको नहोस् र अरू पनि कुनै विघ्न परेको नहोस्।

रेखाहरू यदि पहेंलिएका छन् भनं त्यो असल स्वास्थ्यका द्योतक मानिदैनन्, शक्तिको क्षीणता र कुनै पनि काम गर्न असमर्थ छ भन्ने जनाउँछ। राता रेखाहरूले आशापूर्ण स्थिति र वाठो एवं बौद्धिक-शक्तिको ज्ञान गराउँछन्। प्रहेंला रेखाले व्यक्तिको फीयो सम्वन्धी दोष, अभिमान र सीमित एवं संकुचित रहने वानीको वोध गराउँछन्।



१६.

काला रेखाहरूले दुःख, चिन्ता र साटो फेर्ने प्रवृत्ति उत्पन्न गराउँछ र त्यस व्यक्तिले क्षमा गर्न जान्दैन। रेखाहरू सुखेजस्ता र कुनै किसिमको कमी भएका देखिन्छन् भने, त्यसले भविष्यमा आउने विपत्तिको बोध हुन्छ। कुनै पनि एक्लो चिन्हले कुनै पनि निष्कर्ष निस्कन सक्तैन, बरू दुवै हात हेरेर निष्कर्ष निकाल्नुपर्दछ। यदि दुवै हातका लक्षण एकै किसिमका छन् भने निश्चय नै देखिएका लक्षणहरूमा फरक पर्न आउने छ। यदि कुनै विपत्ति आउन आँटेको थाहा हुन्छ भने त्यसलाई निवारण गर्न वा टार्न सकिन्छ कि सकिन्न त्यो पनि हातमै खोज्न सक्नुपर्दछ। कुनै रेखासँग यदि भगिनी रेखा (Sister line) छ भने त्यसले त्यस रेखाको शक्ति बढ्दछ। यदि कुनै भाँचिएको रेखासँग यस्ता सहायक रेखा छ भने त्यस भाँचिएको रेखाद्वारा आउने विपत्तिबाट व्यक्तिको रक्षा हुन सक्तछ अथवा त्यस्ता विपत्तिमा कमी हुन सक्तछ। जीवन रेखाबाहेक यदि कुनै पनि रेखाको अन्त्यमा कुनै पनि रेखा दुई फ्याँक परे जस्तो भएर छुट्टिएको छ भने त्यसले पनि रेखाको शक्ति बढ्दछ। यदि रेखाको अन्त्यमा दुई फ्याँकको साटो अनेक फ्याँक भएको र एकै ठाउँमा झुप्पा परें झै भएको छ भने यसले रेखाको शक्तिमा कमी ल्याउँछ। कुनै रेखाबाट यदि कुनै हाँगा जस्तो निस्केर मास्तिर गएको छ भने त्यस रेखाको शक्ति बढ्दछ र यदि हाँगा तलतिर गएको छ भने शक्ति घट्न लागेको बोध हुन्छ र व्यक्तिको अवनति गराउँछ। यसै प्रकार भोगरेखाको आरम्भमा मास्तिर जाने रेखाले व्यक्तिको राम्रो प्रेमको ज्ञान गराउँछ र तल जाने रेखाले त्यसको विपरीत फल दिन्छ। यसै गरी मस्तिष्क

रेखावाट पनि मास्तिर जाने हाँगाले व्यक्तिमा वठ्याई, उत्साह, बुद्धिमत्ता वढ्दछ र भाग्य रेखावाट मास्तिर जाने हाँगाले त्यही उमेरमा व्यक्तिलाई आर्थिक सफलतामा ल्याउँछ।

कुनै पनि रेखा सिक्री जस्तो हुनु असल होइन। भोगरेखा यस्तो देखियो भने प्रेममा परिवर्तन, दुर्वलता आदिको बोध गराउँछ। मस्तकरेखामा सिक्री झैं हुनु व्यक्तिमा अस्थिरता र बुद्धिमा कमी दर्शाउँछ। कुनै पनि रेखाको काट-मेट र भाँचिनु असफलताका द्योतक हुन्। रेखा लहरे र बांगो-टिंगो हुनु पनि शक्तिहीन हुने लक्षण मानिन्छ। रौं जस्ता पातला रेखा पनि यदि मुख्य रेखामाथि पर्दछन् भने स्वतः सिक्रीको रूप वन्न जान्छ, यसले पनि रेखाको शक्ति घटाउँछ। यदि हातभरिका सवै रेखा चारैतिर किरमिर भएर घुमेको छ भने त्यसले बौद्धिक शक्तिलाई दुर्बल तुल्याउँछ। पर्वतहरूमा त्रिशूल, ठाडा रेखाहरू र वृत्त छन् भने त्यसले व्यक्तिको शक्ति बढ़ाउँछ। तर त्यहाँ क्रास एवं जाली जस्तो चिन्ह छ भने शक्ति घट्तछ। यसरी जुन पर्वतमा जाल जस्तो धेरै रेखाहरू हुन्छन्, त्यस पर्वतको गुणमा उल्टो प्रभाव पर्दछ। जस्तै शुक्रपर्वत उच्च छ र त्यसमा स्वच्छ राम्रा ठाडा रेखाहरू छन् भने त्यो मानिस विद्वान, उच्चाकांक्षी र कलाकार हुन्छ। तर त्यसैमाथि माछा मार्ने जाल जस्तो चिन्ह बनेको छ भने व्यक्ति निर्लज्ज तथा व्याभिचारी होला।

पितृरेखा (Line of Life)

बृहस्पति पर्वतभन्दा तल हत्केलाको छेउबाट उठेर तर्जनी र अंगुष्ठ अर्थात् बृहस्पति र राहु पर्वतको माझमा हुँदै शुक्रपर्वतलाई ढाक्ने रेखालाई पितृरेखा वा जीवन रेखा भन्दछन्। यसै रेखाद्वारा समय निर्धारण गरिन्छ। यसैबाट विभिन्न रोग र मृत्यु आदिको पनि अनुभव गरिन्छ। फेरि अन्य रेखाहरू द्वारा प्रकट हुने कुनै खास घटनाहरूको पुष्टि यही रेखाद्वारा गरिन्छ। पितृरेखा लामो र गहीरो हुनुपर्दछ, त्यसमा माझमा टुक्रिएको र क्रासचिन्ह आदि देखिनु हुँदैन। यस किसिमको मानिस राम्रो स्वास्थ्य र शक्तिसम्पन्न होला।

१७.

यदि पितृ रेखा सिक्रीजस्तो ससाना टुक्राहरूले बनेको छ र हत्केला नरम छ भने त्यसले अवश्य नै स्वास्थ्यमा नराम्रो प्रभाव पर्दछ। यदि त्यही पितृरेखा अलि परसम्म गएर लगातार यौटैमा मिसिन्छ भने पुनः स्वास्थ्यको प्राप्ति हुन सक्तछ।

१८.

यदि देब्रे हातमा पितृरेखा बांगिएको र भाँचिएको छ तथा दाहिने हातमा ठीक छ भने यसले डरलाग्दो रोगको बोध गराउँछ। तर यदि दुवैमा भाँचिएको छ भने अवश्यमेव मृत्युको सूचना हो भन्ने जान्नू। यदि पितृरेखाको कुनै हाँगा शुक्र पर्वततर्फ गइरहेको छ भने झन् मृत्युको सूचना जान्नू।



१९.

यदि पितृरेखा हातको छेउबाट निस्कनको साटो बृहस्पति पर्वतको आधारैबाट निस्केको छ भने त्यस मानिसको जीवन प्रारम्भदेखि नै उच्चाकांक्षा लिएको हुन्छ।

जुन व्यक्तिको पितृरेखाको समानान्तर यौटा अर्को रेखा नजीकैबाट गएको छ भने त्यो पितृरेखाको भगिनी रेखा (Sister line) हुन्छ र त्यसले पितृरेखालाई पूरा मद्दत गर्दछ। यस्ता मानिस दीर्घायु र बलशाली एवं सौभाग्यशाली हुन्छन्। राजपुरुष वा उच्चपदासीन हुन्छन्। नारीका हातमा यस्तो छ भने त्यो सौभाग्यशालिनी सुखीं र पतिप्रिया होली।

२०.

पितृरेखाबाट निस्केर शाखाहरू कहिले काहीं तल र माथि दुवैतिर गएको हुन्छ। माथिका शाखाहरू सधैं उन्नतितिर लैजान्छन् तथा तल जाने रेखाहरू अवनतितर्फ लैजाने हुन्छन्। यही रेखाबाट कुनै शाखा निस्केर तलतिर शुक्रपर्वतमा गइरहेको छ भने जुन स्थानबाट शाखा निस्केको छ त्यही उमेरमा व्यक्तिको मृत्यु हुन्छ। मास्तिर जाने शाखाहरूको न्यूराई भिन्न-भिन्न हुन्छ, जस्तै- जीवन रेखाको कुनै हाँगा निस्केर यदि बृहस्पति पर्वततर्फ गएको छ भने व्यक्तिको पदोन्नति अथवा व्यापारी भए त्यसको व्यापारको सीमा अबाध गतिले बढेर जानेछ। त्यो उही उमेरमा हुनेछ, जुन वयमानमा पितृरेखा रेखा छाडिरहेको हुनेछ। यस शाखाको मुख्य गुण Successful ambition हुन्छ अथवा आकांक्षाहरूको पूर्ति। यदि त्यो शाखा सूर्य पर्वततर्फ गइरहेको छ भने व्यक्तिको हातको आधारमा त्यसलाई (Pistruction) विशेषताको प्राप्ति हुन्छ। यदि त्यो हाँगा बुधतर्फ गइरहेको छ भने व्यक्तिको व्यापार वा विज्ञानमा असाधारण उन्नति गर्नेछ। यी सबै गुणहरू हातमा नै निर्भर हुन्छन्। यसको निम्ति वर्गाकार, चमसाकार वा कलाकार हातको निरूपण पहिले गरेर अनि मात्र फल भन्नुपर्दछ। जस्तै- यदि पितृरेखाको कुनै हाँगा बुधतर्फ गइरहेको छ र हात वर्गाकार छ भने व्यापार वा विज्ञानमा उन्नति गर्ने हुनेछ। यदि चमसाकार (Spatulate) हात छ भने Invention या Fiseover अर्थात् नवीन वस्तुको खोज वा आविष्कारमा व्यक्ति सफल होला। कलाकार हात छ भने व्यक्ति पर्याप्त धन कमाउन सफल होला।

२१.

पितृ वा जीवन रेखामा नक्षत्र या क्रासको चिन्ह भए जुन स्थानमा त्यस्तो चिन्ह छ त्यही उमेरमा डरलाग्दो दुर्घटना या कुनै बीमारीको संकेत पाइन्छ। कस्तो किसिमको बीमारी र दुर्घटना हुनेछ, त्यो जान्नको निम्ति हातमा

२२.

रेखाहरू र स्थानहरूमा दृष्टि पुऱ्याउनु पर्दछ। यदि जीवनरेखाको आरम्भमा नै यस्ता चिन्ह देखापरे त्यो व्यक्ति माता-पिताको सुखबाट वञ्चित रहने छ।

२३.

पितृरेखा मणिबन्धको नगीचै माछा मार्ने काँड़ा झैं चिन्ह छ भने त्यो मानिस मूर्ख होला। त्यसका माथि कुनै पनि जिम्मावारीको काम छाडिने छैन। त्यो स्वार्थी तथा बिना प्रयोजन यता-उता डुल्ने र स्मरण-शक्ति दुर्वल वा अस्थिर-चित्त भएको हुनेछ।

पितृरेखाको आधारबाट शुक्रपर्वतमा यदि कुनै त्रिकोण चिन्ह बनेको छ भने त्यस व्यक्तिको बानी मिथ्या बोल्ने होला। त्यो आडम्बरी तथा बर्ता बोल्नु पर्ने खालको होला।

२४.

२५.

शुक्रस्थानबाट आरम्भ भएर यदि कुनै रेखा पितृरेखालाई छुन्छ भने त्यो कष्टदायक हुन्छ। यदि त्यसलाई काट्दछ भने झन् डरलाग्दो कष्ट दिने हुन्छ। यसै गरी यदि अनेक रेखाले पितृरेखालाई काट्दछन् भने त्यही उमेरमा व्यक्तिले अनेक प्रकारका कष्टहरू भोग्नु पर्नेछ।

२६.

यदि पितृरेखामा तारा (Star) को चिन्ह छ र त्यसका शाखा वा किरण बृहस्पति, शुक्र वा मंगलसम्म गइरहेका छन् भने यो नक्षत्र यश, प्रेम वा लड़ाई-झगड़ा सम्बन्धी दुर्भाग्यको सूचना दिइरहेको छ भन्ने जान्नू। यदि जीवनरेखा पाण्डुवर्णको छ भने त जीवनलाई नै खतरा छ भन्ने वुझ्नुपर्दछ।

यदि जीवन रेखाबाट कुनै शाखा (हाँगा) निस्केर तलतिर शुक्रस्थानमा गाइरहेको छ तथा जीवनरेखाको समानान्तर त्यसको सिस्टर (भगिनी) रेखा अवरोधक गर्त (खाल्डो) बाट गइरहेको छ भने कुनै डरलाग्दो रोग वा भयानक दुर्घटनाद्वारा व्यक्तिको जीवन रक्षा ठूलो परिश्रमपछि नै हुन सक्ला भन्ने जान्नू।

२७.

२८.

मणिबन्ध भन्दा माथि पितृरेखामा यदि क्रास वां गुणाको दुइ चिन्ह छन् भने त्यो व्यक्ति अत्यन्त कामुक होला र असम्भव कुराको चिन्तन गरिरहने तथा बर्ता बोलिरहने किसिमको होला।

यदि पितृरेखा र मातृरेखा परस्पर मिलेर हिंडेका छन् भने त्यस व्यक्तिमा बुद्धिमत्ता प्रसस्त रहन्छ र भावुक पनि हुनका साथै असाध्य बाठो हुन्छ। त्यसलाई यश र सम्मान प्राप्त हुनेछ। यदि पितृ र मातृरेखामा अलिकति फरक छ भने आफ्नू विचारहरूलाई कार्यरूपमा परिणत गर्न बढी सफल हुनेछ। त्यो Go neaded spirit वाला होला। यदि दुवैमा फरक बर्ता भए पनि व्यक्तिलाई आफू प्रति बढी विश्वास हुनाले गर्दा त्यो जुनसुकै काम पनि छिटै 'चितायो कि बितायो' भने झैं गर्न तत्पर हुनेछ। कुनै पनि कामको लागि तर्कको उपयोग गर्न त्यसले मनपराउँदैन। यसै कारण त्यसमा केही मात्रामा मूर्खता पनि भरिएको हुन्छ। यदि पितृ र मातृरेखाहरू आपसमा जोरिई निकै परसम्म हत्केलामा गएर फेरि छुट्टिएको छ भने त्यस व्यक्तिको अत्यन्त सुकोमलता र डराउने कुराको ज्ञापक मानिन्छन्। यदि रेखाहरू दुर्बल वा पातला छन् भने त्यो व्यक्ति सधैं अस्वस्थताले गर्दा व्यथित र चिन्तित रहनेछ। त्यो चाहिंदो भन्दा बर्ता डराउने र बाठो पनि होला।

२९.

यदि पितृ-मातृ र योग रेखाहरू आपुसमा उद्‌गम स्थानमै जोरिएका छन् भने त्यो अत्यन्त दुर्भाग्यको चिन्ह मानिन्छ। यस्ता व्यक्तिहरू स्वयं खतरातिर दगुर्दछन्। यदि पितृरेखा हातको ठीक माझमा छ र त्यसको यौटा हाँगा चन्द्रपर्वततिर गइरहेको छ भने त्यो मानिस यात्राको तीव्र इच्छा राख्ने होला र इच्छित काममा सफलता पनि प्राप्त गर्नेछ। यदि पितृरेखासँग झुण्डिएका रौं झैं पातला धेरै नै रेखाहरू छन् भने त्यस व्यक्तिमा शक्तिक्षीण हुँदै गइरहेको छ भन्ने परिचय पाइन्छ।

३०.

यदि पितृरेखा अन्त्यमा विभक्त छ र सबै रेखाहरूमा पर्याप्त फरक छ भने त्यस व्यक्तिको आफ्नू जन्म-भूमिभन्दा धेरै पर बिरानो देशमा मृत्यु पाउला। यदि पितृरेखामा

द्वीपको चिन्ह छ भने जुन स्थानमा द्वीप छ त्यसै वयमानमा विरामी वा अस्वस्थताको सूचना प्राप्त हुनेछ। यदि त्यो द्वीप पितृरेखाको उद्‌गम स्थानमा छ भने त्यस व्यक्तिको जन्ममा पनि सन्देह मानिन्छ।

मंगल क्षेत्रबाट कुनै रेखा निस्केर पितृरेखालाई काटिरहेको छ र त्यसमाथि वर्ग पनि परेको भए कुनै ठूलो दुर्घटनाबाट त्यस व्यक्तिको रक्षा हुन्छ। यदि पितृरेखा कुनै वर्गको वारि-पारी गइरहेको छ भने त्यस व्यक्तिको बीमारीबाट रक्षा होला। यदि वर्गले काटिएको स्थानलाई छेक्दछ भने त्यस मानिसको मृत्यु-तुल्य संकटबाट रक्षा हुन्छ।

मातृ-रेखा

यसलाई Line of Head वा मस्तक रेखा पनि भन्दछन्। मातृरेखाको आरम्भ बृहस्पति पर्वतको नगीचैबाट या बृहस्पति पर्वत माथिबाट नै हुन्छ। कुनै पनि मानिसको भाग्य-निर्माण यही रेखाको दशा वा परिस्थितिमा आधारित रहन्छ। यदि मनुष्यमा बुद्धिरूपी बल छैन भने शारीरिक बल जतिसुकै भए पनि त्यो मृतक-तुल्य मानिन्छ र त्यसको जीवन नष्ट-प्राय हुन्छ। यस रेखाले बृहस्पति पर्वतबाट या उसैको वर-परबाट निस्केर हातको अर्कोतिर मंगलपर्वतको तल र चन्द्रपर्वतको माथिसम्म सोझो भएर जानु पर्दछ।

३१.

कुनै पनि रेखाको शक्तिमा विचार र्नुभन्दा पहिले व्यक्तिको हातमा राम्ररि ध्यान नुपर्दछ। किनकि यौटै किसिमको रेखा र्गाकार र विषम हातमा पऱ्यो भने दुवैको णमा पर्याप्त अन्तर हुन जान्छ।

अंगुष्ठ र तर्जनीको माझमा यदि मातृरेखा तृरेखाभन्दा पर-पर गएको छ भने व्यक्तिमा र्वता आउँछ। यस्ता मानिसलाई आमा-बूको सुख प्राप्त हुन सक्तैन र स्वयं उसले ने आमा-बाबूलाई कुनै किसिमको सुख-न्तोष दिन सक्ने छैन।



३२.

यदि मातृरेखा, पितृरेखाको साथमा निस्कने ठाउँमै जोरिएको जस्तो देखिन्छ भने मानिस बुद्धिमान हुन्छ। यदि त्यही स्थानमा मातृरेखाबाट अनेक शाखाजस्ता धर्काहरू देखा पर्दछन् भने मानिस प्रवल कल्पना-शक्ति भएको र ठूलो आकांक्षा राख्ने एवं अत्यन्त धैर्यशील तथा गुप्त-विद्यामा विशेष अनुराग राख्ने होला।

३३.



३४.

यदि मातृरेखाको अन्त्यमा यौटा वा अनेक शाखा (हाँगा) हरू निस्केर चन्द्रपर्वतमा गएका छन् भने मानिसको जीवनमा अनेक परिवर्तन हुने छन्। त्यो बखतमा निकै उदार र समयानुसार अत्यन्त कठोर पनि हुन सक्तछ। समाजमा सम्मानित हुने योग्यता यस्ता व्यक्तिमा पूर्ण मात्रामा विद्यमान हुन्छ।

यदि मातृरेखा दीर्घ (लामू) छ र त्यसमा कुनै टूट-फूट छैन तथा छेउमा हाँगा छैनन् भने त्यो व्यक्ति प्रखर बुद्धि भएको र उदार होला। जुन मानिसको हातमा मस्तक रेखा हुँदैन, त्यो पर पट-मूर्ख र शिरसम्बन्धी रोगले पीडित रहनेछ।

यदि मातृरेखा केही अंशका साथ पितृरेखासँग सम्मिलित छ र त्यो रेखा चन्द्रपर्वतसम्म फैलिएको छ भने व्यक्ति चंचल चित्तको, अल्छी कुरा-कानीमा मन्द हुन्छ तापनि गम्भीर चिन्तनशील, लेखन-पटु र आत्म-निर्भर हुन्छ।

३५.

३६.

दीर्घ मातृरेखा अभग्न (काट-मेट नपरेको) र छेउ-छेउमा शाखाहीन छ भने मानिस प्रखर मानसिक शक्ति भएको तीक्ष्ण-वुद्धि सम्पन्न, राम्रो विचारक र दयालु होला। क्षुद्र मातृरेखा वुद्धिहीनताको द्योतक र गम्भीर मातृरेखा पक्षाघात रोगको निर्देशक मानिन्छ।

यदि मातृरेखा गहीरो छ र त्यसमा काट-मेटको चिन्ह छ भने त्यो मानिस शिरपीडा (कपाल दुख्ने) आदि रोगले ग्रसित रहनेछ। यदि रेखा पातको र निर्धोजस्तो देखिन्छ र काट-मेट पनि गहीरो छ भने त्यस्ता व्यक्तिलाई पक्षाघात (लकवा) रोगको भय हुन्छ। यस्तालाई सानै उमेरदेखि मातृ-वियोगको दुःख आइपर्ने छ।



३७.

३८.

यदि मातृरेखा केही परसम्म सोझो गएर त्यसपछि चन्द्रस्थानमा फर्किएको छ भने व्यक्तिको वुद्धिमानी र त्यसको बुद्धिवृत्तिको विकास अवश्य हुन्छ। त्यो सदैव आफ्नू बुद्धि-बल (Commonsense) को नै प्रयोग गर्ने गर्दछ। यदि त्यही रेखा अलि बह्‌लो परेर आरम्भबाट नै चन्द्रस्थानसम्म गएको छ भने हातको अनुसार कुनै ठूलो गायक, रंगसाज (पेण्टर) वा लेखक होला। यदि त्यो रेखा चन्द्रस्थानमा दुइतिर हाँगा भएको छ भने त्यस व्यक्तिमा अद्‌भुत लेखन-शक्ति होला।

मातृरेखा र भोगरेखाको माझको स्थान प्रशस्त छ भने त्यो व्यक्ति आत्मनिर्भर उदार र दृढ-संकल्प भएको व्यक्ति होला। यसलाई हातको 'चारकुने' भन्दछन्। यदि चारकुने जति राम्रो बनेको हुन्छ, व्यक्तिको जीवनं पनि उति नै सप्रेको हुन्छ। यदि यो चारकुने संकीर्ण भएको छ भने मानिस संकीर्ण विचारको, दरिद्र, लोभी तथा मिथ्यावादी होला।

३९.

४०.

पितृ र मातृरेखाहरूको माझमा यदि कुनै तेर्सोरेखा शुक्रस्थानवाट निस्केर आएको छ भने व्यक्तिमा सौजन्यता र साहस विशेष प्रकारको देखा पर्नेछ। तर त्यो तेर्सो रेखा पनि यदि दोस्रो औंलोसम्म गएको छ भने व्यक्तिको कसैद्वारा हत्या हुन सक्तछ। स्त्रीको हातमा यस्तो रेखा भए पति-पत्नीमा मनोमालिन्य हुनेछ।

मातृरेखा दोहोरिएको हत्तपत्त देख्न पाइन्न तर कसैको हातमा त्यस्तो देखियो भने त्यस व्यक्तिमा मानसिक शक्ति धेरै बर्ता होला। यस्ता मानिस भावुक र कठोर दुवैथरि हुन्छन्। ती कुनै पनि कार्य गर्नको योग्य आफूलाई तुल्याउन समर्थ हुन्छन्। यस्ता मानिस अनेक भाषा Linguistic पनि जान्दछन्। फेरि इनलाई पैंतीसदेखि पचास वर्षको उमेरसम्म पैतृक सम्पत्तिको स्वामी हुने अवसर प्राप्त हुन्छ।

४१.

४२.

यदि कसैको मातृरेखा धनुपाकार भएर भोगरेखातिर ढल्के झैं देखिन्छ भने त्यस व्यक्तिलाई कुनै किसिमको शस्त्राघातको भय हुनेछ। साथै यदि त्यो रेखा पातलो र पहेंलो रंग जस्तो छ भने मानिसमा रगतको अभाव र रक्तसम्वन्धी रोग उत्पन्न हुने गर्दछ।

स्थूल र गम्भीर मातृरेखाको साना-साना मित्ररेखाहरू छन् भने यिनले मानिसलाई आमाको विरुद्ध मस्तिष्कलाई मोड़दछन् तथा आमाको विरुद्ध व्यक्तिमा रिस उत्पन्न गर्दछ मुख्य मातृघातक वनाउँछ।



४३.



४४.

यदि मातृरेखावाट कुनै हाँगा निस्केर वुध पर्वतसम्म गएको छ भने मानिस शान्त र धर्मपरायण हुन्छ र विज्ञानतिर त्यसको बढी अभिरुचि हुन्छ। यदि त्यसै गरी रेखा निस्केर चन्द्रपर्वततिर गएको छ भने मानिस गुप्त विद्या जान्नेतर्फ ढल्केको हुन्छ र सूर्य पर्वततिर गएको छ भने त्यस व्यक्तिको हातको लक्षण अनुसार त्यसको रुचि विशेषमा आधारित विषयमा त्यसको ख्याति बढ्दछ। यदि मातृ रेखाबाट निस्केको हाँगा शनितर्फ गएको छ ने संगत, धर्म र विचारहरूको तहसम्म पुग्न खोज्ने मानिस होला। यदि मातृरेखाको ंगा निस्केर केवल भोगरेखामा मिसिएको छ भने त्यो मानिस कुनै गहीरो प्रेममा ेर ठूलो हानि उठउने होला।

यदि दुवै हातका मातृरेखा टुटेका छन् भने त्यस व्यक्तिको शिरमा घातक चोट लागेर मृत्यु हुने सम्भावना देखिन्छ। यदि मातृरेखा दुवै हातका टूट-फूट छन् र प्रत्येक टुटेका स्थानभन्दा पहिले नै अर्को सहायक रेखाहरू त्यसैमा टाँसिएर हाँगा झैं निस्केका छन् भने मानिसको आकस्मिक मृत्युबाट रक्षा हुनेछ। मातृरेखामा द्वीप हुनु जाति होइन। त्यसले व्यक्तिमा उन्माद पागलपन ल्याउँछ र त्यो पागलपन द्वीपको लमाईको अनुसार धेरै वा थोरै उमेरसम्म रहने सम्भावना हुन्छ।

यदि वृहस्पति पर्वतमा तारा (Star) को चिन्ह छ र मातृरेखाबाट निस्केको कुनै शाखाले त्यसलाई शंकेत गरिरहेको छ भने मानिसको जीवनमा आश्चर्यजनक सफलता प्राप्त हुन्छ। यदि मानिसको मातृरेखा कुनै वर्गबाट जान्छ भने त्यस व्यक्तिको साहसी गर्दा ठूलो दुर्घटनावाट त्यसको रक्षा हुनेछ।

यदि भिरालो परेको मातृ र पितृरेखाको माझमा वर्ता फरक परेको छैन भने व्यक्तिलाई विशेष लाभ हुन सक्तछ। यस्ता मानिस एक्टर, बैरिस्टर अथवा भाषण दिनमा निपुण हुन्छन्। यदि फरक थोरै छ भने मानिस निकै भावुक र साधारण वस्तुको निम्ति पनि बर्ता दुःखी हुने स्वभावको होला।

कहिलेकाहीं मातृरेखा राहुपर्वतबाट निस्केको देखापर्दछ। यस्तो रेखा असल मानिंदैन। यसले गर्दा मानिस जोसँग पनि झगडा गर्ने र विचारहीन होला।

भोग-रेखा (Line of Heart)

भोगरेखा औंलाहरूको तल स्थिरपर्वतहरूको आधारमा हुन्छ। यसको छेउ मध्यमा औंलाबाट अथवा प्रथमा र मध्यमा औंलाको माझबाट वा बृहस्पति पर्वतबाट निस्केको हुन्छ। यस रेखाले प्रेम सम्बन्धी सबै कुरा यथार्थ दर्शाउँछ। यस रेखाको तुलना वा समानता मातृरेखासँग गर्नुपर्दछ। यदि भोगरेखा मातृरेखाभन्दा बर्ता भरिलो र पुष्ट देखिन्छ भने मानिस अन्य सबै इच्छालाई छाडेर केवल प्रेममात्र गर्ने खालको हुन्छ। यदि भोगरेखा र मातृरेखा दुवै पुष्ट र भरिएका छन् भने मानिस आफ्नू प्रेम-व्यवहार सदैव अर्काको हितका लागि नै गर्नेछ, आफ्नू लाभ-हानि हेर्ने छैन।

४५.

यदि भोगरेखा बृहस्पति पर्वतबाट आरम्भ भएको छ भने व्यक्ति विशुद्ध प्रेम गर्ने खालको होला। फेरि अरूले पनि मलाई यस्तै किसिमको प्रेम गरून् भन्ने विचार भएको हुन सक्दछ। पहिलो र दोस्रो औंलाको माझबाट निस्केको रेखा उत्तम र ठीक मानिन्छ। शनिस्थान वा दोस्रो औंलाको तलबाट रेखा निस्केको छ भने तथा त्यो फलामे सिक्री झैं देखिन्छ भने अथवा अलि चाक्लो र फैलिएको देखिन्छ भने यस्ता पुरुष स्त्रीसँग र स्त्री पुरुषसँग घृणा गर्ने खालका हुन्छन्।

४६.

यदि भोगरेखाको उद्गम स्थानमा दुइ फ्याँक भएको झैं देखिन्छ भने मानिस उदार र विशुद्ध प्रेमको भावना राख्ने किसिमको हुन्छ। यदि रेखा पूर्ण लमाइमा छ भने तथा पहिलो औंलासम्म यसको कुनै हाँगा छ भने त्यो मानिस आदर्श-प्रेमी होला।

४७.

शनिपर्वतबाट हिंड़ेको भोगरेखा जुन व्यक्तिको अत्यन्त निम्नकोटिको हुन्छ, त्यो मानिस स्वार्थी, ईर्ष्यालु कामुक, स्नेह र प्रेमले हीन हुन्छ। त्यसको प्रेम र माया पनि आफ्नू स्वार्थकै लागि हुन्छ। आफ्नू स्वार्थ सिद्ध भए-पछि कुनै किसिमको परिचय वा सम्बन्ध राख्दैन।

४८.

भोगरेखा यदि बृहस्पति पर्वतबाट निस्केर शनिस्थानको तल टुक्रिएको र त्यसभन्दा अगाडि त्यो रेखा ठीक दिशामा बुध तथा चन्द्र पर्वततिर गएको छ वा त्यसका धेरै शाखाहरू निस्केका छन् भने व्यक्तिको उत्तम मनोभाव हुँदाहुँदै पनि व्यक्तिले अनेक कष्टहरू सँग जुझ्दै सम्पत्ति कमाउला। जसको हातमा भोगरेखा छैन त्यो मानिस कठोर हृदय भएको र माया-मोह, प्रेम-शून्य हुन्छ। यस्ता मानिसका

इच्छाहरू फलाम जस्ता कड़ा र नबांगिने हुन्छन् । फेरि हृदयरेखामा टूट छ भने निराशा एवं दुःख प्राप्त हुन्छ । जस्तै– दोस्रो औंलानेर टुक्रिएको छ भने भाग्यद्वारा त्यो निराश होला, तृतीय औंलाको जरैनेर टुक्रिएको छ भने अभिमान र निराशा, दुःख, अनि चौथो औंलाको जरामा टुक्रिएको छ भने मूर्खता र लोभले गर्दा अनेक थरिका कष्ट प्राप्त गर्ला ।

पहिलो र द्रोस्रो औंलाको माझबाट हिंडेको भोगरेखा सबैभन्दा उत्तम मानिन्छ। यस्तो व्यक्ति शान्ति-प्रिय, उदार र सफल प्रेमी हुन्छ । त्यस मानिसमा सन्तोषको मात्रा बढी हुन्छ। त्यो नत प्रेमको पछि लागेर आफ्नू सर्वस्व गुमाउँछ, न केवल आफ्नू स्वार्थसिद्धिका लागि नकली प्रेम दर्शाउँछ । मानिसको भाग्यका लागि पनि यो रेखा उत्तम मानिएको छ।

४९.

यदि भोगरेखा दोहरो परेको छ भने व्यक्तिमा प्रेमको मात्रा वर्ता देखिन्छ। त्यो सौन्द्रर्य-प्रिय, गुणवान, करुण हृदय भएको तथा मिलनसार प्रेमी स्वभावको हुन्छ। यदि साथ-साथै मातृरेखा भिरालो परेजस्तो र लामो छ भने त्यस व्यक्तिको प्रेमी-प्रकृति आर्काको भलो गर्नमा लाग्दछ। यस्ता मानिस मौका परेका घरी अर्काको निम्ति आफूलाई समर्पण गरिदि्ने खालका हुन्छन्।

५०.

बुध स्थानको तल भोगरेखामा हाँगा-बिंगा हुनु छोरा-छोरीका प्रति स्नेह र प्रेमको द्योतक मान्दछन् । जुन मानिस आफ्ना सन्तान प्रति स्नेह–हीन हुन्छन् तिनका हातमा यस्ता शाखाहरू देख्न पाइन्न । जुन व्यक्तिका हातमा यस्ता किसिमको रेखा हुँदैनन् ती प्रायः सन्तानहीन हुन्छन् तथा अर्काका सन्तानप्रति पनि इनको हृदयमा ममत्व हुँदैन।

५१.

५२.

यदि हृदयरेखा हत्केलामा यस पारदेखि उसपारसम्म फैलिएको छ भने प्रेमको बाहुल्य हुन्छ। तर त्यो डाह ईर्ष्यातिर ढल्किएको हुन्छ अर्थात् त्यो व्यक्ति ईर्ष्यालु हुन्छ। स्त्रीहरूका हातमा यस्तो किसिमको भोगरेखा परेको छ भने त्यो चरित्रहीन हुन्छे, यसमा शंका छैन।

यदि भोगरेखा मातृ तथा पितृरेखासँग मिलेर हिडेका छन् भने मानिस सहसा जुनसुकै काममा पनि अघिसर्ने अर्थात् हाम्फाल्ने खालका हुन्छन् र यस्ता व्यक्तिको मृत्यु अस्वाभाविक रूपले हुन्छ। जस्तै- पानीमा डूबेर वा आगोमा डढेर अथवा कुनै किसिमले आत्महत्या गरेर इत्यादि।

यदि भोगरेखा श्रृङ्खलाकार छ भने मानिस हृदयरोगले पीडित रहने र लम्पट हुन्छ। त्यसको धेरै दिनसम्म दिगो भएर चलिरहने हुँदैन। यदि त्यो रेखा शिवपर्वतबाट आरम्भ भएको छ भने मानिस आफूभन्दा विलोम जातिसँग घृणा गर्ने खालको हुन्छ। अर्थात् पुरुष भए स्त्रीसँग र स्त्री भए पुरुषसँग परस्पर घृणा गर्ने हुन्छन्।

५३.

५४.

यदि भोगरेखाबाट कुनै हाँगा निस्केर मातृरेखालाई काट्तै गएर पितृरेखालाई स्पर्श गरेको छ भने व्यक्ति अव्यवस्थित चित्त भएको स्वार्थी र हठी होला। प्रायः त्यसको वैवाहिक जीवन अशान्तिपूर्ण रहने छ।

यदि बुध औंलाको तल भोगरेखामा वृत्तको चिन्ह छ भने मानिसको प्रेम सन्तानको प्रति असाधारण देखा पर्दछ।

५५.

५६.

यदि भोगरेखा प्रारम्भ देखि नै दुइतिर छुट्टिई दुइ फ्याँक भएको छ र त्यसको एक फ्याँक बृहस्पतिको उच्च स्थानमा र अर्को फ्याँक अंगुष्ठतिर गएको छ भने व्यक्तिमा असाधारण प्रतिभा देखिन्छ। त्यो थोरै बोल्ने, उदार र स्थिर लक्ष्य भएको होला। त्यसको जीवन पनि शान्तिपूर्ण होला।

यदि कुनै रेखा पहिलो र दोस्रो औंलाको माझमा परेको हुनाले पहिलो दोस्रो औंलो त्यही रेखाद्वारा विभक्त भएको छ भने झैं देखिन्छ भने तथा त्यो हत्केलामा परसम्म गएको छ भने, यस रेखाले भोगरेखालाई काटिरहेको छ भन्ने प्रकट गर्दछ, भने त्यस मानिसको मृत्यु शिरमा चोट लाग्नाले हुन्छ। यदि भोगरेखाले नै त्यसलाई काटिरहेको छ र अगाडि गइरहेको छ भन्ने आभास हुन्छ भने त्यस मानिसको त्यस किसिमको मृत्युबाट रक्षा हुन सक्तछ।

५७.

५८.

यदि भोगरेखाको कुनै हाँगा पहिलो औंलातिर गएको छ र अर्को शाखासँग मिलेर 'त्रिकोण' बनाउँछ, भने त्यो व्यक्तिको मृत्यु हठात् (बलजफ्ती) हुनेछ।



५९.

यदि भोगरेखा कुनै अन्य रेखाद्वारा अंकको नगीचै काटिएको छ भने त्यस व्यक्तिको कुनै हितैषी र फलदायक शुभाकांक्षी मित्रसँग मैत्री होला। यदि चित्रको अंक दुइको नगीचै कुनै रेखा अथवा भोगरेखाबाट निस्केर मातृरेखातिर गइरहेको छ भने कुनैआफूभन्दा बलियो (धनी) व्यक्तिद्वारा त्यसको ठूलो हानि हुनेछ।

ऊर्ध्व–रेखा (Fateline)

भाग्यरेखा नारीबाट निस्केर हातको अर्कोपट्टि औंलासम्म जान्छ। यदि त्यो रेखा राम्रोसँग उक्सेको र चिन्हित छ भने असल व्यक्तित्वको बोध गराउँछ। यदि हातमा अन्य रेखाहरू राम्रा र स्पष्ट छन् भने त्यस व्यक्तिले आफ्नू परिश्रमद्वारा विजय र सफलताहरू प्राप्त गर्दै जानेछ। यस रेखाको गुणहरू पढ्न र जान्न व्यक्तिका हातको दशा (स्थिति) र त्यसको भेदमा पहिले नै राम्रोसँग विचार गर्नु अत्यावश्यक छ। अनेक सफल हातहरूमा पनि यो रेखा कहिले काहीं राम्रोसँग उक्सेर स्पष्ट चिनिने हुँदैन। विशेष रूपमा निकृष्ट वर्गाकार र चमसाकार हातहरूमा यस्तो देख्न पाइन्छ। दार्शनिक र कलाकार तथा विषम हातहरूमा यो रेखा पूरा गहीरो र पुष्ट हुन्छ, तर यसको फल अलि थोरै प्राप्त हुन्छ। यसकारण यदि कलाकार हातमा धेरै पुष्ट रेखा छ भने, वर्गाकार हातमा त्यति नै पुष्ट रेखा छ भने, वर्गाकार हातमा त्यति नै पुष्ट रेखाको

तुलनामा त्यो त्यसको आधा पनि फल प्राप्त हुँदैन। यसै प्रकारले यौटा वर्गाकार हातको यौटा सानै पनि ऊर्ध्वरेखा सांसारिक सफलताहरूको विषयमा अधिक महत्वपूर्ण हुन्छ।

यस रेखाको यौटा विचित्र कुरा पनि हुन्छ– जसको ऊर्ध्व रेखा धेरै पुष्ट हुन्छ त्यो व्यक्ति बर्ता भाग्यमा विश्वास गर्ने हुन्छ, तर वर्गाकार र चमसाकार हात हुने हजारौंमा कुनै यौटा मानिस होला जसले भाग्यको नै भर गरोस् किनकि तिनको हातमा कदाचित् नै उर्ध्वरेखा पुष्ट होला अर्थात् पुष्ट उर्ध्वरेखा हुनु सम्भव हुँदैन।

भाग्यरेखाको उद्‌गमस्थान प्रायः निम्नलिखित स्थानबाट हुने गर्दछ–

१– जीवनरेखाबाट, २– नाडीबाट, ३– चन्द्रपर्वतबाट, ४– मस्तकरेखाबाट र ५– भाग्यरेखाबाट।

भाग्यरेखा कुनै किसिमको काट-कूट नभई सफा-सफा, अखण्डित र रछायाँ भावको हुनाका साथै शनि पर्वतको उच्च स्थानसम्म गएको छ भने त्यस व्यक्तिको जीवन सुखमय हुन्छ। त्यसलाई कुनै उद्योग वा परिश्रम नगरेरै सांसारिक सुख-साधन प्राप्त गर्न चाहिने द्रव्यादि स्वयं आइलाग्ने छ र समाजमा त्यो मानिस गण्यमान्य एवं धनी-मानी कहिने छ।

६०.

यदि भाग्यरेखा मणिबन्धबाट आरम्भ भएर मध्यमा औंलो वा शनिको औंलाको दोस्रो गाँठोसम्म पुगेको छ भने त्यो मानिस अत्यन्त भाग्यमानी हुनेछ। यदि पहिलो गाँठोसम्म रेखा पुगेको छ भने त झन् अतुल ऐश्वर्यको स्वामी हुनका साथै भाग्यशाली हुनेछ।



६१.

यदि भाग्यरेखा मणिबन्धबाट आरम्भ भएर तर्जनी वा बृहस्पतिको उच्च स्थानसम्म गएको छ भने मानिस ठूलो धार्मिक प्रवृत्ति भएको र अर्काको उपकारका

६२.

निम्ति सधैं चिन्तित रहने र असल-असल कुराको ध्यानमा लागिरहने हुनेछ। यदि त्यही रेखा अर्को औंलो वा शनिपर्वतसम्म गएको छ भने त्यो मानिस धनी, सुखी र सन्तानले परिपूर्ण हुनेछ। तेस्रो औंलो वा सूर्यपर्वतसम्म यदि त्यस्तो रेखा गएको छ भने मानिस स्वाधीनचेता, प्रशस्त धन कमाउने र पुत्र-पौत्रादिले युक्त हुनेछ। चौथो औंला वा बुधको उच्च स्थानसम्म गएको रेखाले व्यक्तिलाई यशस्वी एवं सम्मानित पार्दछ।

चन्द्रपर्वतबाट निस्केको भाग्य रेखाले मानिसलाई सौभाग्य र सफलता अर्काद्वारा प्राप्त गराउँछ। यस्ता मानिस जनताका बढी कृपापात्र हुन्छन् अर्थात् यस्ता मानिस अर्काको सहायताले जीवनमा उन्नति लाभ प्राप्त गर्दछन् र जनप्रिय हुन्छन्। यदि भाग्यरेखा सोझो छ र चन्द्रपर्वतबाट कुनै हाँगा निस्केर ऊर्ध्वरेखामा मिसिएको छ भने त्यसको फल पनि झण्डै-झण्डै माथि बताए जस्तै हुन्छ। कुनै स्त्रीको हातमा यदि किरण रेखा यसै गरी भाग्यरेखालाई स्पर्श गर्दछ भने त्यसको विवाह कुनै धनी-मानी व्यक्तिसँग हुन्छ।

६३.

यदि भाग्यरेखामा वृत्त-चिन्ह छ भने मानिसको प्रवृत्ति व्यभिचारतर्फ बढी हुन्छ तथा भाग्यरेखामा वर्णको चिन्ह अंकित छ भने धन खर्च गरेर व्यक्तिको जीवन-रक्षा हुनेछ। यदि X क्रासके चिन्ह छ भने कुनै विपत्ति आइपर्नेछ र द्वीपको चिन्ह छ भने दुर्भाग्य–सूचक मानिन्छ।



६४.

ऊर्ध्वरेखाको अन्त्यमा यदि अनेक साना-साना रेखाहरू अंकित भएर त्यसलाई फूलको गुच्छा जस्तै बनाउँछन् भने व्यक्तिको झुकाउ यश र धन प्राप्ति तर्फ विशेष हुनेछ र अनेक तर्फको झुकाउ पनि त्यस व्यक्तिमा देखापर्नेछ, त्यसै कारण कुनै विषयमा पनि त्यस्ता मानिसलाई सफलता प्राप्त हुँदैन। यस्ताले प्रायः कारावासको कष्ट भोग्नुपर्दछ।

६५.

हत्केलाको तल्लो भागमा यदि ऊर्ध्वरेखामा तोड़ (खण्ड-खण्ड परेको) छ भने त्यो दुर्भाग्यको चिन्ह हो र हानि हुने लक्षण पनि हो। तर खण्ड-खण्ड परेको स्थानभन्दा पहिले यदि ऊर्ध्वरेखाको कुनै सहायक रेखा निस्केको छ भने त्यस व्यक्तिको विचारको अनुसार त्यसको जीवनमा कुनै ठूलो परिवर्तन त्यही उमेरमा हुनेछ जो फलदायक होला। हातका अरू दशाहरूको अनुसार यदि टुटेको, काटिएको ऊर्ध्वरेखामा विचार गर्ने हो भने त्यस व्यक्तिलाई वायुरोग (गठिया वात) जस्तै बीमारीहरू हुन्छन् तथा त्यस व्यक्तिमा टाप-टिपे (चोर्ने) बानी पनि हुन सक्तछ।



६६.

यदि ऊर्ध्वरेखा टेढो-मेढो भएर गएको छ र पातलो पितृरेखा छ भने मानिस शारीरिक दुर्बलताहरूले गर्दा सुख-सौभाग्य प्राप्त गर्नमा अनेक थरिका तगारो (बाधा) उपस्थित भएको अनुभव गर्ला तथा त्यस व्यक्तिको जीवन परिवर्तनहरूले भरिएको होला, त्यसैले गर्दा त्यसले कुनै पनि किसिमको उन्नति गर्न सक्ने छैन।

६७.

६८.

ऊर्ध्व रेखा सोझै मातृरेखालाई काटेर नाघ्दै वृहस्पतिपर्वत तर्फ गएको छ भने त्यस मानिसको आकांक्षा इच्छा अत्यन्त उग्र हुनेछ एवं त्यो प्रारम्भदेखि नैं सांसारिक वस्तुहरूलाई प्राप्त गर्न वरावर प्रयत्नशील रहने छ तथा त्यसको आयु पनि निकै लामू हुनेछ।

ऊर्ध्वरेखा टूट-फूट र काट-मेट वा छिन्न-भिन्न भएको छ भने त्यस व्यक्तिको जीवनमा अनेक किसिमका परिवर्तन, धन-पुत्र नाश र थरि-थरिका अशान्तिहरू उत्पन्न भइरहने छन्। फेरि त्यसलाई मानसिक चिन्ता र शारीरिक रोगहरूले पनि चारैतिरबाट छोपी राख्ने छन्।

६९.

७०.

लहरे परेको ऊर्ध्वरेखा मानिसमा अस्थिरता ल्याउँछ। हातको स्थिति र दशाको अनुसार कहिले सौभाग्य र कहिले दुर्भाग्य बराबर देखा परिरहने छ, तापनि त्यो यदि भोगरेखाको मास्तिर सरल र अखण्डित परिस्थितिमा छ र फैलिएको पनि छ भने मानिसलाई ४० वर्ष बितेपछि मात्र शुभ फलदायक हुनेछ।

पितृरेखाबाट निस्केको भाग्यरेखालाई पार्थिवरेखा पनि भन्दछन्। यस रेखाद्वारा धन प्राप्त हुने योग र ज्ञान प्राप्त हुने लक्षण जान्नुपर्दछ. यदि यो रेखा आरम्भ स्थान देखि नै पुष्ट छ भने स्वयं आफ्नू योग्यताद्वारा धन र इच्छित सफलता प्राप्त गर्नेछ।

यदि त्यो पितृरेखाको छेउबाट निस्केको छ भने स्वयं आफ्नू योग्यताद्वारा धन र इच्छित सफलता प्राप्त गर्नेछ। यदि त्यो पितृरेखाको छेउबाट निस्केको छ भने थाहा पाउन सकिन्छ कि मानिसको प्रारम्भिक जीवन आमा-बाबू वा आफ्ना सम्बन्धीहरूको इच्छाम बलिदान भइसकेको छ वा थियो।

यदि भाग्यरेखा नारीको नगीचबाट निस्केर आफ्नू गन्तव्य स्थान शनिपर्वतसम्म गएको छ भने त्यो मानिस अत्यधिक सौभाग्यशाली होला। यसै गरी भाग्यरेखाको कुनै हाँगा यदि कुनै पर्वतमा जान्छ भने त्यस पर्वतको गुणको अनुसार व्यक्तिलाई सफलता वा असफलता मिल्दछ।

यदि भाग्यरेखा हृदयरेखा (भोगरेखा) द्वारा रोकिइन्छ भने मानिसको सफलता कुनै प्रेम-बन्धनद्वारा नष्ट भएर जान्छ। यदि भाग्य र भोग दुवै रेखाहरू मिलेर बृहस्पति पर्वतमा चढ्दछन् भने मानिसको सबै इच्छाहरू प्रेमकैद्वारा पूर्ण हुनेछन्।

यदि भाग्यरेखा, मातृरेखाद्वारा रोकिन गएको छ भन्ने ज्ञान हुनासाथ स्वयं व्यक्ति कुनै असावधानी वा गल्तीले उसको सफलतामा बाधा पऱ्यो भन्ने जान्नुपर्दछ।

यदि भाग्यरेखाको बाहिरी भाग (निकास) मस्तकरेखाबाट भएको छ भने त्य मानिसको जीवनको अन्तिम भागमा उसलाई अवश्य सफलता प्राप्त हुन्छ। त सफलता यौटा कठोर जीवन-युद्धपछि र उसैको मानसिक परिश्रम तथा योग्यताद्वा नै प्राप्त हुन्छ। त्यसमा कसैको पनि सहयोग चाहिन्न।

यदि भाग्य (ऊर्ध्वरेखा) को निकास हृदयरेखाबाट भएको छ भने कुनै ठूलो उद्यो वा परिश्रमद्वारा त्यस व्यक्तिका विपत्तिहरू नाश हुनेछन्।

यदि भाग्य (ऊर्ध्वरेखा) दोहोरिएको छ भने यो यौटा अत्यन्त राम्रो लक्षण हो। यदि यी दुवै रेखाहरू भिन्न-भिन्न दिशामा र विभिन्न पर्वतहरूमा गएका छन् भने त झन् उत्तम हो। किनभने माथिका दुइ भाग्योदयकारक पर्वतहरूको दोहरो शक्ति तिनलाई प्राप्त हुन्छ। यस किसिमले मानिस राज्य, भाग्य र भोगको विशेष क्षमता राख्दछ। भाग्यरेखा बिना पनि कतिपय व्यक्तिले सफल जीवन बिताएको बराबर देख्न पाइन्छ, तर केही समयमा नै फेरि त्यस व्यक्तिले अत्यन्त साधारण जीवन-यापन गर्नु परेको पनि अनेकौं उदाहरण पाइन्छन्। त्यस्ता व्यक्तिले खान-लगाउनसम्म पाए पनि जीवन वास्तविक सुख त्यस्ता मानिसलाई कदापि प्राप्त हुन सक्तैन भन्ने सिद्ध छ।

७१.

रवि–रेखा (Line of Success)

यसलाई Line of Brilliancy को सफलताको रेखा पनि भन्दछन्। हातको किसिमको आधारमा ऊर्ध्वरेखा जस्तै यसमा पनि राम्ररि विचार गर्नुपर्दछ। वर्गाकार र चमसाकार हातहरूमा निश्चय नै आफ्नू अद्‌भुत सफलता दिन सक्ने गुणहरू विद्यमान हुन्छन्, तर अन्य प्रकारका हातहरूमा यसको प्रभाव निकै कम भएर जान्छ। यदि उत्तम ऊर्ध्वरेखासँग यो हातमा देखिन्छ भने त्यस व्यक्तिको प्रसिद्धि बढाउँछ। यस रेखाको निकास ऊर्ध्वरेखा भाग्यरेखाबाट, चन्द्रपर्वतबाट, मंगलको मैदानबाट र मंगलपर्वतबाट तथा मातृरेखा एवं भोगरेखाबाट हुन्छ।



७२.

यदि रवि रेखाको उद्‌गम स्थान हृदय रेखाबाट छ भने व्यक्तिको झुकाउ कला वा कलात्मक वस्तुहरूतर्फ बढी हुन्छ। यस्ता मानिस जीवनको धेरै पछिको अवस्थामा संसारमा बर्ता प्रभाव र क्षमता प्राप्त गर्दछन् तथा त्यसको ख्याति र कीर्ति पनि बढ्‌दछ, विशेष गरेर जीवनको अन्तिम अवस्थामा मात्र यस्तो भएको देखिन्छ।

७३.



७४.

यदि रवि रेखा मस्तकरेखा (मातृरेखा) बाट निस्केको छ भने व्यक्तिको स्वयं यति मस्तिष्क शक्ति उत्पन्न रहन्छ कि अरू कसैको राय वा सहायता विना आफ्नू सबै कार्य सम्पादन गर्न सक्तछ। त्यसलाई आधा जीवन वितिसकेपछि मात्र उक्त सफलताहरू प्राप्त हुन्छन्।

यदि रविरेखा पितृरेखाबाट निस्केको छ र हात कलाकार श्रेणीको छ भने त्यो मानिस सौन्दर्यको उपासक हुनेछ। भाग्यरेखा सुस्पष्ट र पुष्ट छ भने कलामा सफलता प्राप्त हुन्छ, र त्यही कलाद्वारा प्रशस्त धन पनि कमाउने छ।

७५.

७६.

यदि रविरेखाको उद्गम स्था
चन्द्रपर्वतबाट भएको छ भने अर्को
सहायताबाट सफलता तथा उन्नति प्राप
गर्नेछ। यस प्रकारको फलतालाई निश्चय
हुन्छ भन्न सकिन्न किनभने व्यक्ति जस
सम्पर्कमा जानेछ, त्यसैको भाग्यबाट त
प्रभावित हुनेछ।

यदि मंगलको मैदानबाट रविरेखा निस्केको छ भने "आँसुहरूको पछि सूर्योदय" भने झैं यसको लक्षण मान्नुपर्दछ। त्यस्ता व्यक्तिलाई अत्यन्त कठोर जीवन-संघर्षपछि नै यस्ता सफलता प्राप्त हुन्छन्।

७७.

७८.

यदि रविरेखा त्रिशूल जस्तै छ र त्यस
यौटा शाखा शनिपर्वतमा र अर्को शाखा बु
पर्वततर्फ गएको छ भने त्यस मानिसले की
र सम्पत्ति दुवै बेसरी प्राप्त गर्दछ र त्यस
ख्याति पनि चारै दिशामा फैलिने छ।

यदि रविरेखा जंजीर (सिक्री) जस्तो छ भने त्यो मानिस यश र विद्याले हीन होला। यदि त्यसका अन्त्यमा अनेक हाँगाहरू यता-उता छरिए जस्ता छन् भने त्यस व्यक्तिमा अनेक थरिका विचारहरूको समावेश हुन्छ, जसले गर्दा त्यो दत्तचित्त नभएर अनेक थरिका कामहरूमा हात हाल्नेछ। तर त्यसको फल यस्तो हुनेछ कि त्यो मानिस सफलतावाट वंचित हुनेछ र प्रसिद्धि पनि प्राप्त गर्न सक्ने छैन।

७९.



८०.

टूटे-छुटेको वा छिन्न-भिन्न भएको सूर्यरेखाले मानिसको विचारहरूमा अनेक थरिका परिवर्तनहरू ल्याउँदै रहन्छ। त्यसले गर्दा व्यक्तिको उन्नतिमा अनेक थरिका वाधाहरू उपस्थित हुन्छन्।

८१.

यदि सूर्यरेखामा ताराको चिन्ह छ भने त्यो सवै तर्फबाट अन्यन्त उत्तम मानिन्छ। यस्तो चिन्ह यदा-कदा हजारौं मानिसमा कसै-कसैको हातमा देख्न पाइन्छ र यो व्यक्तिको अभूतपूर्व सफलताको द्योतक मानिन्छ।

यदि रेखामा द्वीपको चिन्ह छ भने त्यही उमेरमा नै त्यस मानिसको पद र प्रतिष्ठालाई धमिलो तुल्याउँछ। फेरि त्यही वयमा व्यक्तिको बदनामी दुर्नाम पनि फैलने छ। यदि हातमा खाल्डो छ भने रवि रेखाका समस्त गुणहरू स्वतः नाश भएर जान्छन्।



८२.

यदि रविरेखामा ऊर्ध्व-वृत्ताकार चिन्ह छ भने व्यक्तिको सम्पत्ति लाभमा अनेक थरिको झ्याउलो आइलाग्ने छ र विचारै नगरेका बाधाहरू पनि उत्पन्न हुनेछन्। यदि त्यो रेखा लहरे परेको छ भने त्यो मानिसको चित्त चंचल र चिन्तामा घोरिई रहने किसिमको होला, त्यसैले गर्दा जुनसुकै काममा हात हाले पनि त्यस मानिसले सफलता पाउन सक्ने छैन।



८३.

यदि शुक्र अथवा राहुको क्षेत्रबाट कु पनि विरोधी रेखाहरू सूर्यरेखालाई काट्द वा स्पर्श गर्दछ भने त्यो अमंगलको पूर्वसूच हो भन्ने जान्नू। त्यसले गर्दा मानिसले अनुमा पनि नगरेका शत्रु प्राप्त हुँदै रहने छन् तिनले गर्दा उन्नतिमा बाधा पर्नुको साथै अने किसिमका हानि हुने छन्।

८४.

बुध रेखा

बुधरेखालाई व्यापारको रेखा प भन्दछन्। यो बुधपर्वतमा हातको आध अनुसार निस्कन्छ। यदि हत्केलामा तलतिरब वा जीवनरेखाबाट निस्क्यो भने कुनै किसिम रोग लाग्ने संकेत गर्दछ। यदि यो जी (पितृ) रेखालाई छुन पुग्दछ भने बीम आफ्नू चरमसीमामा पुग्ने लक्षण हो। कारणले गर्दा यो रेखा जुन स्थानमा पितृरेखाल स्पर्श गर्दछ, त्यही नै उमेर त्यस मानिस परमायु अर्थात् मृत्यु समय मानिन्छ। यो रे



८५.

जति नै राम्रो रूपमा बुधपर्वतसम्म जान्छ उतिनै असल फल दिन्छ, नत्र हत्केल यो रेखा नहुनु नै उत्तम छ।

८६.

यदि यौटा सरल रेखा लामू जीवनरेखा (पितृ) बाट फर्किरहेको ज्ञात हुन्छ भने त्यो दुर्बल पितृरेखालाई पनि बल दिन्छ। उत्तम चिकित्सकहरू र राम्रा ज्योतिषीहरूको हातमा यस्तो रेखा कहिले काहीं देख्न पाइन्छ, तिनको स्वास्थ्य पनि प्रबल हुन्छ र निरोग एवं प्रशस्त धनी पनि हुन्छन्।

यदि बुधरेखा झीनू (पातलो) र काटमेट परेको छ भने त्यस मानिसलाई उदर रोग बराबर भइनै रहने छ। सान्है साना-साना रेखाहरू त्यस मूल रेखामा टाँसिएका छैनन् र केर-मेट बर्ता छ भने त्यस मानिसलाई सदैव अजीर्ण रोगले पीडित रहने छ।

८७.

८८.

यदि बुधरेखा गहीरो र रछाँया परेको छ भने त्यस मानिसलाई बराबर जरो आइरहने छ। लहरे परेको वा बांगो-टिंगो अथवा कालो रंगको देखिन्छ भने त्यस मानिसलाई पेट सम्बन्धी रोग र आँतमा अनेक थरिको गड़बड़ी सधैं बनिरहने छ।

बुध रेखामा यदि द्वीप-चिन्ह छ र मातृरेखाको तल एवं माथि पर्दछ भने छाती र फोक्सोको रोग हुने डर बनिरहने छ। यदि औंलाका नङ्हरू लामा-लामा र पेशावरी बदामको आकृति जस्ता छन् भने यो निश्चय छ कि उपरोक्त बीमारी अवश्य हुनेछ। त्यस व्यक्तिले निदाएको बखतमा अनेक थरिका भयानक सपना देख्दो होला र कहिले काहीं निद्रामै जुरुक्क उठ्दो होला।

८९.

यदि बुधरेखामा यौटा द्वीप, जो ठीक ललाट रेखामा छ भने त्यो मानिस नाक र घाँटीको रोगले ग्रसित होला। यदि बुधरेखा केवल भोग र मातृरेखाको माझमा छ र ती दुवै रेखालाई जोर्दै अघि बढेको जस्तो देखिन्छ भने त्यस व्यक्तिको दिमागलाई भय उत्पन्न गर्दछ। यदि ललाट रेखामा द्वीपको चिन्ह छ भने उपरोक्त कथनको झन पुष्टि हुन्छ। यस्ता मानिस धेरजसो जरोले पनि पीडित रहिरहने हुन्छन्।

९०.

बुधरेखा यदि चन्द्रपर्वतसम्म वक्रभावमा छ भने मानिस अल्छी र अव्यवस्थित चित्तको हुन्छ। त्यसको दशामा अनेक किसिमका परिवर्तन भइरहन्छन्। संकीर्ण-हृदय भएको त्यो मानिस उन्नतिबाट सदैव वंचित रहने छ।



९१.



९२.

यदि धैरै रेखाहरू हातको हत्केला बाहिरबाट आएर बुधरेखालाई काटी सूर्यरेखातिर गएको छ भने त्यो मानिस अनुमानभन्दा पनि बढ़ी धूर्त (बाठो) हुनेछ। सर्पझैं बांगो-टिंगो, अस्वाभाविक रूपमा बुधरेखा देखिन्छ भने मानिसलाई लीवरको पीड़ा भइरहने होला। यदि बुधपर्वतबाट मातृरेखालाई काटेर नाघ्दै पारिपट्टि जान्छ भने त्यस मानिसलाई हृदय सम्बन्धी रोग हुनेछ।

शुक्र-बन्धनी (Gerdle of Venus)

शुक्रबन्धनी रेखा पहिलो र दोस्रो औंलोबाट आरम्भ भएर अर्धवृत्ताकार रूपमा तेस्रो र चौथो औंलाको बीचमा सकिन्छ (अन्त्य हुन्छ)। यो रेखा कलाकार र विषम हातमा धेरजसो देख्न पाइन्छ। कतिपय विद्वान यो रेखा नभएको नै उत्तम मान्दछन्। कहिले काहीं अनेक रेखाहरूको योगले पनि यो रेखा बन्दछ। यस रेखाले व्यक्तिमा



९३.

दुर्बलता आउँछ तापनि त्यसको मानसिक शक्ति बढेर जान्छ। यस्ता मानिस धेरजसो संगीतज्ञ र धार्मिक प्रवृत्तिका हुन्छन्।

यदि उक्त रेखा बृहस्पतिपर्वतबाट आरम्भ भएर बुधपर्वतसम्म गएको प्रतीत हुन्छ र धर्काहरू सरल एवं सोझा छन् भने केही अंशमा शुभ फल दिने हुन्छन्। यो मानिस परमार्थी तथा कविता र साहित्यमा विशेष रूचि राख्ने किसिमको होला।

९४.

९५.

यदि शुक्रबन्धनी चौथो औंलाको जरासम्म गएको छ र भोगरेखाले स्पर्श गर्दै दुवैको यौटा हाँगा भएर बृहस्पतिपर्वतसम्म गएको छ भने त्यस मानिसको चरित्र खूब उत्तम हुनेछ तथा उसले अनेक थरिका विद्याको ज्ञान प्राप्त गर्नेछ।

यदि शुक्रबन्धनी रेखा दोहरो छ र दुवै हातमा समान छ भने त्यो मानिस कुनै पोथी पशुका साथ मैथुन गर्ने र दुष्ट प्रकृतिको निर्दयी होला।

९६.

यदि शुक्रमुद्रिका माझमा मग्न (भाँचिएको) छ भने मानिसको चरित्र-दोष केही अंशमा कम भएर जान्छ। तर यौटा कुनै सानू समस्या आइपर्नासाथ त्यो धेरै विचलित र अधैर्य हुने खालको मानिस होला।

९७.

९८.

यदि हातमा शुक्रमुद्रिका छ र त्यसभन्दा माथि कुनै ताराको चिन्ह पनि छ भने त्यो मानिस वीर्य सम्बन्धी रोगले पीड़ित होला। यदि दोहरो शुक्रमुद्रिका रेखा छ र ताराको चिन्ह पनि छ भने त त्यस व्यक्तिको वीर्य सम्बन्धी रोग जति उपचार गरे पनि आजीवन आराम हुन सक्तैन।

यदि शुक्रमुद्रिका रेखा साना-साना टुक्राहरू जोरिएर बनेको छ भने त्यो मानिस नियमहरूको उल्लंघन गरेर सदैव पापाचरणमा नै लिप्त रहने छ।

९९.

१००.

यदि सूर्य र भाग्यरेखा स्थूल छन् र शुक्रबन्धनीलाई काटिदिन्छन् भने मानिस पण्डित, प्रेमी र कुनै ठूलो ग्रन्थकार हुन सक्तछ। यदि शुक्रबन्धनी रेखा प्रशस्त पुष्ट छ र रातो वर्णको देखिन्छ तथा यस्तो आभास हुन्छ कि ऊर्ध्वरेखा र रविरेखालाई काट्दै गइरहेको छ भने त्यस मानिसको बुद्धि नष्ट भ्रष्ट हुन्छ। यो दुर्भाग्य सूचक चिन्ह मानिन्छ

यदि शुक्रमुद्रिका तर्जनी औंलाको मूलबाट कान्छी औंलाको मूलसम्म फैलिएको छ भने त्यो मानिस महापापी होला। त्यसको ध्वजभंग भएर अनेक थरिका दोषहरू त्यस मानिसमा उत्पन्न भए पनि त्यसको त्यो लम्पट स्वभाव नमरूञ्जेल जान सक्तैन।

१०१.

१०२.

यदि शुक्रबन्धनी रेखा स्पष्ट छ र शनिरेखा, रविरेखा तथा बृहस्पति रेखालाई काट्दै जान्छ भने त त्यस मानिसलाई निर्बल पार्नुका साथै त्यसको बुद्धि पनि कुण्ठित पार्दै मानिसको सौभाग्य लाभमा पनि बाधा पुऱ्याउने निश्चित छ।

यदि शुक्रबन्धनी रेखा स्त्रीहरूका हातमा देखा पर्दछ भने तिनलाई हिस्टीरिया र मूर्च्छारोग इत्यादि हुन सक्तछ। यदि शुक्रबन्धनी रेखा बुधपर्वतमा गएर विवाहरेखालाई काटिदिन्छ भने पति-पत्नीमा कलह उत्पन्न हुनेछ र दाम्पत्य जीवन अत्यन्त कष्टमय भएर जान्छ।

१०३.

शनिमुद्रिका

शुक्रबन्धनी जस्तै शनिमुद्रिका पनि पहिलो र दोस्रो औंलाको वीचवाट उदय भएर तेस्रो औंलाको माझमा अन्त हुन्छ, अर्थात् यो रेखा शनिपर्वतमा माझी औंलालाई घेर्दछ। यो रेखा पनि हातमा सदैव अशुभ फल दिने हुन्छ। यो भाग्य-स्थान अर्थात् शनि पर्वतलाई यस किसिमले काट्दछ कि व्यक्ति जुन काम गर्ने इच्छा गर्दछ, त्यो काम गर्ने असमर्थ हुन्छ। त्यसको मस्तिष्कमा ठूला-ठूला इच्छा र उत्साह भएर पनि आफ्नू सिद्धान्तको यति कच्चा हुन्छ कि कुनै पनि कामलाई आधावाटोसम्म पुऱ्याएर अलपत्र त्यसै छाडिदिन्छ र निराश भए बसिदिन्छ। यसरी शनि-मुद्रिका सदैव दुर्भाग्य-सूचक नै हुन्छ भन्ने विज्ञहरूको अनुभव छ।

रेखा विशेष

मणिबन्ध भन्दा माथि र पितृरेखाबाट अनेक रेखाहरू निस्केर चन्द्रपर्वत तर्फ जान्छन्। इनलाई 'यात्रारेखा' वा 'छाया पथरेखा' भन्दछन्। रेखाहरूको नामको आधारमा इनको गुणहरू पनि हुन्छन्।

१०४.

यात्रा वा छायापथ रेखाहरू यदि सम्पूर्ण र अविभक्त छन् तथा समानान्तर चन्द्रपर्वतमा गएका छन् भने मानिस जल-मार्गद्वारा यात्रा गर्ने होला। त्यसको यात्रा सदैव लाभदायक पनि हुन्छ। त्यो व्यक्ति व्यवसाय र सामाजिक कार्यहरूमा रूचिलिने खालको र विचारशील होला, फेरि उसको स्मरण-शक्ति पनि अत्यन्त विलक्षण र उत्तम होला।

१०५.

यदि छाया-पथका रेखाहरू बुध पर्वततिर संकेत गर्दछन् र तिनमा ताराको चिन्ह पनि देखिन्छ भने त्यस मानिसलाई अप्रत्याशित सुख, सौभाग्ये प्राप्त हुनेछ। फेरि त्यसका सारा अभिलाषापूर्ण हुँदै जानेछन् र सदैव सन्तुष्ट रहने छ।



१०६.

१०७.

यदि छायापथ रेखाहरू शुक्रपर्वतमा गएका छन् भने मानिस बहुभाषी (धेरै बोलो) होला। आफ्नू विलोम नस्ल (जात) मा ठूलो आदर सम्मान होला। अर्थात् स्त्रीहरूद्वारा पुरुषहरूको र स्त्रीको हातमा यस्तो रेखा छ भने पुरुषहरूद्वारा स्त्रीहरूको सम्मान हुनेछ।

यदि छायापथ-रेखाहरूको मार्ग अवरुद्ध जस्तो देखिन्छ र त्यसमा क्रास जस्तो चिन्ह पनि छ भने मानिस अल्छी हुन्छ र त्यसमा मानसिक दुर्बलता देखिन्छ। यस्ता मानिस हताश र उन्मत्त जस्ता हुन्छन्। इनलाई एकान्त मनपर्दछ। इनको आँखामा असाधारण तेज हुन्छ। धेरजसो साधु संन्यासीहरूको हातमा यस्तो छाया-पथ रेखा हुन्छ।

१०८.

१०९.

यदि छायापथ-रेखाहरू लहरे परेका छन् भने त्यो मानिस ठूलो तस्कर (चोर) हुन्छ। त्यसको बानी अर्कालाई छल्नु, ढाँट्नु, धोकादिनु र उल्टो बाटो देखाएर आफ्नू लाभ हुने मार्ग प्रशस्त पार्नु हुन्छ। त्यो मन्दबुद्धि हुनेछ र त्यसमा चोर्ने यौटा प्रधान बानी परेको हुनाले कहिल्यै जाँदैन।

यकृत वा स्वास्थ्यरेखा

यकृतरेखा– यो यौटा सानू रेखा पितृरेखाको अन्तिम स्थानबाट निस्केर हत्केलाको मध्य भागमा यौटा त्रिकोण झैं बनाउँछ। यो रेखा सबै व्यक्तिका हातमा हुँदैन र कतिपय विद्वानहरू बुधरेखा र यसलाई यौटै मान्दछन्।

११०.

१११.

यदि कसैको यकृतरेखा सोझो छ र अन्य साना-साना रेखाहरूले त्यसलाई काट्दछन् भने त्यस मानिसको स्वास्थ्य ठीक रहन्छ। त्यसको बुद्धि प्रबल भए पनि चित्त चंचल रहने छ। कुनै पनि काम गर्न त्यसले अनेक थरिका झ्याउलोहरूको बाधा भोग्नु पर्दछ।

यदि यकृतरेखा र मातृरेखा वा भोग रेखा एकैठाउँमा मिलेर काँढाको आकार बनाउँछन् अथवा एक त्रिकोण या चतुर्भुज बन्दछ भने त्यस व्यक्तिले प्रशस्त धन र सम्मान प्राप्त गर्दछ। त्यो सम्मान र धन पाउन त्यसले जाति-नजाति सबै चेष्टाहरू को उपयोग गर्न गाहारो मान्दैन। त्यसको जन्म उच्च-वंशमा भएको होला। योद्धा, उदार, दयालु र महान् व्यक्तिका हातमा मात्र यस्तो त्रिभुज वा चतुष्कोण रेखा देख्न पाइन्छ।

११२.

• ऊर्ध्वरेखा, मातृरेखा र यकृतरेखा मिलेर यदि त्रिभुजको निर्माण गरिदिन्छन् भने मानिस सम्मोहन र गुप्त विद्यामा निपुर्णता प्राप्त गर्दछ। यदि यस किसिमको त्रिभुजको माझमा ताराको चिन्ह छ भने त्यो व्यक्ति अवश्यमेव अन्धो हुन्छ।

११३.

यदि यकृत वा स्वास्थ्यरेखाले पितृरेखालाई स्पर्श गर्दछ र त्यो बुधक्षेत्रमा पर्दछ भने यो अत्यन्त शुभ लक्षण हो। यस्तो हुने मानिस दीर्घजीवी तथा सबै किसिमको व्यापारमा उन्नति गर्ने र बाठो होला।

११४.

११५.

स्वास्थ्यरेखाभन्दा माथि यदि क्रास चिन्ह वा ताराको आकृति अंकित छ र मातृरेखामा यौटा ठूलो बिन्दु स्पष्ट देखिन्छ भने त्यो मानिस अन्धो हुन्छ। यदि स्वास्थ्यरेखा माथि ताराको चिन्ह छ भने त्यो मानिस सन्तान-हीन र पाण्डुरोगले ग्रसित होला।

यदि स्वास्थ्य रेखा या यकृत रेखा कतिपय टुक्राहरूले बनेको देखिन्छ भने त्यो मानिस निदाएको बखतमा अनेक थरिका स्वप्नाहरू देख्दछ र त्यसमा अनेक शाखाहरू देखिन्छन् भने मानिस बूढ़ो भएपछि रोग र अन्य कारणहरूले कष्ट भोग्दछ।



११६.

यस्तो हातमा यौटा वा अनेक रेखाहरू हुन सक्तछन्। त्यस्ता जति रेखाहरू पितृरेखाति लम्केका हुन्छन्, त्यतिनै पल्ट र त्य उमेरमा, जुन स्थानमा पितृरेखालाई छुन्छ काट्दछ, त्यसले मानिसलाई आफ्ना स्वज द्वारा नै कष्ट मिल्दछ र कुनै बान्धवको मृ हुन सक्तछ। मानसिक चिन्ताले पनि ग्रसि रहने छ। यदि शुक्ररेखा गहीरो छ र अंगुष्ठ मूलबाट हिंडेर पितृरेखालाई दुइ भाग काट्दछ भने निश्चय नै कोही बन्धु-बान्ध अथवा निकट सम्बन्धीको मृत्यु हुनेछ।

११७.

यदि शुक्ररेखाले उर्ध्व र पितृ दुवै रेखालाई काट्दछ भने त्यस मानिसको व्यापार, सम्पत्ति र सानो-सानो कुरामा घरका सदस्यहरूसँग कलह हुनेछ र विवाद उठेर हानि गर्ने छ।

११८.

११९.

यदि सानो शुक्ररेखाहरू पितृरेखालाई काटिरहेका छन् भने त्यो मानिस विशेष गरेर सदैव अस्वस्थ रहला र शरीरका कतिपय अंगमा आघात लागेर दुःख पाउला।

यदि निकै ठूलो र देख्दा गहिरो शुक्ररेखा छ र त्यही शुक्ररेखा उच्चस्थानबाट निस्केर पितृरेखालाई काट्दै भोगरेखासम्म पुगेको छ भने त्यो मानिसलाई बर्ता कामुक, विषयी पुर्‍याउँछ र त्यो अनेक स्त्रीहरूको भोगी हुनेछ। यदि त्यो रेखा वक्र छ भने त्यसको अनेक कुराहरू छली, ढाँटी विवाह हुनेछ। फेरि त्यसको प्रेम पनि शान्तिपूर्ण हुने छैन।

१२०.

१२१.

शुक्ररेखा यदि विवाहरेखालाई पनि काट्दै तथा भाग्यरेखालाई स्पर्श गर्दै अगाडि जान्छ भने त्यसको दाम्पत्य-जीवन सुखमय हुन सक्तैन। यदि त्यो शुक्ररेखा विवाह रेखालाई काटेर यौटा अर्को हाँगा उत्पन्न गर्दछ भने सन्तान भइसकेपछि पनि पति-पत्नी परस्परमा सम्बन्ध विच्छेद गर्न सक्तछन्।

राहु रेखा

यो राहुरेखा राहुक्षेत्रबाट उत्पन्न भएर पितृरेखालाई काट्दै मातृरेखासम्म फैलिएको छ भने त्यसैलाई 'राहुरेखा' भन्दछन्। अरू सबै अशुभ रेखाहरूमा यो सबै भन्दा अकल्याणकारी मानिन्छ। हत्केलामा यो रेखा नभएको नै वरू उत्तम मानिन्छ।

१२२.



१२३.

जसको हातमा राहुरेखा हुन्छ, त व्यक्ति जतिसुकै बुद्धिमान, विद्वान त आफ्नो भलो-कुभलोलाई बुझ्नसक्ने नै-भ पनि त्यो सदैव आफ्नू इच्छाको विरु अर्कोको प्रभावले प्रभावित भएर अने थरिका विघ्नबाधाहरूलाई डाकिरहन्छ। जस गर्दा त्यसको उद्यम, शान्ति सुख इत्यादि न भइरहने छ। यदि बूढीऔंलामा जौको चि छ भने र शुभ फल दिने भाग्य रेखा छ भ राहुरेखाको कुप्रभाव स्वतः नष्ट भएर जान्छ

यदि कुनै अर्को रेखाद्वारा राहु रेखा काटिएको छ भने राहुरेखाका दुर्गुणहरू मा धेरै नै कमी आउँछ। त्यस मानिसको उन्नति तथा उद्योग सम्वन्धी कार्यहरू को सिद्धि स्वयं भएर जान्छ।

१२४.

राहुरेखा यदि भगिनी रेखाको साथमा छ भने राहुरेखाको प्रभाव विशेष बढेर जान्छ र त्यस मानिसलाई अनेकानेक अशुभ फलहरू व्यर्थमा पनि आइलाग्दछन्।

१२५.

प्रवृत्ति रेखा

१२६.

प्रवृत्तिरेखा– मणिबन्ध भन्दा केही माथि शुक्रपर्वत र चन्द्रपर्वतलाई जोर्ने यौटा रेखा अर्धचन्द्राकार हुन्छ वा त्यही नै मणिबन्धबाट चन्द्रक्षेत्रसम्म फैलिएको रहन्छ। यी दुवै थरिका रेखाहरू लाई 'प्रवृत्तिरेखा' भन्दछन्। यदि यो सरल भावमा छ भने मानिस वाग्मी (बोल्न जान्ने) र विद्वान पनि हुन्छ। सूर्यको उच्च स्थानबाट कुनै रेखा वा स्वयं रविरेखा नै प्रवृत्तिरेखामा मिलेको छ भने मानिसको सुख, सौभाग्य र ऐश्वर्यको वृद्धि हुनेछ।

१२७.

जुन व्यक्तिको हातमा प्रवृत्तिरेखा र हत्केला दुवै अत्यन्त कठोर (सान्हो) छन्, त्यस व्यक्तिमा कामुकता स्त्रीलम्पटता बर्ता मात्रामा रहन्छ। त्यो रक्सीबाज पनि हुनेछ। यदि हत्केला निकै नरम र चिल्लो चिप्लो छ भने अफीम आदि मादक द्रव्यको सेवन गर्ने व्यसनी हुनेछ।

यदि हत्केलामा प्रवृत्तिरेखा छ र मातृरेखा पनि चन्द्रक्षेत्रसम्म आएको छ तथा मातृरेखाको अन्त्यमा द्वीपको चिन्ह छ भने त्यो मानिस अवश्य बौलाहा हुन्छ अथवा बौलाहा नभए पनि बौलाहा जस्तै आचार विचार र व्यवहार भएको होला ।

१२८.

१२९.

यदि पितृरेखाबाट निस्केको बुधरेख उच्च स्थानसम्म फैलिएको र स्वास्थ्यरेखाक भगिनीरेखालाई पनि कतिपय विद्वानह 'प्रवृत्तिरेखा' भन्दछन्। विभिन्न मतानुसा यदि त्यस्तो छ भने त्यो व्यक्ति राजनीतिम विशारद र अत्यन्त बाठो हुनेछ।

दैवरेखा वा प्रत्यक्षदर्शन रेखा

चन्द्रक्षेत्रको तल्लोभागबाट निस्केर धनुषाकार यौटा रेखा मंगल वा बुध क्षेत्रसम्म फैलिएको छ भने त्यसलाई 'प्रत्यक्ष-दर्शन रेखा' भन्दछन् । यो रेखाले मनुष्यलाई देवताको आराधनातिर लैजान्छ र विद्यादान पनि दिन्छ । अलि-अलि पढे-लेखेको भए पनि यदि त्यसको हातमा यस्तो रेखा छ भने भविष्यवक्ता र वाक्य-सिद्धि भएको होला । यसै कारण यस रेखालाई प्रत्यक्ष-दर्शन रेखा पनि भनेको हो । यस रेखाको सबैभन्दा ठूलो प्रभाव यही छ कि जसको हातमा जस्तो रेखा परेको होला त्यो अर्काको मनोभाव तुरून्त बुझ्न सक्ने अद्भुत क्षमता राख्ने खालको होला । कुनै प ज्योतिषी छ भने त्यसको हातमा यस्तो रेखा हुनु अत्यावश्यक छ।



१३०.

१३१.

दैवरेखा यदि कुनै मानिसको दुवै हातमा छ भने, फेरि पितृरेखावाट यौटा रेखा निस्केर त्यस रेखालाई काटिदिएको छ भने त्यस व्यक्तिलाई आफ्ना नगीचका वान्धवहरूद्वारा गुप्त विद्याको शिक्षा प्राप्त गर्नमा अनेक वाधा उपस्थित गरिनेछ।

१३२.

दैवरेखा यदि लहरे परेको छ र त्यो मंगल क्षेत्रसम्म फैलिएको छ भने त्यो मानिस स्नायविक दुर्वलताले गर्दा सदैव अस्थिर चित्त र रोगी नै रहने छ। कुनै पनि असल काम गर्न सक्ने छैन।

१३३.

यदि दैवरेखाको माथि चन्द्रपर्वतमा यौटा द्वीपको चिन्ह छ भने त्यो मानिस दुर्वल मस्तिकको र शरीर पनि निर्धो भएको होला। यस्तो हात हुने व्यक्ति निद्रामा नै सारा संसारको भ्रमण गर्ने हुन्छन्।

ज्ञान-रेखा– अंगुष्ठको मूल (जरा) मा जो पहिलो रेखा हुन्छ त्यसैको नाम 'ज्ञानरेखा' हो। यस्तो रेखा भएको मानिस विद्वान, धार्मिक, उदार र सत्यप्रिय हुन्छ।

१३४)



१३५.

भोगरेखा र मातृरेखाको माझको चार कुना परेको स्थानबाट अर्को कुनै रेखासँग नमिलेको गुणन चिन्हलाई 'अदृश्य गुणनरेखा' भन्दछन्। यस प्रकारका चिन्ह छन् भने त्यो मानिस गुप्त विद्या, धर्मतत्व, ज्योतिष,

आध्यात्मिक तत्त्व इत्यादिको प्रेमी हुन्छ। यस्तो चिन्ह हुने व्यक्ति गुप्तविद्या धनोपार्जन गर्न समर्थ हुन्छ। तथा अभिज्ञाता (आफूले जानेको विद्याको फ ग्रन्थकारको रूपमा प्रकाशित गरेर यश कमाउने छ।

मंगल क्षेत्रको माझमा गुप्त गुणन चिन्ह छ भने त्यस मानिसको प्रवृत्ति परिवर्तनशील (साटिइरहने) खालको हुन्छ तापनि त्यो धनवान् हुन्छ। बृहस्पति पर्वतको नगीचै रहनाले त्यो मानिस अभिमानी र आत्म-प्रशंसक होला। तर त्यो गुप्त-विद्याको प्रेमी र परोपकार गर्न सदैव तत्पर रहने खालको होला। यदि चारकुने परेको भित्र गुणन चिन्ह भोगरेखा, मातृरेखा र ऊर्ध्वरेखालाई छुँदैन भने त्यस मानिसको पदोन्नति होला। धार्मिक व्यक्तिहरूद्वारा त्यो सम्मानित हुनेछ। यस प्रकारको चिन्ह हुने मानिसको रविस्थान उच्च

१३६.

छ भने धन-संचयी र अहंकारी होला। शनिस्थान उच्च छ भने विद्वेष भाव राख्ने हो यदि बृहस्पति स्थान उच्च छ भने मानिस धार्मिक र तत्त्वान्वेषी होला। शुक्रस्थान छ भने कुनै सुन्दरी नारीको प्रेममा सदैव उन्मत्त जस्तो भइरहने छ।

भ्राता भगिनीरेखा

अंगुष्ठको मुखको नगीचै शुक्र जति तेर्सा बांगा रेखाहरू छन्, त्यो व्यि 'भाई बहिनीको रेखाहरू' कहिन्छन्। ति जति ठूलो र पुष्ट रेखाहरू छन् ती भाइह हुन्छन् र क्षीण रेखाहरू बहनीहरूको हुन यदि काट-कुट परेको छन् भने भाइह बहिनीहरूको मृत्युतर्फ संकेत गर्दछन्। ती रेखाहरू क्रमानुसार सूक्ष्म छन् र रंगका छन् भने भाइ-बहिनाको कलंक र तिनको मृत्युको धेरै सम्भावना रहन

१३७.

यदि शुक्रक्षेत्रबाट कुनै रेखा उठेर पितृरेखालाई काटेर कुनै पनि अर्को स्थानमा जान्छ वा कुनै रेखालाई स्पर्श गर्दछ अथवा त्यसलाई खण्डित पार्दछ भने त्यसलाई 'प्रभावरेखा' भन्दछन्।

१३८.

यदि शुक्रस्थानवाट उठेर पितृरेखा र ऊर्ध्वरेखालाई काट्दै चन्द्रस्थानमा पुग्दछ भने त्यो मानिस कुनै स्त्रीद्वारा र यदि त्यो स्त्री छ भने कुनै पुरुपद्वारा कष्ट पाउँने छन्, त्यसैले गर्दा उत्तम भाग्यलाई पनि क्षति पुऱ्याउने छ। यदि शुक्रस्थानवाट उठेर पितृरेखालाई काट्दै उर्ध्वरेखालाई पनि टुक्रा पार्दछ भने अथवा पितृरेखावाट उठेर दैवरेखालाई काट्दछ भने त्यस मानिसले आफ्नै आत्मीय बन्धुद्वारा आफ्नू उन्नतिमा विघ्न-बाधा उपस्थित गरेको भोग्नु पर्नेछ।

१३९.

यदि कुनै रेखा शुक्रस्थानबाट उठेर बृहस्पति क्षेत्रमा पुग्दछ भने त्यो मानिस धीर, उदार, स्थिरचित्त भएको, उच्चाकांक्षी, शान्तिप्रिय र धनवान् हुनेछ। यदि त्यो रेखा शनिको उच्च स्थानसम्म पुग्दछ भने त्यो मानिस कुनै वाहनद्वारा लड़ने अथवा कुनै चौपाया जनावरद्वारा चोट लाग्ने संकेत प्राप्त हुन्छ। यदि शुक्रस्थानबाट कुनै रेखा रविस्थानसम्म गएको छ भने त्यस मानिसले आफ्ना आत्मीय र बन्धु-बान्धवको सहायता प्राप्त गर्नेछ र त्यसैद्वारा यश र धन दुवै प्राप्त गर्नेछ। यदि त्यस्तो रेखा बुधस्थानमा पुग्दछ भने मानिस विज्ञान शास्त्रमा पण्डित र व्यापारमा पर्याप्त धन प्राप्त गर्नेछ।

१४०.

शुक्रस्थानबाट निस्केको यो रेखा यदि मंगलसम्म पुग्दछ भने त्यस व्यक्तिको धन र स्त्रीको हानि हुनेछ। शुक्रस्थानबाट चन्द्रस्थानसम्म यदि त्यस्तो रेखा केही काटि छैन भने विदेश गमन गराउँछ।

अंगुष्ठको जराबाट आरम्भ भएर यदि कुनै सरल रेखा शुक्रक्षेत्रको मास्तिरवाट गएर पितृरेखालाई स्पर्श गर्दछ भने त्यस मानिसको विवाह शुभ फल दिने हुन्छ। शुक्रस्थानमा यदि अनेक ठाडा रेखाहरू यदि पितृरेखातर्फ गइरहेका देखिन्छन् र ती टूटे-काटिएका वा छिन्न-भिन्न छन् भने त्यस मानिसको दाम्पत्य जीवन कदापि सुखमय हुन सक्तैन।

१४१.

परधन प्राप्ति रेखा



१४२.

पितृरेखाको समानान्तर त्यसको अनु रेखालाई 'परधन-प्राप्तिरेखा' भन्दछन्। रेखा रहनाले मानिस धनवान, दीर्घा उत्तराधिकारको रूपमा अर्काको स अथवा लाटरी (चिट्ठा) आदिबाट धन गर्न सक्तछ।

पितृरेखाबाट निस्केर चन्द्रक्षेत्रमा जाने साना-साना रेखाहरू हुन्छन्, तिनलाई 'भ्रमणरेखा' भन्दछन्। यदि ती रेखाहरू पितृरेखाको दायाँ-बायाँ दुवैतिर छन् भने त्यस मानिसलाई अनेक देशहरूको भ्रमण गर्ने सौभाग्य प्राप्त होला। यस्ता मानिस सम्पूर्ण जीवनभरि देश-विदेशको भ्रमण गरेर डुलिनै रहने छन् र तिनको जीवनमा अनेकौं परिवर्तन भइरहने छन्।

१४३.

१४४.

पितृ रेखाबाट निस्केको भ्रमणरेखाको यौटा छेउमा जौ (यव) वा द्वीपको चिन्ह छ भने त्यस व्यक्तिको भ्रमण निरर्थक अर्थात् व्यर्थमा खेर जानेछ। भ्रमण रेखामा चारकुने वर्गको चिन्ह छ भने त्यस मानिसको भ्रमण कालमा जीवन-रक्षा हुनेछ। यदि भ्रमण रेखा चन्द्रक्षेत्रलाई नाघेर पारीपट्टि गएको छ अथवा चन्द्रक्षेत्रको एक छेउमा गोलाकार शाखायुक्त (हाँगाहरू भएको) रेखाहरू छ भने भ्रमणकालमा त्यस व्यक्तिले मृत्यु-तुल्य कष्ट पाउने छ।

यदि मणिबन्धबाट कुनै रेखा शुक्रक्षेत्रलाई नाघेर वृहस्पतिको उच्च स्थानसम्म गएको छ भने त्यस मानिसलाई निकै दिनसम्म जलमा (डुंगा,जहाज) आदिमा भ्रमण गर्नुपर्दछ। फेरि राहु क्षेत्रबाट यौटा रेखा निस्केर बढी भन्दा बढी माथि शनिपर्वतमा गइरहेको छ भने त्यो व्यक्ति जल-भ्रमणबाट कहिल्यै पनि फर्कन सक्दैन। मणिबन्धबाट निस्केको यौटा रेखा चन्द्रक्षेत्रतिर जान्छ भने पनि व्यक्तिले समुद्र-यात्रा गर्न पाउँछ। मणिबन्धबाट निस्केको अर्को रेखा बुधक्षेत्रसम्म गएको छ भने त्यस मानिसलाई यात्राको समयमा विपत्तिहरूको सामना गर्नुपर्नेछ। मणिबन्धबाट निस्केको यौटा अर्को रेखासँग मिल्दछ भने त्यो मानिसको मरण जल-भ्रमणमै हुनेछ। साथै यदि शनिक्षेत्रबाट निस्केर यौटा रेखा पितृरेखालाई छुन्छ भने या त्यसलाई काट्दछ भने त्यसको टाउकोमा ठूलो चोट लाग्न सक्तछ।

१४५.

विवाह-रेखा

कनिष्ठ कांछी औंलाको आधार र भोगरेखाको माझमा बुधपर्वतको छेउबाट निस्केको रेखालाई 'विवाहरेखा' भन्दछन्। यो रेखा यदि यौटा स्वच्छ र सोझो रेखा

छ भने विवाह आनन्दप्रद हुनेछ। यदि विवाहरेखासँग भगिनीरेखा छ भने जति छ उति नै विवाह हुने सम्भावना रहन्छ। अथवा त्यति नै स्त्रीहरूसँग सम्बन्ध हुन्छ। जुन स्त्रीको हातमा यस्तो रेखा हुन्छ। त्यसको दाम्पत्य-जीवन सुखमय हुनेछ।

१४६.

हत्केलाको विभिन्न स्थानहरूमा अंकित यौटा या एकभन्दा बढी रेखाद्वारा विवाहको सम्बन्धमा पूर्वानुमान गर्न सकिन्छ। तर कनिष्ठको आधार र भोगरेखाको माझमा जुन बुधपर्वत माथिको रेखा छ त्यही नै प्रधान मानिन्छ। यो रेखा स्पष्ट र गहीरो छ भने विवाह अवश्य हुन्छ। नबुझिने, सानू र खण्डित विवाह रेखाबाट व्यक्तिको प्रणय-सम्बन्धमा आशक्तिको प्रधान कारण मानिन्छ।

१४७.

विवाहरेखामा यदि द्वीपको चिन्ह छ भने त्यस व्यक्तिको दाम्पत्य-जीवन प्रतिदिन पति-पत्नीमा झगड़ा र अनेक व्यर्थका विवादले गर्दा दु:खमय भएर बित्नेछ।

१४८.

विवाहरेखाको अंतिम भाग यदि कनिष्ठा (कांछी औंला) को जरातिर फर्केको छ भने त्यो व्यक्तिको जति उपाय गरे पनि विवाह हुन सक्तैन। फेरि त्यही रेखा यदि भोगरेखातिर फर्केको छ भने दुवै दम्पत्तिमा यौटाको अवश्य मृत्यु हुनेछ। अर्थात् स्त्रीको हातमा यस किसिमले मोडिएको रेखा छ भने पुरुषको र पुरुषको हातमा भए स्त्रीको मृत्यु हुन्छ।

१४९.

यदि विवाह रेखा दुइतिर हाँगा हालेर निस्केको छ र यौटा शाखा (हाँगा) ले भोगरेखालाई काट्दछ वा हुन्छ भने त्यही अवस्था, उमेरमा दुवै दम्पत्तिमा सम्बन्ध-विच्छेद अर्थात् (पारपाचुके) तलाक हुन्छ।

१५०.

विवाहरेखा र भोगरेखाको टाढ़ा र नगीचको अनुसार नै धेरै वा थोरै उमेरमा मानिसको विवाह हुन्छ। यसको निर्णय हुने क्रम–यदि विवाहरेखा भोगरेखादेखि अलि नगीचै छ भने विवाह सानै उमेरमा हुन्छ र टाढ़ा छ भने निकै उमेर भए पछि विवाह हुन्छ।

१५१.

यदि कसैको विवाहरेखा उसैको सूर्यरेखालाई छोइदिन्छ भने त्यस व्यक्तिको मान-प्रतिष्ठ र धनमा, विवाहले नै गर्दा, वृद्धि हुनेछ। यदि विवाहरेखाले सूर्यरेखालाई काटिदिन्छ भने व्यक्तिको वैवाहिक जीवन अशान्त र अस्थिर हुनेछ, अथवा विवाहरेखाको कुनै हाँगा निस्केर रविरेखालाई काट्दछ र त्यसमा द्वीपको चिन्ह छ भने मानिसको सम्मान, प्रतिष्ठा एवं धनको नाश भएर जानेछ।

१५२.

१५३.

यदि विवाह रेखाबाट धेरै पातला र ससाना रेखाहरू भोगरेखातिर फर्केको छ भने त्यस मानिसको शरीर स्वास्थ्य सदैव बिग्री रहने छ।

यदि विवाह रेखामा गुणा (क्रास)को चिन्ह छ भने पति-पत्नी दुवैमा कसैको पनि आकस्मिक, अप्रत्याशीत अपघातद्वारा मरण हुनेछ। यस्तो चिन्ह जसको हातमा वर्तमान होला त्यसको मृत्यु मनले पनि नचिताएको कुनै दुर्घटनाद्वारा अचानक हुनेछ।

१५४.

१५५.

यदि विवाहरेखा बुधपर्वतमा कुनै सोझो धर्को द्वारा काटिएको छ भने त्यस व्यक्तिको विवाह त्यसका अभिभावक, संरक्षकको अनिच्छा (बलपूर्वक) हुनेछ।

यदि कुनै रेखा वा अनेक रेखाहरू चन्द्रपर्वतबाट निस्केर ऊर्ध्वरेखा वा भाग्यरेखालाई स्पर्श गर्दछ भने त्यस व्यक्तिको विवाह किरण-रेखा र भाग्य रेखा मिलेपछि त्यही अवस्थामा मात्र हुने छ अर्थात् ढीलो र चाँडो दुवै हुन सक्तछ। यी विवाहका सहायक रेखाहरू कहिन्छन्। यदि किरणरेखा मिलिसके-पछि भाग्यरेखा बर्ता पुष्ट र स्पष्ट भएर बढ़दै गएको छ भने विवाह सुख-शान्ति दिने होला। यदि यस्तो ज्ञात हुन्छ कि विवाह गरेपछि व्यक्तिको मान-प्रतिष्ठा, धन र भाग्यमा वृद्धि भएको छ, तथा किरण रेखा मिसिएपछि ऊर्ध्वरेखा पातलियो वा छिन्न-भिन्न अवस्थामा प्राप्त भयो भने सहजै बुझ्नुपर्दछ कि विवाहले गर्दा नै सुख-सुविस्ता र भाग्यमा अनेक हानिहरू आइलागेका छन्। किरणरेखामा

१५६.

यव (जौ) अथवा द्वीपको चिन्ह, चन्द्रपर्वत आदि छ भने मानिसको विवाह छिनिइसकको पनि बाधा उत्पन्न भएर बितिसकेको जीवनको कलंकको कथा फैलिएर सम्बन्ध विच्छेदका साथै दुर्नाम (बदनामी)को कुरा फैलिनेछ।



१५७.

चन्द्रक्षेत्रबाट निस्केको यौटा कुनै रेखा भाग्यरेखासँग मिसिनाले उत्तम फल दिने हुन्छ परन्तु किरणरेखाले यदि भाग्यरेखालाई काटि

दिन्छ भने त्यस मानिसको प्रणय-सुख अभिशाप भएर विच्छेद हुनेछ।

१५८.

विवाहरेखा छिन्न-भिन्न भयो भने स्त्री-पुरुषमा नित्य कलह, झगड़ा तथा सम्बन्ध विच्छेद र पति-पत्नीमा कुनै यौटाको गम्भीर हानि हुने लक्षण वा पूर्वसूचना हो भन्ने जान्नू। छिन्न-भिन्न वा विभक्त अर्थात् काट-मेट या टुक्रा भएर परस्पर एक अर्कातिर फैलिएको छ भने कलह वा सम्बन्ध-विच्छेद हुँदैन।

अंगुष्ठ (बूढ़ी औंला) को छेउबाट वा दोस्रो खण्डबाट निस्केर पितृरेखा वा भाग्यरेखालाई काट्ने रेखा यदि हातमा देखापर्दछ भने त्यस मानिसको विवाह चरित्र-हीन भएकी स्त्रीसँग हुनेछ तर त्यसको साथै ऊर्ध्वरेखा वा भाग्यरेखाको अन्त्यमा वर्गको चिन्ह छ भने त त्यस किसिमको विवाहबाट त्यो मानिस बच्न सक्तछ।

१५९.

१६०.

शुक्रपर्वतको उच्च स्थानबाट निस्केर यदि कुनै रेखा बुधपर्वतसम्म जान्छ भने वा त्यस पुरुषको हातमा यस किसिमको रेखा देखापरे स्त्री-वियोग र स्त्रीको हातमा भए पति-वियोग हुन्छ।

यदि कसैको बृहस्पति स्थान उच्च छ र विवाहरेखामा त्रिकोण अथवा चतुष्कोणको चिन्ह छ भने त्यस व्यक्तिको विवाहद्धारा धन प्राप्ति तथा पत्नीको भाग्यले नै त्यो मानिस भाग्यमानी हुनेछ। त्यसको साथै यदि विवाहरेखामा गुणन चिन्ह छ भने पत्नी विदुषी (पढे-लेखेकी) प्राप्त गर्नेछ।

१६१.

यदि व्यक्तिको हातमा मातृरेखाको साथै दुइटा भगिनी रेखा छ र हत्केलाको माझसम्म गएको छ भने त्यस मानिसको अनेक विवाह र अनेक स्त्रीसँग प्रणय-सम्बन्ध हुनेछ।



१६२.

सन्तानरेखा

बुधक्षेत्रमा विवाहरेखाबाट निस्केर पातला-पातला रौंजस्ता ठाड़ा-ठाड़ा रेखाहरू हुन्छन्, त्यही रेखालाई 'सन्तानरेखा' भन्दछन्। तर मत-मतान्तरले भोगरेखा र मणिबन्धको माझको भाग, जसमा चन्द्र र मंगलपर्वत विद्यमान हुन्छन् त्यसमा जति सरल एवं दीर्घ (लामा) रेखाहरू छन्, उति नै छोराहरू मानिन्छन्। अस्पष्ट (नबुझिने), क्षीण र चाहिनेभन्दा साना रेखाहरूलाई कन्या-रेखा भन्ने जान्नुपर्दछ।

१६३.

क्षीण, काटिएको र भग्न सन्तानरेखा छन् भने, त्यति सन्तानहरू त्यस व्यक्तिका मरेर जानेछन् भन्ने बुझ्नू। अत्यन्त क्षीण र साह्रै अस्पष्ट रेखाहरू स्त्रीको गर्भपात हुने र प्रजनन-शक्ति दुर्बल भएको हो भन्ने जान्नु पर्दछ।

१६४.

सुस्पष्ट र धेरै रेखाहरू जुन स्त्रीका हातमा होला, त्यो बहुप्रसविनी (धेरै सन्तान जन्माउने) होली। फेरि त्यसलाई प्रसवको बखतमा बर्ता कष्ट पनि हुने छैन। सन्तानरेखा अत्यन्त पातला हुन्छन् र कहिले काहीं गन्न पनि सकिंदैन। फेरि यस्तो रेखा विवाह नभएकाको हातमा पनि देख्न पाइन्छ। यस कारण त्यस रेखाको अध्ययन गर्दा विज्ञले खूब सावधानी राख्नुपर्दछ।

१६५.

सप्तवर्षीय नियम

सप्तवर्षीय नियमद्वारा रेखाहरूमाथि देखिने चिन्हहरूको अनुसार कुन किसिमको घटना कुन समयमा घटित हुनेछ भन्ने कुरा गणनाद्वारा निर्णय गर्नुपर्दछ; त्यस गणनाको आधार केवल हाम्रा पुराना ऋषि-मुनिहरूले लेखेका पुस्तकहरू र स्वयंको अनुभवको प्रयोग गर्नुपर्दछ। यस नियमद्वारा मुख्य-मुख्य घटनाहरू अथवा परिवर्तनहरूको तिथि, त्यो तिथि बितिसकेको होस् वा अगाडि आउने होस् गणनाद्वारा निकाल्नु पर्दछ।



१६६.

यो यौटा सिद्ध र प्राकृतिक नियम छ कि विश्वका सवै प्रणीहरूको शरीरमा प्रत्येक सात-सात वर्षमा अलिकति क्यै-न-क्यै परिवर्तन भइरहन्छ। आयुर्वेदीय विज्ञान पद्धतिद्वारा हामी वरावर पढ्दछौं कि प्राणीको जन्म हुनुभन्दा पहिले पनि त्यसका सात किसिमका रूप बन्दै र साटिंदै रहन्छन्। मनुष्यको वास्तविक मस्तिष्क पूर्ण हुनु र बढ़नुभन्दा पहिले नै क्रमानुसार सात रूप ग्रहण गर्दछ, फेरि सम्पूर्ण नियमहरूलाई परिवर्तन गर्न सात वर्ष लाग्दछ।

विशेष गरेर जीवनको अन्तर (फरक) झण्डै सात वर्ष जति एकै किसिमको रहन्छ। जहाँसम्म मनुष्यको शरीर स्वास्थ्यको परिवर्तनको सम्वन्ध रहन्छ, त्यो परिवर्तन नियम अनुमान गरै झैं ठीक-ठीक ठहर्छ। जस्तै—यदि यौटा वालक पहिलो सात वर्षको अन्तिम वर्ष अथवा छ सात वर्षको माझमा विचार गरिएको छ भने, त्यो निश्चिय नै फेरि वीस-एक्काइस वर्षको माझमा उस्तै किसिमको अस्वस्थता प्राप्त गर्नेछ। यसै किसिमले अन्य कुराहरू पनि रेखाहरूको आधारमा गणना गर्न सकिन्छ। ठीक यस्तै किसिमले भाग्यमा पनि प्रत्येक सात वर्षको फरक पंश्चात् अभिन्न (अर्को किसिमको) भाग्य आयो भन्ने कुरा सहजै जान्न सकिन्छ। यदि सात वर्षसम्म दुःखका दिन वितिरहेका छन् भने त्यसपछि सात वर्षसम्म सुख-सन्तोपका दिन अवश्य आउँछन्-त्यसैलाई हामी भाग्य सप्रेको वा भाग्यमा परिवर्तन भएका दिनहरू भन्दछौं तर त्यो समय वितेपछि यदि दुःखका दिनहरू फेरि आउन थाले भने त्यही सात वर्षे परिवर्तन हो भन्ने जान्नुपर्दछ।



१६७.

हत्केलाको केन्द्र मनुष्य जीवनको मध्य भाग अर्थात् ३५ वर्षको हुन्छ। विपेष रूपमा यो विन्दु त्यस स्थापना हुन्छ, जहाँ भाग्यरेखा (ऊर्ध्वरेखा) ले मातृरेखालाई काट्दछ। त्यसै कारण मंगल क्षेत्रलाई २१ देखि ३५ वर्षको भाग भन्दछन्। जीवनमा आइपर्ने कठोर र बर्ता परिश्रमको काम यही उमेरको थाप्लोमा पर्दछ।

मणिवन्धबाट शुक्रसम्म यदि यौटा रेखा तान्ने हो भने जुन स्थानमा भाग्यरेखालाई काट्दछ त्यही वर्षमान व्यक्तिको एक्काइसौं वर्ष होला तथा त्यही केन्द्रबाट अर्को रेखा यदि बुधस्थानसम्म तानिएको छ र जहाँ त्यसले भोगरेखालाई काट्दछ त्यो पैंतीस वर्षको वर्धमान हुन्छ। यस किसिमका कोणलाई यदि समद्विभाग गरिएदेखि जुन स्थानमा तेस्रो रेखाले भाग्यरेखालाई काट्दछ त्यही नै वाइसौं वर्ष हुनेछ।

अर्को प्रणाली यस्तो छ– रेखालाई उसको उत्पन्न भएको स्थानबाट अन्त्यसम्म कुनै पातलो डोरीले नापेर त्यसलाई वीसले भाग दिनु, अनि पाँच-पाँच वर्षको विभाग बन्दछ र यस किसिमका विभागहरूमा जुन चिह्न पर्दछ, त्यही वर्षमानमा घटनाको फल हुनेछ। हस्तरेखाद्वारा ठीक-ठीक तिथिको बोध गर्नु कठिन पर्दछ। विशेष रूपमा त्यसमा वर्ष दिन वा छ महीनाको अन्तर पर्दछ।

यसै किसिमले विवाहरेखावाट यो निर्णय गरिन्छ कि व्यक्तिको विवाह कहिले हुन्छ। यसको निम्ति भोगरेखावाट कनिष्ठा औंलाको मूल (जरा) सम्मको लमाई नापेर त्यसलाई पचहत्तर वर्षको संज्ञा दिएर पाँच-पाँच वर्षको विभाग गरेर जुन वयमानमा विवाहरेखा चिन्हित छ, त्यही विवाह समय हुनेछ।

स्वतन्त्र चिह्न

यव वा द्वीप

हातका औंलाहरूको अतिरिक्त हत्केलामा अन्यत्र रहने यव चिह्न शुभ-फलदाता हुँदैन। यसको उत्पत्ति स्थानबाट नै अशुभको सूचना र शेषभागको निर्दिष्ट वयमै अशुभबाट मुक्ति मिल्न सक्दछ। त्यो यव चिह्नयुक्त निर्दिष्ट (तोकिएको) समयसम्म यसको फलभोग रहन्छ। त्यो चिह्न यदि कुनै रेखामाथि छ भने मानिसको प्रवृत्ति कुनै घृणित (घिनलाग्दो) कार्यमा उत्पन्न हुन्छ र वंशगत पीड़ा बढ्दछ।



१६८.

१. यव-चिह्न भोगरेखा या हृदयरेखाको माथि छ र बृहस्पतिस्थान उच्च छ भने व्यक्ति व्यभिचारी होला र त्यसको हृत्-पिण्डमा रोग लागेको होला।

२. यव चिह्न शनिरेखा वा अर्ध्वरेखाको मध्यभाग भन्दा मास्तिर छ भने व्यक्ति कुनै नारीद्वारा प्रलोभित (लोभिएको) होला।

३. यवचिह्न मंगलको स्थानमा मातृरेखा वा मस्तकरेखाको मास्तिर छ भने मानिसको हत्या गर्ने प्रवृत्ति प्रबल हुन्छ।

४. यवचिह्न मंगलको स्थानवाट वाहिरी भागमा छ भने मानिस निर्धो र दुरभिसन्धिपूर्ण हुन्छ।

५. यदि यवचिह्न मातृरेखाभन्दा माथि छ र वृहस्पतिको स्थान उच्च छ भने मानिस वंशगत कपाल दुख्ने रोगले पीडित र जम्मामारा हुनका साथै वौलाहा पनि हुनसक्छ।

६. स्वास्थ्य रेखाभन्दा माथि यवचिह्न र त्यैसँग चन्द्र, वृहस्पति, शुक्र प्रवल छन् भने व्यक्ति गुप्तविद्यामा अनौठो लाभ प्राप्त गर्नेछ, तथा स्वप्नमा अनेक अलौकिक वस्तुहरूको दर्शन र अनेक उत्तम स्थानहरूमा भ्रमण गर्ने होला। यवचिह्न स्वास्थ्य रेखाको मास्तिर छ र वृहस्पति स्थान उच्च छ भने मानिस ठग र चोर होला।

७. यवचिह्न वृत्तिरेखाको आरम्भमा छ भने व्यक्तिको जन्मकालमै कुनै दुर्घटना हुन्छ।

८. यवचिह्न भाग्यरेखाको माथि र मातृरेखाभन्दा तल छ भने विजातीय स्त्री वा पुरुषद्वारा अनेक किसिमले प्रभावित हुन्छ। त्यस व्यक्तिको उन्नतिमा व्याघात र शुभ–फल प्राप्त हुने कर्महरूको नाश हुन्छ।

९. तर्जनी र मध्यमा औंलाको मूलदेश (फेद) मा यवचिह्न छ भने मानिस धनी, सुखी र स्त्री-पुत्र, गृहादिले सम्पन्न होला एवं अनामिका औंलामा सफासँग देखिने यवचिह्न भए अकस्मात् अर्काको सम्पत्ति प्राप्त हुनेछ।

१०. अंगुष्ठको मूल (जरा) मा यवचिह्न छ र मध्यरेखाको अन्तर्गत छ भने एवं औला पनि ताम्रवर्ण छ भने त्यो व्यक्ति धनी-मानी, ज्ञानी, समाजमा वरिष्ठ प्रभाव, विद्वान, सुखी र दीर्घजीवी हुन्छ।

११. अंगुष्ठको गर्भमा दुइटा यवचिह्न छन् भने व्यक्ति माता-पिताको भक्त, आत्मचिन्तक, विद्वान, सुखी, दाता, यशस्वी र ज्योतिषादि, सर्पविद्या-विशारद हुन्छ।

बिन्दु (Dots)

हत्केलामा सेतो-कालो दाग वा बिन्दुचिह्न छ भने त्यस व्यक्तिले अनेक कष्ट भोग्ने छ। त्यो जुनसुकै रेखाचिह्नमा भए पनि त्यसले शरीरको त्यसै भागको कष्ट हो भन्ने जान्नुपर्दछ।

१. सेतो रंगको विन्दु-चिन्ह खाल्डो परेको जस्तो हुन्छ र वो सदैव शुभफल दाता मानिन्छ। सेतो रंगको चिन्ह यदि मातृरेखामा छ भने व्यक्तिको निधारमा वा मस्तकमा चोट लाग्दछ। कालो वा नीलो चिह्न मातृरेखामा छ भने जातकमा स्नायुसम्वन्धी दुर्वलता उत्पन्न गर्दछ।



१६९.

२. पितृरेखामा नीलो चिह्न छ भने मानिसलाई शत्रुले विष प्रयोग गर्दछन् भन्ने जान्नु पर्दछ। त्यस्तो चिह्न यदि दुवै हातमा छ भने त त्यस व्यक्तिको विषपानद्वारा नै मृत्यु हुन्छ। केवल यौटै हातमा छ भने स्वयं विष-पान गरे पनि उपचारद्वारा जीवन-रक्षा हुन्छ।

३. भोगरेखाको मास्तिर यौटा प्रेमी पात्र-पात्री पाउनमा सफलता प्राप्त गर्ने छन् तर भोगरेखा एकभन्दा बढी बिन्दुयुक्त र साना-साना रेखाहरूद्वारा काटिएक खण्डित छन् भने व्यक्ति कसैको प्रेम प्राप्त गर्नमा हताश भएर दुःख पाउने र स्नेह-भाजन एवं आफ्ना स्वजन, प्रेमीहरूको विश्वास गर्नाले बारम्बार धोका खानेछ।

४. बिन्दु-चिह्न पितृरेखाको सूक्ष्म अंशको छेउमा छ भने अकस्मात् मृत्यु हुने शंकेत जान्नू।

५. बिन्दु-चिह्न रवि र भोगरेखाको संयोगस्थलमा छ भने मानिस नेत्ररोगी वा अन्धा पनि हुन सक्छ।

६. बिन्दु-चिह्न बुधस्थानको तल मंगलस्थानमा यौटै हातमा छ भने भूमिसम्बन्धी झगड़ामा सर्वस्व स्वाहा हुने शंकेत जान्नू। यस्तो चिह्न दुवै हातमा छ भने सम्पूर्ण भू-सम्पत्ति नाश भएर भिक्षाटन गर्नु पर्ने परिस्थिति पनि उत्पन्न हु सक्तछ।

७. बिन्दुचिह्न बृहस्पति स्थानमा छ भने सम्मान र धर्महानि एवं दुर्भाग्यको ढोका खोलिदिने जान्नू। रविस्थानमा भए सम्मान र धनहानि, समाजमा बहिष्कृत सधैं ठाउको दुखिरहने होला। शनिस्थानमा छ भने मानिस सहसा विपत्तिमा प

र भाग्यहीन भई दरिद्रताले अनेक थरिका कष्ट पाउला। चन्द्रस्थानमा छ भने पनि दरिद्रता, दुःखले पीडित र स्नायविक दुर्वलता वनिरहला, मङ्गलस्थानमा छ भने व्यर्थको मुद्दा लागेर धनको नाश हुनुका साथै व्यर्थको झै-झगडामा शत्रु लागेर चुटाई खाला। शुक्रस्थानमा छ भने शुक्र वा वीर्यसम्वन्धी रोग लाग्ला।

८. तर्जनी (चोर) औंलामा विन्दु-चिह्न छ भने कुनै ब्राह्मण चोरद्वारा धन हरण हुनेछ।

९. मध्यमा (माझी) औंलामा छ भने कुनै विदेशी वा अन्य धर्मावलम्वीद्वारा धन अपहरण हुनेछ।

१०. अनामिका (साहिंली) औंलामा विन्दु-चिह्न छ भने कुनै यवन (मुसलमान) द्वारा सारा सम्पत्ति हरण हुन्छ भनी जान्नू।

११. कनिष्ठ (कान्छी) औंलामा विन्दु-चिह्न छ भने मानिसको शरीरको धन अर्थात् मनी-वेग, घड़ी, औंठी, सिक्री आदि अलंकार चोरिएर जानेछ।

१२. यस किसिमको विन्दु-चिह्न वा कालो दागको उद्‌गम स्थान हेरेर निम्नलिखित रूपमा त्यसको वयमान निर्धारित गर्न सक्नुपर्दछ।

औंलाहरूको अग्रभाग (टुप्पा) वाट आरम्भ गरेर पहिलो गाँठोसम्म तीस वर्ष, दोस्रो गाँठोसम्म साठी वर्ष र तेस्रो गाँठो वा औंलाको जरासम्म नब्बे वर्ष मान्नुपर्दछ।

वृत्तचिह्न (Circle)

रवि क्षेत्रको अतिरिक्त अन्य ग्रहको क्षेत्र वा रेखा आदिको मास्तिर वृत्तको यसलाई अशुभकारक मान्दछन्।



१७०.

१. वृत्तचिह्न रविस्थानमा छ भने व्यक्तिले देश-विदेश डुलेर ख्याति, सम्मान र धन कमाउने छ।

२. चन्द्रस्थानमा यौटा वृत्त-चिह्न छ भने व्यक्तिले जलमा डूबेर मर्ने सम्भावना बढी रहन्छ। दुइटा चिन्ह छ भने अन्धो हुने डर रहन्छ।

३. वृत्तचिन्ह जुन-जुन ग्रहहरूको स्थानमा रहन्छ, मानिसले त्यही-त्यही ग्रहसम्बन्धी उन्नतिमा बाधा उपस्थित हुन्छ।

४. हृदयरेखा वा भोगरेखामा वृत्त चिन्ह छ भने त्यस व्यक्तिको हृदय दुर्बल हुन्छ।

५. मातृरेखामा वृत्तचिन्ह छ भने त्यो मानिस नेत्रहीन वा कानो हुन्छ।

६. अन्यान्य रेखाहरूमाथि वृत्तचिन्ह छ भने ती समस्त रेखाहरूको गुणहरूमा अवनति भएर जान्छ।

X X X X

१. तारा वा नक्षत्रचिन्ह बृहस्पतिको उच्चस्थानमा छन् भने मानिसको उच्च अभिलाषाहरूको सहजै पूर्ति हुन्छ र क्षमता, सम्मान, प्रेम र सौभाग्य प्राप्त हुन्छ।

२. तारा चिन्ह शनिस्थानमा छ भने त्यो मानिसको प्रकृति सार्है डरलाग्दो हुन्छ। यदि त्यही चिन्ह दुवै हातको शनिस्थानमा छ र त्यसको साथै बृहस्पतिको स्थान नीचो र मंगलको स्थान उच्च रहेछ भने त्यस मानिसलाई हत्याको अपराधमा मृत्युदण्ड प्राप्त हुन्छ। शनिक्षेत्रको भित्रपट्टि कुनामा यो चिन्ह छ भने हत्याको अपराध लागे पनि व्यक्ति निर्दोष प्रमाणित हुनेछ र कुनै किसिमको पनि दण्ड नपाइकनै बन्दी गृहबाट मुक्त हुनेछ।



१७१.

३. नक्षत्र चिन्ह रविस्थानमा पर्नुको साथै रविस्थान नीचो छ भने मनुष्य अनेक परिश्रम र उद्योगले ख्याति प्राप्त गर्दछ तथा धनी पनि हुन्छ तर सुख र स्वच्छन्दता एवं स्वाधीनताले हीन रहने छ।

४. ताराको चिन्ह नकाटिएको र रविस्थानमा छ र त्यस स्थानमा रविरेखा तथा अन्य दुई-तीन रेखाहरू छन् भने परिश्रमको बलले सुयश र सौभाग्य लाभ गर्नेछ।

५. नक्षत्र चिन्ह बुधस्थानमा छ भने मानिस लोभी, नीचआशय भएको, मिथ्यावादी विश्वासघाती र चोर हुन्छ।

६. नक्षत्र चिन्ह दुवै हातमा मंगल वा राहुस्थानमा छ भने त्यस व्यक्तिले अवश्य आत्महत्या गर्दछ।

७. नक्षत्र चिन्ह चन्द्रस्थानमा छ भने मानिस जाति र नजाति दुवै वानी भएको र सदासर्वदा चिन्तामा डुविरहने खालको अल्छी होला।

८. यदि नक्षत्र चिन्ह चारपाटे आकारको छ र चन्द्रस्थान उच्च तथा मातृरेखा चन्द्ररेखासम्म फैलिएको छ भने त्यो मानिसले पानीमा डुवेर आत्महत्या गर्नेछ।

९. नक्षत्र चिन्ह शुक्रस्थानमा छ भने कुनै असाधारण सुन्दरी स्त्रीद्वारा मानिसको दुर्भाग्य साधन हुन्छ।

१०. नक्षत्र चिन्ह मध्यमा औंलाको पहिलो गाँठोमा परेको छ भने व्यक्तिको सम्पति नाश हुन्छ तर त्यसको साथसाथै वृहस्पति र रविस्थान उच्च छ भने त्यस मानिसलाई अकस्मात् धनलाभको सुअवसर प्राप्त हुनेछ।

११. नक्षत्र चिन्ह मध्यमा औंलाको तेस्रो गाँठोमा छ भने मानिस हत्यारो हुन्छ र यदि त्यससँग ऊर्ध्वरेखा मिसिएको भए त त्यस व्यक्तिको लज्जाजनक मृत्यु हुन्छ।

१२. नक्षत्र चिन्ह वूढी औंलाको प्रथम र द्वितीय पर्वमा संभोगस्थलमा छ भने मानिसको आफ्नू इच्छाको विपरीत विवाह हुन्छ। तर उक्त चिन्हको साथमा वृहस्पतिको स्थान उच्च छ भने मानिसको उपरोक्त (माथि कहिएको) दोष नाश हुन्छ र भविष्यमा पनि त्यसलाई विवाहले सुख सन्तोष प्राप्त हुनेछ।

१३. हत्केलाको चारपाटे स्थानमा नक्षत्र चिन्ह छ भने त्यस व्यक्तिको साहित्य-सेवामा क्षति हुन्छ र नारी जाति त्यसमाथि माटोको खेलौना झैं ठनेर आफ्नू अधिकार राख्नेछ अर्थात् त्यो स्त्रीका हातको खेलौना वनिरहने छ तर त्यसलाई धनलाभ चाहीं भइरहने छ।

१४. नक्षत्र चिन्ह चन्द्रक्षेत्रमा जलभ्रमण रेखाको मास्तिर छ भने त्यस व्यक्तिको मृत्यु जल-भ्रमणमै हुन्छ।

१५. अंगुष्ठको प्रथम खण्डमा नक्षत्र चिन्ह छ भने त्यस व्यक्तिको भाग्य प्रबल रहने छ र त्यो दाता, सच्चरित्र एवं न्यायप्रिय हुन्छ।

१६. तर्जनी (चोर) औंलाको प्रथम खण्डमा नक्षत्र चिन्ह छ भने त्यो मानिस सौभाग्यशाली, दानी, सच्चरित्र-प्रिय र न्यायप्रिय हुन्छ।

१७. तर्जनीको द्वितीय खण्डमा नक्षत्र चिन्ह छ भने त्यो व्यक्ति सच्चरित्रवान् हुन्छ तथा हातमा अशुभ चिन्ह छ भने त चरित्रहीन पनि हुन सक्दछ.

१८. तर्जनीको तृतीय खण्डमा नक्षत्रचिन्ह छ र अन्य लक्षणहरू पनि राम्रा छन् भने मानिस चरित्रवान् हुन्छ, अन्यथा चरित्रहीन पनि हुन सक्दछ।

१९. मध्यमाको द्वितीय खण्डमा नक्षत्र चिन्ह छ भने व्यक्ति दैवी दुर्घटनामा मर्नेछ।

२०. अनामिकाको प्रथम खण्डमा नक्षत्र चिन्ह भए मानिस प्रबल शक्तिवान् र प्रतिभाशाली हुन्छ।

२१. अनामिकाको द्वितीय खण्डमा नक्षत्र चिन्ह भए मानिस यशस्वी, मीठो बोल्ने, दयालु, सुशील र वाठो हुन्छ।

२२. अनामिकाको तृतीय खण्डमा नक्षत्र चिन्ह भए मानिस धी-शक्ति-सम्पन्न, कौतुक, प्रिय संगीतज्ञ, अभिनेता, कवि र प्रेमीको गुणले सम्पन्न हुन्छ।

२३. कनिष्ठाको प्रथम खण्डमा नक्षत्रचिन्ह भए व्यक्ति अविवेकी असंयमी, कुत्सित भाषी र दुष्टवुद्धि भएको हुन्छ।

२४. कनिष्ठाको द्वितीय खण्डमा नक्षत्रचिन्ह भए मानिस वैज्ञानिक देशभक्त, जनप्रिय तथा वाग्मी (बोल्न जान्ने) हुन्छ।

२५. कनिष्ठाको तृतीय खण्डमा नक्षत्रचिन्ह भए साहित्य, कला एवं विद्यानुरागी र सुवक्ता हुन्छ।

२६. मणिवन्धको तीनै रेखाहरूको माझमा नक्षत्र-चिन्ह छ भने व्यक्तिले अनायास अर्काको धन पाउँछ। यदि चिन्ह स्पष्ट छैन भने विषय-लम्पट हुन्छ।

२७. अंगुष्ठको मूल र पितृरेखाको योग स्थानमा नक्षत्रचिन्ह भए मानिस कपाल दुख्ने व्यथाले पीडित रहला र सबै कार्यमा असफलता एवं विघ्न-बाधाहरूको बाहुल्यमै जीवन-यापन गर्ने हुन्छ।

गुणन चिह्न (Cross)

बृहस्पति स्थानको अतिरिक्त अन्यान्य स्थानमा गुणनचिन्ह छ भने अशुभ फल दिने हुन्छ।

१. बृहस्पतिस्थानमा गुणन चिन्ह छ भने व्यक्तिको विवाह अत्यन्त सुखकर हुन्छ। त्यसको साथै उर्ध्वरेखा र रविरेखा चन्द्रक्षेत्रबाट नाघेर जान्छ भने त्यो विवाह अंझ बर्ता सुखकर तथा समृद्धि बढाउने हुन्छ।

२. गुणन-चिन्ह शनिको स्थानमा छ भने व्यक्ति गुप्तविद्याको प्रेमी र धर्मको विषयमा बौलाहा जस्तै हुन्छ। पछि त्यो व्यक्ति क्रमशः गम्भीर हुँदै जान्छ।



१७२.

३. गुणन चिन्ह रविस्थानमा भए विचार र शिल्प विद्यामा व्यक्तिलाई भ्रम उत्पन्न हुन्छ र साथै रविको स्थान उच्च हुनाले त्यसको यश, विद्या र धनलाभको योग रहन्छ।

४. गुणन चिन्ह बुधस्थानमा भए मानिस शठ, मिथ्या बोल्ने, अविश्वासी र चोर हुन्छ। बुधस्थान उच्च भए शुभ फल दिन्छ र रेखाहरू छन् भने मानिस बाठो, राजनीतिज्ञ र व्यवसायी हुन्छ।

५. मंगल स्थानमा गुणन चिन्ह हुने मानिस झगड़ा गर्ने, स्वार्थी र हठी स्वभावको हुन्छ।

६. चन्द्रस्थानमा गुणन चिन्ह हुने मानिस झूठो बोल्ने हुन्छ। गुणन चिन्ह चाहिने भन्दा ठूलो आकारमा छ भने त्यो आत्मप्रतारक हुन्छ. तर गुणन सान्है सानू छ भने मानिस कल्पनाशील र गुप्तविद्याको शिक्षामा रत रहन्छ। चन्द्रको तल्लो भागमा छ भने पानीमा डुबेर मृत्यु हुन्छ।

७. शुक्रस्थानमा गुणनचिन्ह हुने व्यक्तिको यौटा अप्रिय विवाह हुन्छ, साथै बृहस्पति-स्थान उच्च भए व्यक्तिको वैवाहिक जीवन सुखमय हुन्छ। त्यही गुणन चिन्ह व्यक्तिलाई गुप्त र विपत्तिपूर्ण प्रेममा आशक्त पार्दछ। साथमा बृहस्पति पर्वत उच्च भएर त्यसमाथि पनि गुणन चिन्ह छ भने दुवैको प्रेम सुखकर हुन्छ।

८. भोगरेखाको तल गुणन-चिन्ह भए व्यक्तिको अत्यन्त हीन अवस्था हुन्छ र त्यसले कष्टमय जीवन-यापन गर्नुपर्नेछ।

९. राहुस्थानमा गुणन-चिन्ह भए लडाई-झगडामा त्यस व्यक्तिको मृत्यु हुनेछ।

१०. हत्केलाको त्रिकोण स्थानमा गुणन चिन्ह भए व्यक्ति अविवेकी, असंयमी, हठी र झगडा गर्ने होला।

११. अंगुष्ठको पहिलो खण्डमा गुणन चिन्ह भए व्यक्ति निर्बोध, वाचाल र चरित्रहीन होला।

१२. अंगुष्ठको दोस्रो खण्डमा गुणनचिन्ह हुने मानिस विद्वान र सुविचारक तथा अर्कामाथि आधिपत्य गर्ने अधिकार भएको होला।

१३. तर्जनीको पहिलो खण्डमा गुणन चिन्ह हुने मानिस प्रेममा निराश र व्यापारमा [illegible] विकृत भएको हुनाले छिटै मर्नेछ।

१४. तर्जनीको द्वितीय खण्डमा गुणन चिन्ह हुने मानिस मिथ्यावादी, नीचाशयी, रूखो स्वभाव भएको र हिंस्र प्रकृतिको हुन्छ।

१५. तर्जनीको तृतीय खण्डमा गुणन चिन्ह हुने मानिस चरित्रहीन र पैतृक सम्पत्तिको नाश गर्ने हुन्छ।

१६. मध्यमा औंलाको प्रथम खण्डमा गुणन चिन्ह हुने मानिस व्यर्थको तर्क र शंकालु तथा आत्महत्या गर्ने होला।

१७. मध्यमाको द्वितीय खण्डमा गुणन-चिन्ह भए व्यक्तिको धन बिफर आदि अनेक रोग लाग्नाले नाश भएर जान्छ।

१८. मध्यमाको तृतीय खण्डमा गुणन-चिन्ह हुने व्यक्ति असंयत, इन्द्रिय लम्पट हुनाले वीर्यसम्बन्धी व्याधि लागेर नपुंसक भई छिटै मर्नेछ।

१९. अनामिकाको पहिलो खण्डमा गुणन-चिन्ह हुने मानिस विद्वान, वक्ता, शिल्पी, साहित्यकार र अनुरागी होला।

२०. अनामिकाको द्वितीय खण्डमा गुणन-चिन्ह भए मानिस अभिमानी, निष्ठुर, लोभी, शठ, भीरू र हिंस्र हुन्छ।

२१. अनामिकाको तृतीय खण्डमा गुणन चिन्ह हुने व्यक्ति अनेक थरिका शुभ कार्यहरूमा बाधादिने विचारको हुन्छ।

२२. कनिष्ठाको प्रथम खण्डमा गुणन चिन्ह हुने व्यक्ति हठी, स्वार्थी र झूठो बोल्ने हुन्छ।

२३. कनिष्ठाको द्वितीय खण्डमा गुणन चिन्ह हुने व्यक्ति कुनै पनि कार्यमा विघ्न-बाधा आइपर्नासाथ दुःखी र निराश हुन्छ।

२४. कनिष्ठाको तृतीय खण्डमा गुणन चिन्ह हुने व्यक्ति अत्याचारी, सामाजिक कार्यमा शासनको भय मान्ने र चोर हुन सक्दछ।

२५. मणिबन्धको तीन रेखाहरूको माझमा गुणनचिन्ह हुने व्यक्ति निरोग र असल स्वास्थ्य भएको हुन्छ।

जालचिन्ह (Grills)

१. जालचिन्ह बृहस्पति स्थानमा हुने मानिस अभिमानी, र सबैमाथि आफ्नू प्रभुत्व दर्शाउने इच्छा भएको महत्वाकांक्षी हुन्छ।

२. शनिस्थानमा जालचिन्ह हुने व्यक्ति भाग्यहीन हुन्छ।

३. रविस्थानमा जालचिन्ह हुने मानिस मूर्ख गौरवको आकांक्षी, शक्तिहीन र भ्रष्ट बाटोको पथिक होला।

१७३.

४. जुन हातको बुधस्थानमा जालचिन्ह होला त्यो मनुष्य अविश्वासी, शठ र चोर हुन्छ। यसमा शंका छैन।

५. मंगल स्थानमा जाल चिन्ह हुने मानिस सदैव दु:खी, अस्थिरचित्त र असंतुष्ट रहला। सधैं आफ्नू मृत्यु डाकिरहने छ र अकस्मात् त्यसको मरण होला।

६. चन्द्रस्थानमा जालचिन्ह हुने मानिस सधैं रोगी रहला साथै शनिस्थानमा नक्षत्र भएदेखि त उच्चपदको अभिलाषी र चंचल चित्त भएको होला। त्यसको मांस-पेशीहरू सदैव संकुचित रहनाले कष्ट भोगिरहने छ।

७. चन्द्रस्थानमा जाल चिन्ह छ र रविरेखा प्रबल छ भने व्यक्ति पद्य र गीत-काव्य तथा साहित्य रचनामा पारंगत हुनेछ।

८. शुक्रस्थानमा जालचिन्ह छ र हातमा शुक्रबन्धनी रेखा छ भने मानिस निष्ठुर, दुष्ट प्रकृतिको र लम्पट एवं निराश प्रेमी हुनाले आत्महत्याको इच्छा राख्दछ। यदि अंगुष्ठको प्रथम खण्ड ठूलो छ र मातृ-पितृ रेखा प्रबल छ भने शुक्रबन्धनीको अशुभ फल नष्ट भएर जान्छ।

चतुष्कोण चिन्ह (Square)

१. शुक्रक्षेत्रमा चतुष्कोण (चारपाटे) चिन्ह हुने व्यक्ति धर्मोन्नतिको लागि घरबार त्यागेर संन्यासी भएर शिक्षा प्राप्त गर्न गुरुकुलमा जानेछ।

२. यदि जीवनरेखामा द्वीप छ र टूट-फूट छ वा शुक्रपर्वतको चतुष्कोणसँग सम्बन्धित छ भने व्यक्तिले झ्यालखान पर्नु पर्दछ तर शुक्रक्षेत्रको माझमा चतुष्कोणले संलग्न यौटा त्रिकोण छ भने तथा चतुष्कोण उक्त त्रिकोणको माझमा स्थित छ भने उपरोक्त दोषमा आमूल परिवर्तन हुनेछ।

३. शनिक्षेत्र नै चतुष्कोण परेको छ भने त्यसले व्यक्तिलाई अनेक थरिका आपत्ति र दुर्घटनाबाट रक्षा गर्दछ। यदि चतुष्कोणको माझमा रातो बिन्छु देखिन्छ भने त्यो मानिस आगोमा डढेर मर्नेछ।

४. रविक्षेत्रमा भएको चतुष्कोण चिन्हले यशप्राप्ति र धनोपार्जनमा आइपर्ने सबै बाधालाई नाश गर्दछ।

५. बुध स्थानको चतुष्कोण चिन्हले विद्या, शिक्षा, व्यवसाय अथवा अन्य कुनै पनि आर्थिक क्षेत्रका विघ्न बाधाहरूलाई नष्ट पार्दछ।

६. बृहस्पति क्षेत्रमा वर्ग चिन्ह हुने व्यक्तिको उच्च आकांक्षाहरूमा आइपर्ने समस्त बाधाहरूलाई नष्ट पारी इच्छा पूर्ण पार्न सहयोग दिन्छ।



१७४.

७. मंगलपर्वतमा वर्ग चिन्ह हुने मानिस विशाल भूमि र अगाध सम्पत्तिको अधिकारी वा स्वामी हुन्छ र त्यसको उत्तेजना एवं कामेच्छाको पनि दमन हुन्छ।

८. राहुपर्वतमा चतुष्कोण चिन्ह हुने व्यक्ति सदैव कर्तव्य पालनमा तत्पर, न्याय-परायण, यशस्वी, स्वार्थत्यागी, सम्मानित र परोपकारी हुन्छ तर अनेक ठाउँमा आफ्ना मित्रद्वारा धोखा खाने छ।

९. पितृरेखामा चतुष्कोण चिन्ह छ भने त्यस युक्त स्थानको निर्दिष्ट वयमानमा योग खण्डित हुन्छ। हत्याको अपराधमा फाँसीको सज्याय पाइसकेको भए पनि दण्डाज्ञा घटेर केवल झ्यालखानको कष्ट मात्र भोग्नु पर्ने स्थिति स्वतः आउँछ।

१०. शुक्रस्थानको चतुष्कोणको चिन्हमा हाँगाहरू छन् र अंगुष्ठको मूल स्थान सँग सम्बन्धित छ भने विवाहको ज्ञापक मानिन्छ।

११. चन्द्रक्षेत्रको चतुष्कोणले चन्द्रस्थानको सबै अशुभ फलहरूलाई शुभफलमा साटिदिन्छ।

त्रिकोण वा त्रिभुज चिन्ह (Triangles)

१. बृहस्पति स्थानमा त्रिभुज चिन्ह हुने व्यक्ति वैदेशिक दूत कार्यमा नियुक्त हुन्छ।

२. शनिस्थानको त्रिभुजले मानिसलाई गुप्त-विद्या वा इन्द्रजालसम्बन्धी विद्यामा पारंगत पार्दछ।



१७५.

३. रवि क्षेत्रको त्रिभुजले मानिस विज्ञान-शास्त्र र शिल्पविद्या विशारद हुन्छ तथा सुयश र धन लाभ पनि गर्दछ।

४. बुधस्थानमा भएको त्रिकोण चिन्हले व्यक्ति विद्वान र राजनीतिज्ञ बनाउँछ तर तिनको जीवन, कर्मक्षेत्र अनेक विघ्न-बाधाहरूले भरिएको हुन्छ।

५. मंगल स्थानमा त्रिकोण चिन्ह हुनें व्यक्ति रणनीतिमा विशारद र अस्त्रविद्यामा निपुणता प्राप्त गरेर प्रभुत्वको इच्छुक हुन्छ।

६. शुक्रस्थानमा त्रिकोण हुने व्यक्ति विशेष रूपले प्रेमको परीक्षा गरेर मात्र त्यसमा लिप्त हुन खोज्दछ।

७. चन्द्रक्षेत्रमा त्रिकोण चिन्ह हुने व्यक्ति धर्मपरायण, कवि र जादूको विद्यामा निपुण होला तथा प्रत्येक विषयमा कृतित्वको परिचय प्रदान गर्दछ तथा त्यसलाई स्त्रीरूपी धन प्राप्त हुनेछ।

८. चन्द्रक्षेत्रको निम्न भागमा त्रिभुज चिन्ह हुने व्यक्ति बालिक अवस्था हुनासाथ पैतृक सम्पत्तिको स्वामी हुनेछ।

९. हातमा शुक्रक्षेत्रको माझमा पितृरेखाको छेउमा त्रिभुज चिन्ह छ भने व्यक्तिको सम्मान र उच्चपदमा क्षति पुग्दछ।

१०. रविरेखाको प्रभावभित्र परेको त्रिभुज चिन्हको बायाँ कोण कुनै अर्को रेखाद्वारा काटिएको वा विभाजित भएको छ भने त्यो सम्भ्रान्त पदको निर्देशक वा ज्ञापक हुन्छ।

११. अंगुष्ठको पहिलो खण्डमा त्रिभुज चिन्ह हुने मानिस आफ्नू इच्छा-शक्तिलाई वैज्ञानिक क्षमताद्वारा संचालित गर्ने हुन्छ।

१२. अंगुष्ठको द्वितीय खण्डमा त्रिभुज चिन्ह हुने मानिस दार्शनिक वा ठूलो वैज्ञानिक हुन्छ।

१३. मध्यमा औंलाको तृतीय खण्डमा त्रिभुज चिन्ह हुने व्यक्तिले जुन कार्य गरे पनि असफलता नै प्राप्त गर्नेछ।

१४. तर्जनी आदि चारै औंलाको तृतीय खण्डमा कोणयुक्त रेखाहरू अनेक थरिका पीड़ा र दुर्बलताका सूचक मानिन्छन्।

१५. चारै औंलाको द्वितीय खण्डको माझमा १५ अंकको नगीच द्वित्वकोण युक्त रेखाहरू हुने मानिस ठूलो जुआडे हुन्छ।

१६. तर्जनीको तृतीय र प्रथम खण्डमा १५ र १६ अंकभन्दा माथि त्रिकोण चिन्ह हुने व्यक्ति प्रत्यक्ष देखेर वा आफूले नजानेको अर्कासँग जान्ने प्रवृत्ति भएको र जादूसम्बन्धी विद्यामा पारंगत हुन्छ।

१७. अनामिकाको प्रथम खण्डमा १७ अंकभन्दा माथि त्रिकोण चिन्ह हुने मानिस प्रसाधन वा सौन्दर्यवर्धनकारी विद्यामा निपुणता लाभ गर्ने खालको हुन्छ।

१८. अनामिकाको तृतीय खण्डमा १८को नगीचै त्रिभुजको चिन्ह हुने मानिस कुनै पनि समाचार अथवा त्यसै पनि कुरा-कानी गर्दा अतिरंजित (फुँदा जोरेर) बोल्नमा सिपालु र निकै बाठो हुन्छ।

१९. कनिष्ठा औंलाको प्रथम खण्डमा १९को अंकभन्दा माथि त्रिभुज हुने व्यक्ति अदम्य उत्साह भएको, धीर, प्रखर र स्मृतियुक्त (सम्झना राख्न सक्ने) प्रतिभाशाली लेखक हुन्छ।

२०. कनिष्ठा औंलाको तृतीय खण्डमा २०को अंकभन्दा माथि त्रिकोण चिन्ह हुने मानिस कल्पना गर्नमा प्रवीण र प्राकृतिक सौन्दर्यको प्रेमी हुन्छ।

मुद्रा

मुद्रा- हातका औंलाहरूको प्रथम खण्डमा चन्द्रजस्ता चिन्हहरूलाई 'मुद्रा' भन्दछन्। करतलमा यौटा मात्र मुद्रा हुने मानिस राजा, दुइटा मुद्रा हुने प्रसस्त धनी र तीन मुद्रा हुने तथा एउटा पनि नहुने सदैव दुःखी रहन्छ।



१७६.

अंगुष्ठमा मुद्रा हुने मानिस पनि राजा वा राजातुल्य सम्पत्ति भएको, प्रभावशाली, यशस्वी बुद्धिमान् र सबै कार्यमा निपुण हुन्छ। जसको अंगुष्ठमा चक्रपूर्ण-यव वा पद्मचिन्ह देखिन्छ त्यो व्यक्तिले पैतृक सम्पत्ति प्राप्त गर्दछ।

तर्जनी औंलामा चक्रचिन्ह हुने व्यक्ति आफ्ना कुनै भाई वा पिताद्वारा धन प्राप्त गर्दछ। जसको तर्जनीमा चिन्ह नभएर विपरीत कुनै चिन्ह छ भने त्यस मानिसको आयभन्दा व्यय बढी हुन्छ।



१७७.

मध्यमांगुलीमा चक्रचिन्ह हुने व्यक्ति देवताद्वारा धन प्राप्त गर्दछ। जसको मध्यमा औंलामा चक्र चिन्ह छैन र कुनै विपरीत चिन्ह छ भने दैवी प्रतिबन्धमा त्यसको धन क्षय भएर जान्छ।

अनामिका औंलामा चक्रचिन्ह हुने व्यक्ति अनेक उपायबाट वा मित्रद्वारा धन प्राप्त गर्दछ। जसको अनामिका औंलामा विपरीत चिन्ह छ, त्यसको अनेक विषयमा धन-नाश भएर दुःखी हुनेछ।

कनिष्ठामा चक्र हुने व्यक्ति वाणिज्यद्वारा धन कमाउँछ। जसको कनिष्ठामा चक्रचिन्ह नभएर अरू नै कुनै विपरीत चिन्ह छ, त्यसले गरेको जुनसुकै व्यवसायमा पनि लाभको साटो मूलधन पनि डुब्दछ।

जसका सबै औंलाहरूमा चक्राकृति रेखाहरू छन् त्यो महाबलवान् र सर्वलक्षण सम्पन्न हुन्छ।

जुन नारीको अंगुष्ठको मूलदेखि मध्यमागसम्म स्थूल र चक्राकार रेखा रहन्छ, त्यो नारी कुलटा, नष्ट-प्रकृतिको दयाहीन, प्रत्येक पुरुषतर्फ तत्काल आकर्षित हुने र रतिकर्ममा प्रचण्ड उग्रा एवं स्वाधीन हुन्छे।

जुन स्त्री वा पुरुषको नाडीमा निस्केको रेखा क्रमशः मध्यमा औंलासम्म फैलिएको पाइन्छ वा चरण-तलमा ऊर्ध्वरेखा छ, त्यो पुरुष वा स्त्री राज्य सुख भोग्न पाउँछन्।

करतलको कनिष्ठा औंलाबाट निस्केर जुन रेखा प्रवेशिनी अर्थात् तर्जनी र मध्यमा औंलाको मध्यभागसम्म गएको छ, त्यसलाई आयुरेखा पनि भन्दछन्, त्यो जति सानो हुन्छ, आयुको परिमाण पनि त्यति नै थोरै हुन्छ भन्ने जान्नू अत्यावश्यक छ।

कतिपय विद्वानहरू अंगुष्ठको फेदमा जति रेखाहरू छन् त्यति नै सन्तान हुन्छन् भन्दछन्।

१७८.

मणिबन्ध रेखा

जसको नाडी निगूढ, सुगठित र सुगन्ध-युक्त हुन्छ त्यो व्यक्ति राजा या राजा-तुल्य ऐश्वर्यशाली हुन्छ। जसको नाडी शब्द-युक्त छ र हातमा खाडल परेको छ, त्यो अधम र धनहीन हुन्छ। यदि कुनै नारीको मणिवन्ध निगूढ र पंजा पद्म (कमल)को भित्री भाग झैं दर्शनीय र हत्केला समभाव अर्थात् न धेरै अग्लो न होचो छ भने त्यो प्रचुर सम्पत्तिकी स्वामी हुनेछ। जसको नाडी ऊर्ध्वनाडी भएको छ त्यो स्त्री अत्यन्त दुःखी, पापकर्ममा आसक्त र कठोर स्वभाव भएकी होली।

१७९.



१८०.

नाडीको एक छेउदेखि अर्को छेउसम्म विस्तृत रूपमा फैलिएका रेखाहरूलाई "वलय" वा "जीवन वलय" भन्दछन्। हत्केलाको तल्लो किनारमा पहिलो स्वास्थ्य, दोस्रो धन र तेस्रो-चौथो वलयले छोरो तथा असल स्वभावको विचार गरिन्छ। वलयहरू सफा र सरल छन् भने सुख शान्ति र सौभाग्य प्राप्त हुनेछ।



१८१.

तीन अथवा चार वलयहरू परस्पर झ्याल जस्तो आकारमा छन् भने अतिरिक्त परिश्रमद्वारा सम्पत्ति उपार्जन र काट-कूट छ भने मानिस अल्पव्ययी अथवा अत्यन्त कृपण हुनेछ।



१८२.

यदि कसैको नाडीमा समान रूपमा र उत्तम वर्ण भएका चार रेखाहरू छन् भने त्यस व्यक्तिको आयु ८० वा १०० वर्ष जान्नू। तर ती रेखाहरूभन्दा मास्तिर दुइटा

शाखा (हाँगा) जस्तो बनेका अथवा कोणको आकार बनेको छ भने त्यो मानिस आफ्नू कुनै सम्बन्धीको मृत्युपछि त्यसको ठूलो सम्पत्तिको उत्तराधिकारी हुन पाउने छ। वृद्धावस्थामा त्यसले आफ्नू योग्यतानुसार सम्मान पनि प्राप्त गर्नेछ। फेरि त्यो मानिस असल स्वभाव भएको र राम्रो शरीर-स्वास्थ्यको होला।

कसैको मणिबन्धमा तीन रेखाहरू छन् र ती तीनैं रेखाहरू सान्है नगहिरिएर विस्तृत रूपमा फैलिएका छन् भने त्यस व्यक्तिको आयु साठी वर्षको हुनेछ। साथै त्यो मानिस खूब धनवान होला तर यौवनकालमा दरिद्र भएर ठूलो कष्ट भोग्नेछ।

यदि मणिबन्धको प्रथम-रेखा स्थूल र दोस्रो कृश अनि तेस्रो क्षुद्र छ भने व्यक्तिको प्रथम उमेरमा ऐश्वर्य, द्वितीयमा अवनति वा ह्रास र तृतीयमा फेरि ऐश्वर्यको वृद्धि हुनेछ।

यदि कसैको नाडीमा दुइटा रेखा मात्र छ भने त्यसको परमायु साठी वर्ष होला र त्यो सधैं विरामीनै परिरहला। यदि यौटा रेखा मात्र छ भने मानिस अल्पायु हुनेछ। यदि कसैको नाडीका रेखाहरू यता-उता छरिए झैं र बाहिरतिर यस किसिमले विस्तृत फैलिएका हुन् कि तिनमा कुनैले पनि कसैलाई स्पर्श गरेको नहोस्, बरू वक्ररूपमा अनेक दिशामा गएका छन् भने त्यो मानिस श्रेष्ठ प्रतिभावान्, कुतूहली, उच्च विचारमा लीन रहने, साहसी, उन्नतिशील र उच्चतम, विषय प्रति विशेष रुचि राख्ने खालको होला।

यदि नाडीका रेखाहरू जोड़ी मिलेर चन्द्रको उच्चस्थानतिर गमन गर्दछन् र यदि यौटा रेखा यकृतको मास्तिर चढेको छ तथा असमान छ भने त्यो मानिस अत्यन्त कष्टमा पर्ला र मनको कष्ट, दुर्दशा अथवा दुर्भाग्यको भावी सूचना हो भन्ने जान्नू। केवल त्यति मात्र होइन गुप्त हत्या, प्रतारण (बेइज्जति), शत्रुको आक्रमण र समस्त सांघातिक एवं अपकारक कार्यहरूको पूर्व सूचना जान्नू। यदि कसैका नाडीका रेखाहरू रक्तवर्ण र अमिश्रित छन् भने त्यो मानिस सामरिक ज्ञाता, एवं योद्धा हुन्छ तथा युद्धद्वारा नै त्यसको भाग्योदय हुनेछ। रण-देवताको कृपाले त्यसले रणमै सम्मान प्राप्त गर्ला।

१८३.

नाडीका रेखाहरूको प्रथम रेखामा यदि जौ र सिक्री (नेल) जस्तो चिन्ह भए त्यो कृतकार्यताको निर्देशक मानिन्छ। त्यो मानिस आफ्नू परिश्रमको फलले जल र

स्थल व्यापारमा प्रचुर ऐश्वर्य लाभ गर्नेछ, फेरि ती रेखाहरू रक्तवर्ण अलि-अलि सेतो रंग भएका छन् भने विशेष रूपमा समुद्री व्यवसायले प्रचुर धन लाभ गराउँछ भन्ने जान्नू।

१८४.

नाडीबाट अनेक रेखाहरू बर्ता परिमाणमा फैलिएर यदि चन्द्ररेखाको समतल दिशातर्फ गएर उतै समाप्त भएका छन् भने त्यस मानिसले धेरै दिनसम्म र धेरै परसम्म स्थल-मार्गद्वारा विश्व-भ्रमण गर्न पाउँछ, यसमा शंका छैन।

यदि नाड़ीबाट आरम्भ भएर कुनै रेखा पितृरेखालाई भेदन गर्दै हत्केला र हातको अवनत स्थानमा जान्छ र त्यो रक्तवर्णको छ भने बुद्धिहीनता र शारीरिक दुर्बलताको ज्ञान गराउँछ तथा कमजोरीले गर्दा त्यसकी स्त्री पनि व्यभिचारिणी भएर जान्छे, यो निश्चय जान्नू।

१८५.

मणिबन्धका रेखाहरूले पंजालाई हातबाट पृथक् पारेको छ, अतः नाडीबाट जति रेखाहरू देखापर्दछन्, ती सबै केवल तीस वर्षको परमायु जताउने हुन्छन्। यहाँ यो कुरा बुझ्नुपर्दछ कि हत्केलाका निश्चित ग्रहहरू नै आयुका प्रदाता हुन्छन्। कुन-कुन ग्रहहरू कति-कति वर्षको आयुष्य प्रदान गर्दछन्-त्यो तल लेखिए अनुसार जान्नू।

शुक- ८३ वर्ष	बृहस्पति-४७ वर्ष
शनि- ५८ वर्ष	रवि- ८२ वर्ष
चन्द्र- १००वर्ष	मंगल- ४९ वर्ष
बुध- ८० वर्ष	राहु- ५० वर्ष

मणिबन्धबाट उठेको रेखा प्रदेशिनी अर्थात् तर्जनीको मूलमा संलग्न छ भने मनुष्य शतायु हुन्छ। त्योभन्दा कम छ भने त्यसै अनुपातको क्रमले आयुको कल्पना गर्नुपर्दछ। त्यो रेखा छिन्न-भिन्न छ भने कुनै वृक्षबाट लड्दछ। त्यस रेखाको छिन्न-भिन्न स्थानको

अनुपातको अनुसार जति वर्षको अंशमा मिलित भएको छ, त्यही वर्षमा त्यो व्यक्ति वृक्षबाट लोटेर मृत्युमा प्राप्त हुनेछ।

पर्व ग्रन्थि रेखा



१८६.

हातका औंलाहरूलाई तीन भागमा बाँड्न सकिन्छ। त्यसका प्रत्येक भागलाई एक-एक खण्ड वा पर्व भन्दछन्। औंलाको अन्तिम भागबाट प्रथम ग्रन्थिसम्मको स्थानलाई पहिलो खण्ड, फेरि पहिलो खण्डबाट दोस्रोको स्थानसम्म द्वितीय खण्ड र द्वितीयखण्डबाट अन्त्यसम्म तृतीय खण्ड भन्दछन्।

पर्वविचार गर्नको निम्ति हस्त-पृष्ठको गाँठो हेरेर विचार गर्नु आवश्यक छ। अनेक हातहरूमा औंलाहरूको प्रान्त भागभन्दा नङ ठूल-ठूला देखिन्छन् अतएव प्रथम खण्डको विचार गर्नका लागि नङको बर्ता अंशलाई छाडेर विचार गर्नुपर्दछ। खुट्टाको विचारको यो नियम अंगुष्ठ बाहेक अरू सबै औंलाहरूमा ठीक मानिन्छ।

१. जुन मनुष्यको औंलाका सबै पर्व दीर्घ (लामा) हुन्छन्, त्यो अनेक सन्तान लाभ गर्ला र भाग्यमानी, चिरायु होला।

२. जसका औंलाहरू बाक्ला हुन्छन् र तिनमा तीन धर्काहरू हुन्छन्, त्यो मानिस धन-जनहीन हुन्छ।

३. जसको कनिष्ठ औंलाको मूलमा तीन रेखाहरू हुन्छन् त्यो मानिस भोगी र सुखी हुन्छ। फेरि उही स्थानमा एक, दुई, तीन चार वा पाँच रेखाहरू छन् भने तीन विपुल भोगदायक हुन्छन्।

४. कनिष्ठा, अनामिका, मध्यमा र तर्जनी यी चारै औंलामा प्रत्येकको पर्वरेखा तीन-तीनको क्रमले गनेदेखि १२ भिन्ना-भिन्नै रेखाहरू छन् भने त्यो मानिस धन-धान्यले सम्पन्न र सबै किसिमले सुखी हुन्छ।

५. जसको कनिष्ठादि चार औंलाहरूको पर्व रेखा पृथक्-पृथक् गणनामा तेह्र पुग्दछ, त्यो महादु:खी र महापापी हुन्छ, यसमा शंका छैन।

६. कसैको कनिष्ठादि आदि चार औंलाहरूको पर्व रेखाहरू भन्दा १५ पुग्दछ भने त्यो मानिस अवश्य चोर हुन्छ। त्यसै गरी गणनामा १६ पुग्यो भने जुआडे हुन्छ। १७ भए पापी र १८ भए धार्मिक हुन्छ।

७. कसैको कनिष्ठादि चार औंलाहरूको पर्व रेखाहरूलाई भिन्न-भिन्न गणना गर्दा १९ हुने व्यक्ति सम्मानास्पद गुणवान् र साधारण मानिसहरूको माझमा आदरणीय हुन्छ। यसै गरि २० भए तपस्वी र २१ भए महात्मा हुन्छ।

८. जसका सबै औंलाहरूमा प्रकोष्ठ रेखा जस्ता चिन्ह पाइन्छन्, त्यसले अवश्य नै दिव्य सुनको औंठी प्राप्त गर्दछ।

९. अनामिका औंलाको सबै रेखा छिन्न-भिन्न छ र त्यो स्त्री छ भने कलह-प्रिया र मध्यमा औंलाको रेखाहरू छिन्न-भिन्न भए विधवा हुन्छे तथा कनिष्ठा औंलाका रेखाहरू छिन्न-भिन्न भए अत्यन्त दु:खिनी हुन्छे।

१०. अंगुष्ठको पहिलो खण्ड ठूलो हुने मानिस सारै सूक्ष्म बुद्धि भएको र नयाँ-नयाँ तत्त्वको खोजी गर्न सक्ने र आफ्नू बल-बुद्धिमा दृढ विश्वासी एवं जुन काममा नियुक्त रहन्छ, त्यसमा उत्कर्षता, उन्नति प्राप्त गर्ने सदैव प्रयास गरिरहने छ।

११. अंगुष्ठको दोस्रो पर्व क्षुद्र, तीक्ष्ण र प्रथम पर्व दीर्घ भए मानिसको आन्तरिक इच्छाशक्ति अत्यन्त प्रबल हुनका साथै कसैको पनि तर्क, युक्तिले त्यसलाई प्रभावित र वशीभूत पार्न सक्तैनन्।

१२. अंगुष्ठको द्वितीय पर्व दीर्घ र स्थूल छ भने मानिस धनी, ज्ञानी र न्यायप्रिय होला।

१३. अंगुष्ठको प्रथम पर्व क्षुद्र भए मानिसको कसैसँग पनि स्थिर मैत्री हुने छैन र मित्रता जोर्न सक्ने छैन।

१४. यदि अंगुष्ठको प्रथम पर्व चारकुने परेको र क्षुद्र एवं चौड़ाईमा बर्ता भए त्यो मानिस आफ्नू बुद्धि बलको आफैं प्रशंसा गर्ने होला, यथेच्छाचारी एवं हठी वानी भएको होला र न्याय-अन्यायको विचार गर्नमा सदैव अक्षम रहला।

१५. व्यक्तिको अंगुष्ठ राम्रो, त्यसको प्रथम पर्व मध्यम आकृतिको छ भने त्यो कर्म-शक्ति सम्पन्न हुन्छ। त्यसमा विनम्रता र सुबुद्धि भरिएको हुन्छ।

१६. अंगुष्ठलाई फैलाउँदा अर्थात् लामू पार्दा प्रथम पर्व पछाडि-पट्टि वांगिन्छ भने त्यस व्यक्तिको अन्तःकरण महान् र निर्मल हुन्छ तर पछाड़ितिर धेरै वर्ता मात्रामा वांगो हुन्छ भने त्यो अपरिमित धन खर्च गर्ने हुन्छ।

१७. स्त्रीहरूको अंगुष्ठ-को द्वितीय पर्वमा ताराको चिन्ह छ भने त्यो मानिस प्रचुर धनवान् होला।



१८७.

१८. तर्जनीको प्रथम पर्व स्वाभाविक छ भने व्यक्ति स्वास्थ्यवान् स्वधर्ममा श्रद्धा-विश्वास राख्ने र प्रतिभावान् हुन्छ: फेरि दीर्घ छ भने रूखो स्वभावको र कपटी विचारको होला।

१९. तर्जनीको द्वितीय पर्व स्वाभाविक छ भने व्यक्ति असाधारण बलशाली उच्चाकांक्षा भएको र गर्वित, अभिमानी हुन्छ। दीर्घ छ भने सौम्य प्रकृति, उच्च अभिलाषा भएको र अलि अहंकारी होला।

२०. तर्जनीको तृतीय पर्व स्वाभाविक छ भने त्यो व्यक्ति अर्कामाथि आधिपत्य विस्तार गर्नमा उत्साही होला र ठूलो छ भने आधिपत्य विस्तारमा सक्षम र पूर्णरूपेण गर्वित रहने छ।

२१. मध्यमाको प्रथम पर्व स्वभाविक छ भने मानिस गम्भीर प्रकृतिको, स्थिर-लक्ष्य ज्ञानी र चिन्तनशील होला यदि दीर्घ भए निराश, प्रेम-सम्बन्धमा सधैं दुःखी र कहिले काहीं आत्महत्याको विचार गर्ने खालको होला।

२२. मध्यमाको द्वितीय पर्व स्वाभाविक छ भने त्यो मानिस खेती र शिल्प-कार्यमा आस्था राख्ने तथा ठूलो छ भने मानसिक कार्यमा पटु, व्यवहार विशेषज्ञ र विलास मनपराउन होला।

२३. मध्यमाको तृतीय पर्व स्वाभाविक छ भने मानिस अध्यवसायी, स्वावलम्बी, परिश्रमी र मितव्ययी पनि होला। ठूलो छ भने मानिस अल्छी, अस्थिरचित्त, क्रोधी र अर्काको धनमा बर्ता लोभ गर्ने होला।

२४. अनामिकाको प्रथम पर्व स्वाभाविक छ भने मानिस सहज अथवा प्रमाण निरपेक्ष, ज्ञानी, शिल्प-साहित्य कलामा अनुराग भएको र जनप्रिय होला। दीर्घ छ भने त्यो अत्यधिक बर्ता शिल्पी र व्यावहारिक जीवनमा सधैं समुन्नतावस्थामै रहने होला।

२५. अनामिकाको द्वितीय पर्व स्वाभाविक भए व्यक्ति साधारण बुद्धिसम्पन्न, प्रतिभावान् र गुप्तविद्याको खोजी गर्ने होला। ठूलो छ भने बुद्धिद्वारा व्यवसायी हुन्छ र ऐश्वर्य पाएपछि मानसिक शक्तिले हीन हुन्छ।

२६. अनामिकाको तृतीयपर्व स्वाभाविक छ भने मानिस स्थूल (मोटो) बुद्धि-बलले अर्कालाई आफ्नू ऐश्वर्य प्रदर्शन गर्ने इच्छा राख्दछ। ठूलो छ भने त्यो विशेष सौभाग्यशाली हुन्छ तर मूर्खतापूर्ण अभिमानको प्रदर्शन बराबर गरिरहने छ।

२७. कनिष्ठको प्रथमपर्व स्वाभाविक छ भने मानिस तीक्ष्ण बुद्धिको, वाग्मी र वैज्ञानिक हुन्छ, ठूलो छ भने त्यो विश्वासघातक, निर्बोध, वाचाल, मिथ्यावादी र व्यवसायी हुन्छ।

२८. द्वितीय पर्व स्वाभाविक छ भने त्यो मानसिक शक्ति सम्पन्न, योग्य वक्ता र विज्ञानमा निपुण होला। दीर्घ छ भने त्यो अत्यन्त परिश्रमी लोक-हितार्थ कार्य नगरेर नृशंस र ध्वंस कार्यको लागि विज्ञान-प्रिय हुन्छ।

पौर्वात्य मतमा विविध हस्त-चिह्न

जुन व्यक्तिको करतलमा, प्रथम, मध्यममा मीन वा माछाको आकारको चिन्ह रहन्छ, त्यो मानिस यस संसारमा जुन कार्यमा हात हाल्दछ, त्यसैमा पूर्णरूपेण सफलता प्राप्त गर्दछ। त्यो धनी र पुत्रवान् भएर सुख-स्वच्छन्द रूपले समय व्यतीत गर्नमा समर्थ हुनेछ। मत्स्य-चिन्ह हातमा हुने जातक (व्यक्ति) नित्य यज्ञ, अनुष्ठान गर्ने धार्मिक प्रवृत्तिको हुन्छ।

१८८.

जसको करतलमा तुल्य र गाउँको जस्तै चतुष्कोण चिन्ह अथवा वज्र-गुणन चिन्ह छ, त्यसले जुनसुकै व्यवसाय रोजे पनि कहिल्यै असफल हुने छैन।

जसको करतलमा शंख, चक्र, ध्वज र माकुरोको आकारको चिन्ह छ, त्यो व्यक्ति सबै शास्त्रमा पारदर्शिता लाभ गर्नेछ र ज्ञानीको रूपमा सर्वमान्य हुनेछ।

यदि कुनै व्यक्तिको करतलमा शक्ति, तोमर वा वाणको चिन्ह छ भने त्यो मानिसले राज्य प्राप्त गर्नेछ अथवा राजा नै हुनेछ। रथ, चक्र र ध्वजाको चिन्ह छ भने पनि राजाकै समान ऐश्वर्यको भोग गर्न पाउने छ, यसमा शंका छैन।

जसको हातमा पद्म (कमल) वा धनुषाकार अथवा खड्ग कि अन्य कुनै पनि अष्टकोण परेको चिह्न छ भने त्यो मानिस निश्चय धनी र सुखी होला। स्त्रीहरूका हातमा यस्ता चिह्न छन् भने ती धनवती, सन्तानवती र सुखी हुन्छन्। विशेष गरेर पद्मको चिह्न छ भने त्यो स्त्री महारानी वा साम्राज्ञी हुनेछ।

यदि कसैको हातमा अंकुश वा कुण्डलको चिह्न अथवा छत्र-चामरको चिह्न छ भने त्यो व्यक्ति सम्राट भएर सुख भोग गर्ला, यति सवै प्रकारका चिन्ह छैनन् भने सम्पूर्ण फल लाभ हुन सक्तैन। यदि माथि कहिएका सवै चिह्न एकत्रित छन् भने उपरोक्त फल अवश्य प्राप्त हुन्छ। यदि दुई किसिमका चिन्ह मात्र छन् भने पनि राजा समान ऐश्वर्य भोग गर्ला, तर यौटा मात्र चिन्ह छ भने दासत्वको भोग गर्नपर्नेछ।

हत्केलामा मत्स्य-पुच्छ छ भने मानिस शतपति र वज्रचिन्ह भए सहस्रपति तथा पद्म चिन्ह हुने लक्षपति एवं शंखचिन्ह हुने कोटिपति, त्यसका मत्स्य चिन्ह समेत छ भने सहस्र पति र मकर चिन्ह हुने पनि सहस्रपति हुन्छन्। अन्यान्य मतले करतलमा मत्स्य-पुच्छ हुने मानिस विद्वान र धनी हुन्छ तथा त्यसले केवल पैतृक त्यो पनि मात्र पितामहको संचित धन प्राप्त गर्दछ।

यदि कुनै व्यक्तिको हातका रेखामा धनुष जस्तो आकृति वा पद्माकृति अथवा तोरण जस्तो कुनै चिन्ह छ भने त्यो व्यक्तिलाई राज्यलाभ र विविध ऐश्वर्य भोग प्राप्त हुनेछ र त्यो असी वर्षसम्म जीवित रहेनछ, यसमा शंका छैन।

यदि कुनै मानिसको हातमा यव (जौ) को चिन्ह छ भने विद्या र धन, मत्स्य चिन्हभए धन मात्र, मत्स्य-पुच्छ भए विद्या र ऊर्ध्वरेखा छ भने राज्य र सुख तथा यश (कीर्ति) लाभ हुनेछ।

११०.



१११.

जसका हातमा अंकुश, कुण्डल, चक्र अथवा चामर तथा पद्म (कमल) को चिन्हहरू छन्, त्यसलाई अवश्य राज्य लाभ हुन्छ।

करतलमा जाल वा मत्स्यचिन्ह हुने व्यक्ति याज्ञिक, वज्रचिन्ह हुने धनी, मत्स्य-पुच्छ भए पण्डित; छत्र, शंख, हात्ती, शिविका र पद्मचिन्ह हुने मानिसलाई राज्य-लाभ; कलश, अंकुश, पताका वा मृणाल चिन्ह निधिपति; सूत्र चिन्हले गो-धन सम्पन्न; स्वस्तिक चिन्हले सम्राट; चक्र, तरवार, तोमर, धनुष र दन्तचिन्हले भूपति; ऊखल चिन्ह यज्ञकर्ता; वेदी चिन्हले अग्निहोत्री र तड़ाग (तलाउ, पोखरी),देवता, नदी वा त्रिकोणाकार रेखा हुने मानिस धार्मिक प्रवृत्तिको हुन्छ।

११२.

करतलमा केवल यौटा मात्र मत्स्यचिन्ह छ भने ऐश्वर्यशाली र चक्र, तालपत्र, शंख वा पद्मचिन्ह छ भने त्यो मानिस विपुल सम्पत्तिको एक मात्र स्वामी हुनेछ।

१९३.

करतलमा छत्र वा पद्म चिन्ह छ भने त्यो मानिस करोड़पति, शंख चिन्ह भए सय करोड़को स्वामी होला र तालपत्र छ भने लाखपति एवं चक्र चिन्ह भए राजा हुनेछ। यदि हातमा शंख, छत्र, शिविका, हात्ती, अश्व र पद्मचिन्ह छ भने विशाल नरपति हुन्छ।



१९४.

कलश, मृणाल (कमल), पताका र अंकुश जस्ता चिन्हहरू जुन मानिसका हातमा छन् वा देखिन्छन् त्यो मानिस निधिपतिमा गनिनेछ। कुम्भको चिन्ह मात्र छ भने केवल ऐश्वर्य युक्त हुनेछ, यसमा कुनै किसिमको विवाद छैन।

१९५.

यदि करतलमा चक्र, असि, तोमर, शक्ति, धनुष वा कुम्भकारको चिन्ह छ भने त्यो मानिस अवश्य ठूलो सेनापति हुनेछ।

१९६.

हत्केलामा ओखली जस्तो चिन्ह हुने मानिस याज्ञिक हुन्छ र मकर, ध्वजा, प्रकोष्ठ (कोठा), आगार जस्ता चिन्ह छ भने त्यो अत्यन्त धनवान् होला यसमा शंका छैन।

१९७.

१. चन्द्रको स्थान उच्च र केही फैलिए जस्तो छ भने त्यो मानिस सदैव कल्पना र चिन्तामा गाड़िई रहन्छ। चन्द्रस्थानमा अनेक रेखाहरू जस्तो कि अंक एकको स्थानमा छ देखियो भने कुनै देवताको आदेश प्राप्त गर्नेछ।

२. चन्द्रस्थान उच्च वा स्फीत (दुइको अंकको नगीचै भए जस्तो) चारपाटे अंशको तल (x) गुणन चिन्ह छ र त्यस संग-संगै औंलाहरूका समूहको गठन सूचित गर्दछ भने त्यो मानिसको अतीन्द्रिय विषयमा दर्शन-शक्ति प्रबल रहने छ।

१९८.

३. यदि यौटा धनुषाकार रेखा बुधस्थानबाट चन्द्रस्थानको ३ अंकको नगीचै छ भने त्यस व्यक्तिले आफ्ना इष्ट देवी-देवताको आदेश प्राप्त गर्दछ र भविष्यको विषयमा स्वप्नामै देखेर निर्णय गर्दछ; त्यो विषयलाई सबै जनामा प्रकाश गर्ने क्षमता पनि त्यसमा विद्यमान रहन्छ।

४. यदि यौटा सरल रेखा मणिबन्धबाट निस्केर ४ अंकको नगीच, चन्द्रस्थानमा पुग्दछ भने त्यो मानिस अत्यन्त रिसाहा स्वभावको हुन्छ।

५. यदि ५ अंकको नगीच शुक्रस्थानबाट बुधस्थानसम्म यौटा रेखा गएको छ भने त्यसले भइसकेको विवाह भंग हुने सूचना दिन्छ।

६. यदि हत्केलामा ६ को अंकको नगीचैबाट शुक्रस्थानसम्म ३ सरल रेखाहरू निस्केर बृहस्पतिस्थानसम्म प्रसारित (फैलिएको) छ भने त्यो मानिस दानी र सबै तरहले सुखी एवं सन्तोषी होला।

७. कुनै स्थूल रेखा सात अंकको नगीच शुक्रस्थानबाट उठेर पितृ र मातृरेखालाई भेदन गर्दछ र मंगल स्थानसम्म प्रवेश गरेको छ भने त्यो मानिस दमको रोगले पूर्णरूपेण ग्रसित होला।

८. करतलमा अंक आठको नगीचै मणिबन्धबाट उठेर शुक्रस्थानसम्म फैलिएको रेखा अदृष्ट शुभ एवं लाभ हुने सूचना दिन्छ।

९. करतलमा शुक्रस्थान प्रसस्त र नौको अंकको छेउपट्टि भए जस्तै अनेक रेखाहरूले युक्त भए, साथै शुक्र-बन्धनी पनि छ भने त्यस व्यक्तिको कामुकता र लम्पट बानी दुर्दमनीय हुन्छ।

१०. हत्केलाको १०को अंकको नगीच मणिबन्धको तीनैरेखाको माझमा यौटा नक्षत्र चिन्हसँग यौटा गुणन चिन्हसमेत छ भने त्यस मानिसको सबै तरहले भलो हुन्छ र उत्तम स्वास्थ्यको हुनेछ।

११. करतलमा ११को नगीच मणिबन्धबाट यौटा रेखा निस्केर स्वास्थ्य रेखालाई छुन्छ भने त्यस व्यक्तिको जल भ्रमण गर्नमा मृत्यु हुनेछ।

X X X

१. हातको पंजामा १ अंकको नगीच रविरेखा चन्द्रस्थानबाट निस्केर रविस्थानसम्म गएको छ भने त्यो व्यक्ति नाटकादि रचनामा पारदर्शिता लाभ गर्दछ।



१९९.

२. हस्तरेखामा २ को अंकको नगीच यौटा सरल रेखा अनामिकाको तृतीय पर्वबाट प्रथम पर्वसम्म फैलिएकोछभने त्यो व्यक्ति सौभाग्यशाली हुन्छ। त्यही औंलाको तृतीय पर्वबाट अनेक रेखाहरू निस्केर प्रथम पर्वसम्म गएका छन् भने अर्थनाश हुन्छ। विशेषतः कुनै सुन्दरी नारीद्वारा नै धेरजसो यस्तो फल प्राप्त हुन्छ। अनेक सरल रेखाहरूको माझमा यौटा तृतीय पर्वको पार्श्वस्थानमा पुग्दछ भने जातकलाई ठूलो गौरव मिल्दछ र यौटा रेखा तृतीय पर्वसम्म फैलिएको छ भने जातक सच्चरित्र-उद्यमी र कर्ममा निपुणता द्वारा आफ्नू सौभाग्य वृद्धि गर्ने होला।

३. पंजामा अंकहरूको नगीचै यौटा रेखा कनिष्ठा औंलाको तृतीय पर्वबाट प्रथम पर्वसम्म गएको छ भने त्यस व्यक्तिमा स्थिरता, धैर्य, कर्मठता र अरू पनि अनेक गुणका साथै विज्ञान शास्त्रको अनुशीलनमा तत्परता प्रत्यक्ष देखापर्नेछ। फेरि तीन सरल रेखाहरू तृतीय पर्वबाट प्रथम पर्वसम्म गएका छन् भने त्यो व्यक्ति काल्पनिक अवान्तर वा आकाश-कुसुम जस्ता विषयको अनुसन्धानमा लिप्त रहने छ।

४. पंजामा अंकको नगीचबाट कुनै रेखा तृतीय पर्वबाट प्रथम पर्वसम्म गएको भए त्यो मानिस प्रतिक्षण गहीरो चिन्तामा गाडिइरहने छ। त्यो केही प्रगल्भता दोषयुक्त विवेचक हुन्छ। त्यस औंलाको पर्वमा वक्ररेखा भए त्यस मानिसले अर्काको सम्पति पाउने छ। फेरि द्वितीय पर्वमा वक्ररेखा भए मानिस हिंसक र झूटो बोल्ने खालको होला।

५. पंजामा ५ अंकको नगीच यौटा रेखा मध्यमा औंलाको निम्नप्रदेश वा शनिस्थानबाट उठेर तृतीय पर्वसम्म फैलिएको छ भने त्यस व्यक्तिले युद्धमा विजय प्राप्त गर्दछ र समृद्धिशाली हुन्छ। कतिपय रेखा शनिको तृतीय पर्वबाट प्रथम पर्वसम्म गएको छ भने मानिस दयाहीन, निष्ठुर हुन्छ र मानसिक यातनाले समय काटनेछ। तृतीय पर्वमा वक्ररेखा हुने मानिस अत्यन्त अभागी हुन्छ। कुनै नारीको तृतीय पर्वमा क्रासचिन्ह छ भने त्यो अवश्य वन्ध्या हुन्छे।

६. पंजाको ६ अंकको नगीच कुनै रेखा शुक्रस्थानबाट उठेर पितृ र मातृरेखालाई काट्दै भोगरेखालाई छुन्छ भने त्यस व्यक्तिले छिटै मातृ-पितृ वियोग सहनुपर्नेछ।

७. पंजाको सातौं अंकबाट पितृरेखा निस्केर भाग्यरेखासँग मिलेको भए व्यक्तिलाई आफ्नू गुणले पार्थिव उन्नतिको सूचना दिन्छ।

८. पंजाको आठौं अंकको नगीच यौटा रेखा मातृरेखाबाट निस्केर शुक्रस्थानको नक्षत्र चिन्हसँग मिलेको छ भने चिरस्मरणीय प्रेमी निराशा भोग गर्नेछ।

९. पंजाको ९ अंकको स्थानको नगीच यौटा रेखा शुक्रस्थानबाट उठेर भाग्य रेखालाई काट्दछ भने त्यो व्यक्ति प्रथम घटित कष्ट अथवा नारीद्वारा दुःख पाउने छ।

१०. पंजामा अंक दसको नगीच मंगल क्षेत्रबाट निस्केको कुनै रेखाले भोगरेखालाई काट्दछ भने अथवा रविस्थानमा पुग्दछ भने त्यो व्यक्ति प्रशंसा र सम्मान लाभको निम्ति दृढ-प्रतिज्ञ हुनेछ।

११. पंजामा ११ अंकको नगीच भए जस्तै चिन्ह अंकित छ भने जातकको प्राण-नाशक शत्रु तयार छन् भन्ने निर्देश पाइन्छ। तर त्यसमा यौटाभन्दा अर्को अलि ठूलो भए मात्र त्यस शत्रुलाई पराजित गर्न सक्नेछ।

१२. जुन व्यक्तिको हातमा १२ अंकको नगीच यौटा चारपाटे चिन्ह अंकित छ भने

त्यो मानिस यशस्वी होला र धनको पनि वृद्धि हुनेछ साथै अत्यन्त विश्वास पात्र होला।

X X X

१. करतल जहाँ १—३ अंक छ त्यहाँ भए जस्तै रेखाहरू छन् भने विच्छिन्न आयु वा पितृरेखा पीडा एवं मृत्युत्यो सूचना दिने मानिन्छ।

२. पितृरेखाको समान्तर रेखा पितृरेखाको अशुभको संशोधक र स्त्रीहरूको उत्तराधिकारत्व सम्बन्धी निर्देश दिन्छ।

३. पितृरेखाको उत्पत्ति स्थानमा शाखाहरू भए व्यक्तिको आत्माभिमान, कल्पना, प्रवणता र चित्तको चंचलताको ज्ञापक हुन्छ। ती शाखाहरू स्वच्छ सफा भए सतर्कता र विचारक्षमता बुझ्नु पर्दछ।



२००.

४. हत्केलामा अंक ६ को नगीच रविरेखाको दुवैतिर दुइ समान क्षुद्र रेखाहरू भए जातकको शिल्पकलामा र साहित्यमा सम-परिमाणमा क्षमता हुन्छ, तर त्यो क्षमता कार्यकारी हुँदैन।

५. हत्केलामा ७को अंकको नगीच स्वास्थ्यरेखाबाट निस्केको यौटा रेंखामा मातृरेखासँग मिल्दछ र यौटा त्रिकोणको निर्माण हुन्छ भने त्यस मानिसलाई आग्रह गरेर उपाधि दिइने छ र गुप्त विद्या (Oceult science) मा पारंगत हुने लाभ प्राप्त हुनेछ।

६. हत्केलामा अंक आठको नगीच पितृरेखा वा आयु रेखासँग अयुक्त मणिबन्धबाट निस्केको स्वास्थ्य रेखा मानिसको दीर्घजीवनको ज्ञापक मानिन्छ।

७. हत्केलामा सात अंकको नगीच चारपाटे क्षेत्रको बीचमा गुणन चिन्ह भए गुप्त गुणन-विद्या र आध्यात्मिक विषयमा ज्ञान प्राप्त गर्दछ। सदैव गुप्त विद्याकै खोजीमा लागि रहनेछ। त्यसमा पनि बृहस्पतिको स्थान उच्च छ भने त्यो मानिस अत्यन्त धार्मिक प्रवृत्तिको हुन्छ।

८. हत्केलामा १० अंकको नगीच स्वास्थ्यरेखाको पार्श्वभागमा अर्धवृत्ताकार चिन्ह हुने मानिस स्वास्थ्यवान्, कृतकर्मा र क्षमताशील हुन्छ।

९. हत्केलामा ११ अंकको नगीच मातृरेखासँग संलग्न वृत्त चिन्ह छ भने व्यक्तिको मूर्खताले उत्पन्न हुने आत्महत्याको ज्ञापक मानिन्छ।

१०. हत्केलामा अंक १२को छेउमा बाल-चन्द्राकार चिन्ह छ भने व्यक्ति अव्यवस्थित चित्त भएको र अश्लीलभाषी होला।

११. हत्केलामा अंक १३को नगीच तारा चिन्हले समानुपातिक उमेर भएपछि पैतृक सम्पत्तिको उत्तराधिकारी हुने सूचना दिन्छ।

१२. हत्केलामा १४ अंकको नगीच्च कायतीर्थ जस्तै अनेक रेखाहरू निस्केर चन्द्रस्थानमा पुगेर काटिएका छन् भने त्यो मानिसलाई जलमा डूबेर मर्ने भय सदैव बनिरहने छ।

x x

२०१.

१. यदि हत्केलामा शुक्रस्थानबाट उठेर शनिस्थानसम्म ठूलो यव (जौ) चिन्ह देखिन्छ र चयमानमा भाग्यरेखामा पनि यव-चिन्ह छ-जस्तो कि अंक १ र २ को नगीच छ भने त्यो मानिस कुनै स्त्री लोभिन्छ, त्यसले गर्दा ठूलो आर्थिक हानिमा पर्नेछ।

२. शुक्रपर्वतमा नक्षत्रको चिन्ह छ र 'तीन' अंकको नगीचबाट यौटा बांगो रेखा निस्केर मंगलपर्वतबाट सूर्यपर्वतसम्म गएको छ तथा रविस्थानमा कुनै रेखाद्वारा काटिएर 'क्रास' चिन्हको निर्माण भएको छ भने त्यस मानिसको कुनै सम्बन्धी मरेपछि उत्तराधिकार प्राप्त गर्नेछ।

३. बुध क्षेत्रको छेउतिर अर्थात् हातको सीमान्तमा कतिपय सा-साना रेखाहरू छन् भने त्यस मानिसमा चंचलता बर्ता रहनेछ। बृहस्पतिस्थान उच्च र चन्द्रस्थान उक्सेको भए उपरोक्त फल अवश्य प्राप्त हुनेछ।

४. हत्केलामा अंक ५को नगीच यौटा रेखा पितृरेखाको आरम्भ स्थानबाट निस्केर बृहस्पति क्षेत्रको मास्तिर समाप्त भएको छ भने त्यो मानिस धर्मोन्मत्त र स्वयं प्रशंसित हुनको लागि धर्म-चर्चा गर्ने किसिमको होला।

५. हत्केलामा अंक ६को नगीच मंगल क्षेत्रबाट कुनै यौटा रेखा निस्केर भोगक्षेत्रलाई काट्दै रविस्थानसम्म गएको छ भने त्यो मानिस सम्मान र प्रशंसा पाउनको लागि दृढ-प्रतिज्ञ होला।

६. हत्केलामा 'सात' अंकको नगीच जति सरल रेखाले पितृरेखालाई काटेर चारपाटे स्थानतिर जान्छन् त्यसको फलले व्यक्तिलाई त्यति नै साधारण कष्टहरू आइपर्ने छन्।

७. हत्केला 'आठ' अंकको नगीच पितृरेखाको आरम्भमा जस्तो शाखारेखा छ भने त्यो मानिस धनी र मर्यादाले सम्पन्न, बुद्धिमान होला।

८. हत्केलामा 'नौ' अंकको नगीच शुक्रस्थानबाट उदाएको रेखाले जातकका प्रधान शत्रुहरूको सूचना दिन्छ। यदि त्यसले पितृरेखालाई छुन्छ भने मानिस आफ्ना शत्रुहरूद्वारा पराजित र बन्दी हुनेछ। तर त्यो रेखा कतै खण्डित वा काटिएको छ भने शत्रुहरूका हातबाट त्यसको उद्धार होला।

९. हत्केलामा 'दस' अंकको नगीच धनुषाकार रेखा छ भने त्यो मानिस आफ्ना सम्बन्धीहरूद्वारा वंचित र प्रताड़ित भएर दुःखी रहने छ।

१०. हत्केलामा यदि अंक ११को नगीच यौटा रेखा, जसले करतललाई मणिबन्धबाट पृथक् पार्दछ, यस्तो रेखा जसका हातमा पाइन्छन्, त्यो सदैव प्रफुल्ल, सौभाग्यशाली र श्रीयुक्त रहनेछ।

११. हत्केलामा यदि १२ अंकको नगीच अंगुष्ठको नङको छेउमा यस्तो चिन्ह छ भने त्यो मानिस अवश्य डाकू वा चोर हुन्छ"

X X X

२०२.

१. हत्केलामा १ को अंकको नगीच शुक्रस्थानमा चारपाटे चिन्ह छ भने मानिस व्यभिचारी र अगम्यगामी हुन्छ।

२. यदि हातको पंजामा अंक २को नगीच गुणन चिन्ह छ र नक्षत्र चिन्ह मुक्त छ भने जातकको जन्म सन्दिग्ध जान्नू।

३. करतलमा ३को अंकको नगीच भएजस्तै चिन्ह छ भने मानिस प्रसिद्ध ठग वा धोखा दिने खालको हुन्छ।

४. अंगुष्ठको प्रथम पर्वमा 'चार' अंकको नगीच जस्तो चिन्ह छ त्यस्तै भएदेखि जातकको पवित्रता र सत्यताको नाश भएर जान्छ।

५. शुक्रस्थानमा 'पाँच' अंकको नगीचमा भएजस्तो चिन्ह छ भने त्यो मानिस क्रीडा वा युद्धको प्रधान आक्रमण स्थलबाट प्रतिद्वन्दी वा शत्रुको मनलाई आकर्षण गर्नमा सक्षम हुन्छ भनेर जान्नू।

६. अंक 'छ' को नगीचै भाग्यरेखासँग संलग्न यौटा गुणन वा त्रिकोण चिन्ह हुने मानिस गुप्त हत्या गर्ने मानिसहरूद्वारा मारिनेछ।

७. अंक 'सात'को मास्तिर स्वास्थ्य रेखाबाट उर्ध्वरेखा वा रक्त-प्रवाहिका रेखासम्म विस्तृत (फैलिएको) रेखा कुनै पनि कार्यमा सम्मान र विजयको ज्ञापक मानिन्छ।

८. कर-चतुष्कोंणको माझमा 'आठ' अंकको नगीचको चिन्ह जातकको लागि मानसिक कष्ट दिने हुन्छ।

९. तर्जनीको द्वितीय पर्वमा स्थित 'नौ'को अंकको नजीक भएको रेखा जातकलाई कुनै महत्वपूर्ण र उच्चपद प्राप्त गराउँछ भन्ने जान्नू।

१०. मध्यमाको दोस्रो पर्वमा स्थित 'दस' अंकको नगीच हत्केलामा भए झैं चिन्ह छ भने मानिसको लज्जाजनक मृत्यु हुन्छ, यसमा शंका छैन।

११. मध्यमा औंलाको तृतीय पर्वमा स्थित 'एघार' अंकको नगीचमा भए झैं चिन्हले मानिसको मृत्यु झ्यालखान भित्र नै हुन्छ भन्ने सूचना दिन्छ।

१२. अनामिकाको तृतीय पर्वमा स्थित 'बाह' अंकको नगीचमा भए जस्तो चिन्ह हुने व्यक्ति ठूलो ऐश्वर्यको स्वामी हुन्छ।

१३. कान्छी औंलाको तृतीय पर्वमा 'तेह' अंकको नगीच जस्तो चिन्ह छ त्यस्तै छ भने जातकले ठूलो कष्ट पाउँछ।

१४. कान्छी औंलाको तल बुधक्षेत्रमा 'चौध' अंकको नगीच भए जस्तो चिन्ह हुने मानिस प्रचलित सनातन धर्मको घोर विरोधी हुन्छ।

१५. तर्जनीको तृतीय पर्वभन्दा तल बृहस्पति स्थानमा 'पन्ध्र' अंकको नगीच चित्रमा भए झैं चिन्ह छ भने त्यो मानिस पहिलो ले सम्मान र दोस्रोले असम्मान पाउने छ।

X X



२०३.

१. करतल (हत्केला)मा चन्द्रक्षेत्रको निम्नस्थानमा 'एक' अंकको नगीच भए जस्तै चिन्ह कुनै स्त्रीको हातमा छ भने त्यो अवश्य बन्ध्या हुन्छे।

२. यौटा रेखा 'दुई' अंकको नगीच शुक्रस्थानबाट उठेर पितृरेखा र भाग्यरेखालाई काट्तै मंगलक्षेत्र स्थित कुनै चतुष्कोणको माझमा समाप्त हुन्छ भने त्यस नारीको कुनै दुष्ट व्यक्तिसँग विवाह हुनेछ र छिटै नै त्योसँग सम्बन्ध विच्छेद हुनेछ भन्ने जान्नू।

३. हत्केलामा अंक 'तीन'को नगीच मातृरेखा भन्दा मास्तिर यौटा गुणनचिन्ह हुने मानिस धन कमाउने र आफ्नू प्रवृत्तिमा परिवर्तन गरिरहने होला।

४. पंजामा अंक 'चार' को नगीच यौटा रेखा नाडीबाट उठेर अंगुष्ठको मूल स्थानसम्म गएको छ भने त्यो व्यक्ति गण्यमान्य महानुभाव भनिने खालको होला।

५. हत्केलामा अंक 'पाँच' को नगीच यौटा रेखा शुक्रस्थानवाट उठेर बृहस्पति-स्थानसम्म पुगेको छ भने त्यो मानिस उच्च आकांक्षा भएको र कृतकार्य पनि हुन सक्दछ।

६. यदि हत्केलामा अंक 'छ'को नगीच दुवैतिर अन्य रेखायुक्त त्रिशूलको आकार जस्तो रविरेखा छ भने त्यो मानिस यश, विद्या र धन-जन लाभ गर्नका साथै सम्मानले पनि युक्त हुनेछ, यसमा शंका छैन।

७. हत्केलामा अंक 'सात' को नगीच पितृरेखाबाट उठेर चारैतिर छरिएका रेखाहरू छन् भने क्रमानुसार ती विद्या, धन र यश प्राप्त गराउँछन् तथा व्यक्तिको ख्याति बढ्दछ, तर पछि स्वास्थ्य र धनमा नराम्रो प्रभाव पर्छ एवं बाल्यावस्थामा दुर्घटना, मध्य उमेरमा अनेक संशयकारी पीडा र जीवनको शेष भागमा धन-नाश एवं आत्माभिमान सूचक हुन्छ।

८. हत्कलामा अंक 'आठ'को नगीच अर्धवृत्ताकार रेखा आकस्मिक मृत्युको निर्देशक मानिन्छ।

९. हत्केलामा अंक 'नौ' को नगीच यदि यौटा वृत्तार्धरेखा अंगुष्ठतिर लम्केको छ भने त्यस व्यक्तिको आँखामा कुनै फलामको छड़ले चोट लाग्नु वा आगोले पोल्नु इत्यादि कष्ट प्राप्त हुन सक्तछ।

१०. करतलमा अंक 'दस' को नगीच यौटा रेखा–जसले हत्केला र नाडीलाई छुट्टयाउँछ-जसको हातमा देखिन्छ त्यो सदा प्रफुल्ल, सौभाग्यशालीं र श्रीमान् श्रेणीको व्यक्ति हुन्छ।

११. करतलमा अंक 'एघार'को नगीच मणिबन्धबाट उठेर अयुक्त रेखाहरू विस्तृत छन् भने मानिस अशिष्ट र असभ्य हुन्छ, यसमा शंका छैन।

१२. करतलमा अंक 'बाह'को नगीच पितृरेखाको अन्तिम भागको नगीचै दुवैतिर वृत्तार्ध चिन्ह छ भने मानिसको दुवै आँखामा चोट लागेर अन्धो हुनेछ।

x x x

१. यदि कुनै स्त्रीको अंगुष्ठको द्वितीय पर्वमा अंक 'एक'को नगीच नक्षत्र चिन्ह छ भने त्यो स्त्री असाधारण धनी हुनेछ।

२. अंक 'दुई'को नगीच अनेक धर्का छन् र बुधस्थान उच्च छ भने त्यस स्त्रीको विवाह कुनै शास्त्रज्ञ व्यक्ति वा डाक्टर या वैद्यसँग हुन सक्तछ।

३. अंक 'तीन'को नगीच क्षुद्रस्थानमा वा विवाह रेखाको मास्तिर यव-चिन्ह छ भने विवाह वा प्रेम भंग भएर जान्छ तर त्यो यव-चिन्हवाट एक सरल रेखा उठेर रविस्थानलाई छुन्छ भने विवाह सम्पन्न हुन्छ र प्रेम सफल हुन्छ।



२०४.

४. अंक 'चार'को नगीच भाग्यरेखाको मध्यभागमा र मातृरेखाको तल यव-चिन्ह हुने स्त्री स्वजातीय अथवा विजातीय पुरुषद्वारा अलोभित हुन्छे।

५. नारीको हत्केलामा अंक 'पाँच'को नगीच कुनै सरल रेखा शुक्रको उच्चस्थानको माथिल्लो भागबाट निस्केर बुधपर्वतको माथि गएको भए सम्मानित र माइतको दाइजो पाएर धनी हुन्छे।

६. अंक 'छ'को नगीच अनामिकाको प्रथम पर्वमा गुणन चिन्ह हुने स्त्री सती हुन्छे र दोस्रो पर्वमा भए पति-वियोग हुन्छ।

७. नारी-मणिवन्धको 'सात' अंकको नगीच वलयको मध्यभाग वक्र भएर हत्केलामा पसेको छ भने गर्भाशयको अपरिपुष्टताले गर्दा सन्तानहीन हुन्छे, भए पनि प्रसव पीडाले मृत्यु हुन सक्छ। यदि रेखा काट-कूट छ भने सन्तानहीन हुन्छे। पहिलेका हस्तरेखा-विज्ञले यस्तो चिन्ह कुनै कुमारी कन्याका हातमा देखे भने त्यसलाई अविवाहित नै रहने सल्लाह दिन्थे।

८. करतलमा अंक 'आठ' को नगीच बृहस्पति स्थानको अनेक रेखा काट-कूट हुने नारी 'असती' हुन्छे।

९. अंक 'नौ' को नगीच तर्जनीको द्वितीय पर्वमा यदि दुई रेखाहरू छन् भने त्यो स्त्री अनेक सन्तानकी आमा हुन्छे। पैतालामा उर्ध्वरेखा चिर-सधवाको लक्षणहरूमा एक मानिन्छ।

१०. स्त्रीहरूका हातमा शुक्रवन्धनी छ भने त्यो प्रायः मूर्च्छा रोगले ग्रसित रहन्छे, यसमा शंका छैन।

११. हत्केलामा अंक 'एघार'को नगीच यदि यौटा स्थूल र दीर्घ रेखा कनिष्ठाको मूलबाट निस्केर अवनत (न्यूरेको) छ भने त्यस्तो रेखा हुने स्त्री प्रसवजनित कष्ट र अनेक परिश्रमले गर्दा अकाल मृत्युमा प्राप्त हुन्छे।

१२. अंक 'बाह्र'को नगीच यदि कुनै स्त्रीको अनामिका औंलोमा स्थित सबै रेखाहरू भग्न वा छिन्न-भिन्न छन् भने त्यो अत्यन्त कलह-प्रिय होली। मध्यमा स्थित रेखाहरू काटिएका भए कुटिला र तर्जनीका रेखाहरू काटिएका भए विधवा तथा कनिष्ठा औंलाका रेखाहरू छिन्न-भिन्न भए त्यो स्त्री चिरदु:खिनी हुन्छे।

x x x



२०५.

१. यदि ऊर्ध्व रेखा आरम्भ स्थानमा दुई हाँगा भएको-त्यसको एक हाँगा मुक्त पर्वतमा र अर्को हाँगा चन्द्रपर्वतमा छ भने त्यो व्यक्ति कल्पनाशक्ति द्वारा र प्रणय प्रणोदित भएर सफलता प्राप्त गर्न खोज्दछ। यदि त्यस रेखाको ठाउँ-ठाउँमा अवरोध वा काट-मेट छैन भने सफलता पनि पाउन सक्दछ।

२. अंक 'दुइ' को नगीच यदि रविरेखा, भोगरेखाको तल दुइ भागमा बाँडिएर चन्द्रस्थानसम्म गएको भए व्यक्ति सवै कुरामा निपुण, साहित्यिक नाटक, लेखक र शिल्पी हुन्छ र अर्काको सहायताले यशस्वी र सम्मानित पनि हुनेछ। फेरि प्रवल उद्यम र शारीरिक परिश्रमको बलले जीवनमा अनेक उन्नति र लाभ पनि गर्नेछ।

३. अंक 'तीन'को नगीच रविरेखामा अर्धचन्द्राकृति चिन्ह छ भने त्यो मानिस असीम धन प्राप्त गर्ने अपरितृप्त आकांक्षामा आकण्ठ गाडिएको होला।

४. अंक 'चार'को नगीच मणिबन्धको तीनोटै वलय रेखाहरूको माझमा कोणाकृति चिह्न छ भने त्यस व्यक्तिले वृद्धावस्थामा अर्काको धन प्राप्त गरेर सम्मानित हुनेछ।

५. स्वास्थ्य रेखा, पितृरेखा वा आयुरेखा यदि अंक 'पाँच'को नगीचै मिलेका छन् भने मानिस दीर्घायु हुन्छ। यदि त्यो स्वास्थ्यरेखाको केवल माथिल्लो भाग शाखायुक्त छ र त्यो शाखा मातृरेखासँग मिलेर त्रिकोणको आकृति बनाउँछ भने व्यक्ति ख्यातियुक्त र सम्मानित हुनुका साथै धर्मको उन्नतिको विषयमा अथवा गुप्तविद्यामा पारंगत हुन्छ, फेरि इन्द्रजाल र मोहिनी विद्या अर्थात् शारीरिक विद्युत शक्ति वा चाक्षुपी विद्याद्वारा हात हल्लाएर अर्कालाई वेहोश पारी त्यको शरीरमा आफ्नू आधिपत्य गर्ने विषयमा निपुणता प्राप्त गर्दछ, फेरि त्यसलाई ईश्वरीय कार्य-कारण बुझ्ने शक्ति पनि हस्तगत गर्दछ। त्यो आफ्नू स्वाभाविक ज्ञानद्वारा भविष्यको कुरा जान्ने क्षमता पनि राख्नेछ।

६. अंक '६'को नगीचबाट मातृरेखाको हाँगा बुधस्थानमा र यौटा हाँगा मंगल स्थानबाट उठेर बुधस्थानमा पुगेका भए मानिस अभिनेता, नाटक खेल्ने हुन्छ।

७. रविरेखा अंक 'सात'को नगीच मंगल स्थानबाट उठेर रविस्थानमा गएको भए मानिसले शारीरिक परिश्रमद्वारा आफ्नो उन्नति गर्नेछ।

८. यदि हत्केलामा अंक 'आठ' को नगीच, मणिवन्धबाट कुनै रेखा उठेर चन्द्रस्थानलाई नाघेर स्वास्थ्य रेखालाई स्पर्श गर्दछ भने मानिसको सारा जीवन शोक, कष्ट र दुर्भाग्यमै वितेर जानेछ।

९. अंक '९'को नगीच चन्द्रस्थानबाट बुधस्थानसम्म विस्तृत धनुषाकार रेखालाई प्रत्यक्ष दर्शन वा दैवीरेखा भन्दछन्। यसले मानिस भविष्य-वक्ता र देवताको प्रत्यादेश प्राप्त गर्दछ। त्यसमा प्रत्येक विषयलाई प्रकट गर्ने क्षमता हुनको साथै भावी विषयलाई स्वप्नमा देख्दै रहन्छ।

१०. अंक 'दस'को नगीच अंगुष्ठको मूलस्थानको छेउमा राहुस्थानबाट यौटा रेखा उठेर ऊर्ध्व, पितृ, मातृ रेखालाई काटिदिन्छ भने माता-पिता मरे पनि आफू पनि अत्यन्त निम्न अवस्थामा पुग्नेछ।

११. अंक 'एघार' को नगीच पितृरेखाको प्रथम भागमा गुणनचिन्ह भए बाल्यावस्थामा दुर्घटना उपस्थित हुनसक्दछ। मध्यमा छ भने सांघातिक पीड़ा र यही चिन्ह दुवै ठाउँमा भए अकाल मृत्यु हुन्छ। शेष स्थानमा जहाँ भए पनि व्यक्तिको सबै तरहले दुर्गति हुन्छ।

१२. अंक 'बाह्र' को नगीच पितृरेखाको मास्तिर चतुष्कोण चिन्ह छ भने त्यो मानिस अनेक आपत्ति, शारीरिक कष्ठ र आर्थिक दुःखबाट मुक्ति पाउने छ।

X X X

१. सूर्यस्थानमा नीलो चिन्ह छ अथवा अनामिकाको तृतीय पर्वमा नक्षत्र चिन्ह छ भने त्यस मानिसलाई नेत्ररोग लाग्दछ।

२. मातृरेखावाट अनेक रेखाहरू निस्केर पितृरेखालाई काट्ने र मातृरेखा श्रृंखलाकार छ भने त्यस व्यक्तिलाई आधा कपाल दुखिरहने रोग लाग्दछ।



२०६.

३. चन्द्रक्षेत्रमा नक्षत्र चिन्ह हुने व्यक्ति उदररोगी हुन्छ।

४. स्वास्थ्यरेखा अनेक रंगको छ र मातृरेखासँग मिल्ने स्थानमा यदि यौटा रक्तवर्ण विन्दु चिन्ह छ भने मानिस पक्षाघात रोगले पीडित रहने छ। पक्षाघातको त्यो विन्दुसँग दुइटा सरल रेखाहरू भोगरेखावाट वाहिर निस्केर चन्द्रस्थानसम्म गएको छ भने तथा शनिस्थानमा नक्षत्र चिन्हं छ तथा शनिक्षेत्रभन्दा तल पितृरेखाको अन्तिम भागमा नक्षत्र चिन्ह हुने व्यक्ति पनि पक्षाघातले ग्रसित होला र त्यही रोगले त्यसको मृत्यु हुनेछ।

५. मध्यमा औंलाको तल्लो भागमा भोगरेखा प्रसस्त, रविरेखा र पितृरेखा माथि यव-चिन्ह; स्वास्थ्य रेखा पितृ रेखासँग मिलेको तथा पितृरेखाभन्दा माथि नीलो वा रक्तवर्णको दाग अथवा भोगरेखाभन्दा माथि नीलो वा रक्तवर्णको दाग अथवा भोगरेखाभन्दा मास्तिर यव वा वृत्त चिन्हादि कुनै पनि यौटा छ भने त्यस मानिसलाई हृदय-रोग बारम्बार उत्पन्न भइरहने छ।

६. यौटा यवचिन्ह युक्त ऊर्ध्वगामी रेखा पितृरेखाको बाहिरपट्टिवाट बृहस्पति स्थानसम्म गएको छ भने त्यस व्यक्तिलाई 'फ्ल्यूरिसी' र पार्श्वशूल जस्ता रोग लागिरहने छ।

७. स्वास्थ्य रेखाभन्दा मास्तिर नक्षत्र चिन्ह हुने मानिसको उपरोक्त रोगको विषयमा जान्न सकिन्छ, तर त्यस स्थानमा कालो दाग भए कमल (अमलपित्त) रोगको प्रबल आक्रमण हुनेछ।

८. चन्द्रस्थान बर्ता पुष्ट छ भने अम्लरोगको आक्रमण हुने सूचना जान्नूपर्दछ।

९. मंगल स्थान उच्च र अर्को यौटा ऊर्ध्वगामी रेखा विशिष्ट शाखासहित त्यस स्थानमा छ र त्यसको त्यही स्थानमा अन्त्य भएको छ भने त्यो मानिस 'टान्सिल' घाँटी सम्बन्धी रोगले दुःखी रहने छ।

x x x

१. भोगरेखा अभग्न र बृहस्पति-शुक्रस्थान उच्च हुने व्यक्ति दयालु स्वभावको हुन्छ।

२. अनामिकाको तृतीय पर्वसम्म दुई रेखाहरू र कर-चतुष्कोण तथा कर-त्रिभुज परिष्कृत रूपमा छ भने त्यो व्यक्ति सबै तरहले सौभाग्यशाली हुन्छ।

३. भोगरेखाबाट अंक 'तीन' सम्म बुधस्थानमा कुनै शाखारेखा निस्केको छैन भने त्यो व्यक्ति निःसन्तान हुन्छ।



२०७.

४. उत्पत्ति स्थानमा शाखायुक्त पितृरेखा आत्माभिमान, चित्त-चंचलता, आवेगमय र कल्पनाको सूचक हो तर शाखा स्पष्ट र परिष्कृत छ भने ज्ञानी, स्थिर, सत्यता र विचार-क्षमताको सूचक जान्नूपर्दछ।

५. अंक 'पाँच'को नगीच यौटा रेखा पितृरेखाबाट शुक्र स्थानतर्फ गएको छ भने त्यस मानिसको स्वभाव बारम्बार परिवर्तनशील हुन्छ।

६. अंक 'छ'को नगीच बृहस्पति क्षेत्रबाट मातृरेखासम्म विस्तृत (फैलिएको) सरल रेखाको मास्तिर तारा-चिन्ह हुने व्यक्तिलाई देवताको कृपाले ठूलो अर्थलाभ हुनेछ।

७. अंक 'आठ'को नगीच बुध क्षेत्रमा त्रिभुज वा त्रिकोम चिन्ह हुने व्यक्ति वाक्-चातुर्यले अर्थ उपार्जन गर्नेछ र निपुण राजनीतिज्ञ हुन्छ।

९. अंक 'नौ'को नगीच बुधक्षेत्रभन्दा तल मंगल स्थानमा यौटा त्रिकोण रेखा वा गुणन चिन्ह छ भने त्यस व्यक्तिलाई युद्धमा अर्थलाभ हुन्छ।

१०. अंक 'दस'को नगीच भाग्यरेखावाट निस्केको यौटा शाखारेखा वुधक्षेत्रसम्म फैलिएको छ भने अभिनेताको रूपमा जातकले प्रशस्त धन लाभ गर्नेछ।

११. अंक 'एघार'को नगीच रविक्षेत्र ताराको चिन्हले भूपित छ र रविस्थान उच्च एवं दुवै हातका रविरेखा स्पष्ट, रविक्षेत्रको तल्लो भागमा मातृरेखाभन्दा माथि एकाधिक श्वेतवर्ण विन्दु-चिन्ह, तर्जनीको पर्वको नगीच क्रास चिन्ह छ भने जातक वाणीसेवाले पुरस्कृत हुनेछ।

१२. अंक 'वाह'को नगीच मातृरेखाको शेपांश वक्रभाग चन्द्रस्थानमा जान्छ भने त्यस जातकको कल्पना-शक्ति कवित्व-शक्ति, कार्यक्षमता र गुप्तविद्यामा पारदर्शिता प्राप्त हुन्छ। त्यसै गरी मातृरेखाको शेपांश वुधस्थान पुगेको छ भने जातक वाणिज्य र विज्ञान-शास्त्रमा पारंगत हुन्छ।

१३. अंक 'तेह'को नगीच मणिवन्धको वलय त्रय स्पष्ट छ र वलयको मास्तिर तीन सरल रेखाहरू, मध्यमा औंलाको तृतीय पर्वमा अनेक ऊर्ध्वरेखा र सफा रेखाहरू भएको रवि क्षेत्र छ भने जातकले अर्काको धन अकस्मात् प्राप्त गर्दछ।

१४. वृहस्पति र रविरेखा प्रवल छ र औंलाहरू आपसमा समान अर्थात् बराबर छन् भने व्यक्तिले जुन काम गरे पनि सफलता प्राप्त गर्दछ।

१५. करतलमा अल्परेखा छ भने र त्यो स्थूल भए जातक 'भास्कर' हुने सम्भावना वर्ता रहन्छ।

१६. बुधको स्थान उच्च र त्यही स्थानमा तीन अरू रेखाहरू भए तथा रविरेखा प्रबल छ भने मानिस विलक्षण चिकित्सक हुन्छ।

१७. चिकित्सकको साधारण चिन्ह सँगै करतलमा दृढ़ औंलाको अग्रभाग स्थूल हुने मानिस पशु-चिकित्सामा पारंगत हुन्छ।

१८. साना-साना ऊर्ध्वगामी सरल रेखा समूह बुधक्षेत्रको पार्श्वमा छ भने मानिस रसायन विद्यामा पारंगत हुन्छ।

१९. बुध, चन्द्र र बृहस्पति स्थान तथा शनिपर्वत उच्च एवं सबै औंलाहरू विचार-सूचक भए मानिस गणित शास्त्र र नाक्षत्रिक एवं ज्योतिष विद्यामा पारदर्शक होला।

नारीमा मणिबन्ध र हात खुट्टाको बनोट

मणिबन्ध र कुहुना (पाखुरा र कुहुनाको जोर्नी) को स्थूलता (मोटाई) को परिमाण १२ अंगुल कहिएको छ। कुम र कुहुनाको अन्तर १६ अंगुल हुन्छ। पूरा हातको लमाई २४ अंगुल मानिएको छ। प्रत्येक भुजा ३२ अंगुलको हुन्छ। मणिवन्ध अथवा नारीवाट कुहुनासम्म १६ अंगुलको परिमाण कहिएको छ। हत्केलाको लमाई छ अंगुल र चौडाई चार अंगुल कहिएको छ। बूढ़ीऔंलाको जरावाट तर्जनी (चोरीऔंला) को फरक प्रायः दुइ वा तीन मध्यमा औंलाको बराबर मानिन्छ। तर्जनी र अनामिकाको अन्तर केवल अढाई अंगुल छ, अनि कनिष्ठा र बूढीऔंलाको अन्तर पाँच अंगुलको वरावर मानिन्छ। खुट्टाको वूढीऔंला र तर्जनी, प्रत्येक आफ्ना औंलावाट केवल दुइ अंगुल परिमाणका हुन्छन्। माझी औंलाको परिमाण चोरऔंलाको पाँच भागको चार भाग हुन्छ, साहिंली औंलाको आयतन मध्यमाको पाँच भागको चार भाग हुन्छ र कान्छीऔंलाको परिमाण (दीर्घता) अनामिकाको पाँच भागको चार भाग हुन्छ।

पैताला र पैतालाको माथिल्लो भागवाट औंलाहरूको मूल (जरा) सम्म दुवै स्थान प्रत्येक चार अंगुल र पाँच अंगुल विस्तृत मानिन्छन्। हातको पंजा पाँच अंगुल चाक्लो र चार अंगुल लामो हुन्छ। पैताला चौध अंगुल लामो कहिएको छ। पुरुपको शरीरको परिमाण १२० अंगुलको हुन्छ।

नरबाहु

१. कृश, हलुको, बांगो, श्लिष्ट र विपुल बाहु द्वय (दुवै हात) शुभ कहिन्छ।

२. आजानु लम्बित (घुँडासम्म झुण्डिने खालको) बाटूलो र मोटो वाहु विश्व-विख्यात व्यक्तिका चिन्ह हुन्।

३. मासु नभएको, बर्ता बांगो, हात्तीको सूँढ जस्तैं बाहु पनि कतिपय श्रेष्ठ व्यक्तिका मात्र हुन्छन्।

४. खर्ब अथवा साना, रौं नभएका वाहु छन् भने मानिस क्रमशः दरिद्री र सुखी हुन्छन्।

नारी बाहु

१. जुन रमणीका दुवै बाहु दोष-रहित सरल, निगूढ, अस्थियुक्त कोमल गाँठो भएका तथा जुन बाहुमा रौं र नसा देखापर्दैनन्, त्यो नारी शुभलक्षण भएकी मानिन्छे।

२. दुवै बाहुमा बर्ता रौं हुने र स-साना छन् भने, त्यो नारी दुर्भागिनी र विधवा हुन्छे। फेरि बाहुमा यदि नसाहरू स्पष्ट देखिन्छन् भने त्यो चिरकालसम्म दुःख भोग्दै रहने छ।

नरहस्त– वानरका जस्ता हात हुने मनुष्य निर्धन र जसका हात बाघका जस्ता हुन्छन् त्यो वलवान्मा गनिन्छ। राक्षस र कागका जस्ता हात हुने मानिस अशुभ व्यक्तिमा गनिन्छन्।

नारी हस्त

नारी हस्त– जुन नारीको पाखुराको मासु कृष्णवर्ण (कालो) हुन्छ, त्यो नारी चोर्नी हुन्छे।

१. जसका दुवै हात चाहिनेभन्दा लामा वा ठूला छन् त्यो विधवा हुन्छे।

२. जुन नारीका हातका शिराहरू (साना-ठूला नसाहरू) देखिन्छन्, तथा हात विषम लामो-छोटो वा असमान छन् र सुकेको काठ झैं प्रतीत हुन्छन् त्यो नारी धनहीन-दरिद्रा हुन्छे।

नर-हस्त– पुरुषको पंजा (हत्केलाको माथिल्लो भाग) रौं र शिरा विहीन छ भने त्यो शुभ मानिन्छ। सानू, शिरा र रोमयुक्त हत्केलाको पछिल्लो भाग (करपृष्ठ) अशुभकारक हुन्छ।

नारीको कर-पृष्ठ– नारीहरूको पंजा (हत्केलाको उल्टो भाग) रोमहीन र शिरारहित तथा उन्नत छ भने उत्तम र शुभ हुन्छ। जुन नारीको पंजामा रौं छन्, त्यो अवश्य विधवा हुनेछ। जुन नारीका हत्केला (पंजा) साना र नशाहरू स्पष्ट देखिन्छन्, त्यो रमणी, त्यागिदिनेयोग्य हुन्छे।

१. नर करतल लक्षम- पुरुषको करतल होचो छ भने त्यो मानिस पितृ-धनबाट वञ्चित रहने छ।

२. जसका करतल उन्नत र नत दुवै थरि हुन्, त्यो व्यक्ति भयंकर डरलाग्दो र अर्थशून्य रहन्छ।

३. करतलका सम्पूर्ण रेखाहरू स्निग्ध र निम्न छन् भने त्यो मानिस धनी हुन्छ र विपरीत भयो भने दरिद्र-भिक्षुक हुनेछ।

४. जसको हत्केला संवृत साथै निम्न छ भने, त्यो मानिस प्रसस्त धनी, उत्तम हात भएको वन्दित व्यक्ति होला।

५. असमान हत्केला छन् भने अशुभ जान्नुपर्दछ।

६. जसका करतल, हात र स्तन लाहा जस्तै रंगका छन् भने, त्यो व्यक्ति राजाकै समान धनवान् होला।

७. हत्केला पहेंला भए अगम्यगामी र परस्त्रीमा रत होला। रुक्ष (खस्रा) छन् भने त्यो मानिस निर्धन हुनेछ।

८. हत्केला वानरका जस्ता छन् भने धनवान् र बाघको आकार जस्तै छन् भने पापी हुनेछ।

नारी करतल लक्षण

१. जुन नारीको करतल मृदु (नरम), रक्तवर्ण, छिद्ररहित, अल्परेखा युक्त प्रसस्त रेखायुक्त, मध्यमभाग उन्नत (अग्लो) छ भने त्यो रमणी सौभाग्यशालीमा गनिन्छे।

२. जुन रमणीको हत्केलामा भ्रमर, आसन, हात्ती, रथ, वेलको वृक्ष, माला, बाण, कुण्डल, चमर, अंकुश, गौ, शैल, ध्वजा, तोरण, माछा, स्वस्तिक वेदी, ताल वृक्ष, शंख, छत्र र पद्म (कमल) यी चिन्ह छन् भने त्यो रमणी राजरानी हुनेछ।

३. जसको करतल न होचो, न अग्लो, साथै उत्कृष्ट रेखायुक्त छ भने त्यो कामिनी विधवा हुन सक्तिन र चिरकालसम्म सन्तान एवं अर्थसुखले सुखी र सम्भोग-शालिनी हुनेछ।

हातको सौन्दर्य– पाँचैवटा औंलाहरू, तिनका माझको बन्धनी अथवा अस्थि-संयोजक झिल्ली समान वा उचित अंशमा छन् भने तथा जसका नङ् एकनासे र अल्परूपमा छन्, त्यो हात उत्तम मानिन्छ।

पादाकृति विज्ञान (Physiognomy)

अंग विज्ञान–

चन्द्रार्धं कलशं त्रिकोण धनुपी खंगोष्पदं पौष्टिकम्।
शङ्खं सव्यपदेऽथ दक्षिणपदे कोणाष्टकं स्वस्तिकम्।।
चक्रं छत्र-यवाङ्कुशं ध्वजकुलीराम्बूद्र्ध्व रेखाम्वुजम्।
विभ्राणो हरिरूनविंशति महालक्ष्म्यार्जिताङ्घ्रि भवेत्।।

२०८.

तपाईंका चरणको महत्त्व

श्रीचरणको जति वर्ता महत्त्व जीवनमा छ, सामुद्रिक-शास्त्र त्योभन्दा धेरै बढी महत्त्व चरण (पाउ) लाई दिन्छ। श्रद्धाका केन्द्र चरण नै हुन्छन्, त्यसै कारण भगवच्चरणारविन्दका चञ्चरीक श्री तुलसीदासले प्रथम 'श्रीगुरु चरण सरोज रज' को नै ध्यान गरे र तपाईं पनि कुनै सभ्य सज्जनलाई आफ्नू 'झुपडी' मा प्रवेश गर्न लागेका देखेर सहसा भन्नुहुन्छ- 'आउनुहोस्, श्रीमान् ! पाउ-कष्ट गर्नुहोस् !' चरणका यही महत्ताले प्रगाढ प्रेमाभिव्यक्तिको मौकामा श्रीमतीगण श्रद्धास्पद श्रीचरणकी आफूलाई 'दासी' भन्नमा गौरवान्वित मान्दछन्। घरका वयोवृद्धाहरू नवीन रसवन्ती-लज्जावन्तीका दुवै चरणलाई नै आफ्ना उपमानको उपमेय तुल्याउँछन्।

सबै प्राणीका शरीरको मुख्य आधार चरण नै हुन्। यदि पाउ दुर्बल छन् भने माथिल्लो अङ्ग जति नै पुष्ट र बलियो भए पनि अडिन सक्तैन। पाश्चात्य वा पौर्वात्य कुनै पनि पद्धतिलाई अङ्गीकार (स्वीकार) गरेर हिड्ने प्रत्येक सामुद्रिक शास्त्रज्ञको निम्ति जति आवश्यकता 'हस्ताकृति विज्ञान' को समुचित ज्ञानको छ, यदि त्यसै अनुपातमा शरीरका अन्य अङ्गहरूको शुभाशुभत्वको परिज्ञान छ भने 'सुनमा सुगन्ध' भन्न सकिन्छ। भारतीय सामुद्रिक शास्त्रज्ञ सम्प्रदायको अनुसार यौटा सामुद्रिक शास्त्रज्ञलाई सम्पूर्ण शरीरको नख-शिखपर्यन्त अङ्गहरूको ज्ञान हुनु फलादेश गर्नको लागि नितान्त आवश्यक छ, किनभने 'सामुद्र' शब्दको परिभाषा 'मा समुद्र' मङ्गलदायिनीति' को अनुसार अङ्गाकृति लक्षणहरूसित नै-सम्बन्धित छ। यसै विषयमा मानिएको पनि छ—

उन्मान मान गति सारमनूक्तमादौ,
स्नेह स्वर प्रकृति वर्ण समन्धिसत्वम्।
क्षेत्रमृणां च विधिवत्स्वकुलोऽवलोक्य-
सामुद्रविद्वदति निश्चयमागतश्च।।

उपरोक्त भनाईमा 'गति' को ज्ञान पाद-संचरण-क्रिया अर्थात् खुट्टाले नहिडीकन जान्न सकिन्न। व्यक्तिको स्वभाव र चारित्रिक गुणदोषको विवेचन मुखाकृति र हात नहेरिकन नै प्रकट गरिदिने जति सजिलो साधन 'गति' छ, त्यति सम्भवतः अर्को छैन भन्न सकिन्छ। फेरि 'गति' द्वारा सूचित फलको पुष्टि हुन्छ— व्यक्तिका चरण-चिन्ह देखेर। जस्तो कि व्यक्तिको चरित्रको ज्ञान उसका अङ्गचेष्टाहरू र वाणी आदिले पनि लगाउँछन्, तर जीवनमा जति महत्वपूर्ण स्थान 'युगलचरण' को छ, त्यति नै सरलतापूर्वक चरित्र जान्ने साधन हुनाले सामुद्रिक शास्त्र जान्नेहरूको दृष्टिमा पनि छ।

यौटा उदाहरण भनौं- तपाई कहीं उभिएर आफ्ना मित्रसित कुरा गरिरहनु भएको छ।

त्यही मौकामा तपाईंको छेवैबाट कोही सन्देहास्पद व्यक्ति अगाडि गयो र तपाईंलाई त्यस्ता सन्देहास्पद व्यक्तिहरूको गतिविधिको पूरा ज्ञान छ भने तपाईं तत्काल बोल्नु हुनेछ– यो अहिले जाने व्यक्ति अवश्य कुनै अपराध गरेर आइरहेको छ। यो ज्ञान तपाईंलाई प्रथम त्यसको गति द्वारा भयो। त्यसपछि तपाई आफ्नू भनाईको पुष्टि गर्नका लागि त्यसका चरण-चिन्हको नगीचै जानुहुन्छ। अनि यदि त्यो व्यक्ति नांगो खुट्टाको छ भने तपाई त्यसका पैतालाका रेखाहरूले र यदि त्यसले जुत्ता लगाएको छ भने त्यसले खुट्टा राखेको ढंग देखेर तत्काल भन्न सक्नुहुन्छः यो व्यक्ति अवश्य मेरो सन्देहको घेराभित्र आएको छ। पादाकृति-विज्ञानका ज्ञाता हुनाले तपाईं अपराध निरोधक कार्यमा आफ्नू देशलाई निकै ठूलो सहायता गर्नसक्नु हुन्छ।

संस्कृत वाङ्मयका प्राचीन ग्रन्थहरूमा अन्य अङ्गहरूको लक्षण जहाँ वर्णन गरिएको छ, त्यहीं पाउका रेखाहरू, चिन्हहरू र बनोटको पनि वर्णन उचित मात्रामा गरेको पाइन्छ। संस्कृत साहित्यका आदिकवि वाल्मीकि सीताको मुखबाट–

समग्र यवमच्छिद्रं पाणिपादं च पर्णवत्।
मन्दस्मिते त्येव मां कन्यां लाक्षणिकाः विदुः।।

तात्पर्य– हात-पाउ दुवैमा सौभाग्यसूचक सम्पूर्ण यवाकृति चिन्ह र मन्दस्मिता कन्या मलाई लाक्षणिकहरू(सामुद्रिक शास्त्रज्ञ) ले बताएका थिए– यति उद्गार गराउन बिर्सनु हुन्न, त्यहीं उनका पछि हुने लेखनीका धनी, पुण्य साहित्यका स्रष्टा वेदव्यासले पनि आफ्ना पुराणहरूमा श्रीकृष्ण र गोपीका चरण चिन्हको वर्णन यसरी गरेका छन्–

ध्वजवज्राङ्कुशाजाङ्करेखावन्त्यालि पश्यतः।
पदान्येतानि कृष्णस्य लीलाललित्न गामिनः।
कापि तेन समायाता कृतपुण्यामदालसा।
पदानि तत्पाश्चैतामि घनान्यत्यतनूनि च।।

तात्पर्य– हे सखि ! लीला ललितगामी श्रीकृष्णका ध्वजा, वज्र, यव र अंकुश आदि शुभ चिन्ह एवं रेखाहरूले विभूषित यी पद-चिन्ह त हेर ! यता पनि हेर, उनका साथमा कुनै मदमस्त नव-यौवना पनि गएकी छ, यी स-साना र पातला चरण-चिन्ह उसैका देखिइरहेछन्। यस्ता वाक्यहरूमा वर्णन गर्दछन्। उक्त प्रसंगहरूले यो ज्ञात हुन्छ कि पादाकृति विज्ञान हाम्रो देशमा प्राचीन कालदेखि नै चलिआएको छ।

हाम्रो देशको प्रत्येक भागमा खुट्टा र गतिविद्याका ज्ञाता व्यक्ति अनेक पाइन्छन्; तर यहाँ देशको प्रायः प्रत्येक भागमा यौटा जातिविशेषका व्यक्ति पाइन्छन्, जुन यस विद्यामा अत्यन्त पटु हुन्छन्; तिनलाई 'खोजी' गवेषक भन्दछन्। राजस्थानमा 'मीणा' जातिका

मानिसहरू- जुन कि धेरजसो वाचमैन (चौकीदारी) को काम गर्दछन्; आज पनि यसका जीवित उदाहरण छन् । यस जातिका कतिपय व्यक्तिहरू त जल र स्थल दुवैमा सन्दिग्ध व्यक्तिहरूको पछि-पछि लखेट्ने खालका हुन्छन् । यस विज्ञानको पूर्णता केवल गतिसम्बन्धी ज्ञानले नै पूणहुन सक्तैन, यसको निम्ति सम्पूर्ण चरणको बनोट, नङ, नसाहरू, स्पर्श, रेखा र चिन्हहरूको पनि पूर्णज्ञान हुनु आवश्यक छ ।

हुनत पाउका बीस भेद मानिएका छन्, तर तिनमा पनि मुख्य पाँच थरिका छन्- १. सर्वोत्तम, २. उत्तम, ३. मध्यम, ४. अधम र ५. निकृष्ट । सर्वोत्तम श्रेणीका पाउ ती कहिन्छन्, जुन पसीनाले रहित, रातो कमलको आभा भएको, जसको पैताला कोमल तथा समान रूपले टाँसिएका औंलाहरू, तामाको जस्तै रंग भएका नङ्हरू र कुर्कुच्चा राम्रो परेको होस्; माथिल्लो भाग उष्ण, नसाहरू नदेखिने, गुल्फ दबेको होस् र माथिल्लो भाग कछुआको पिठिउँ जस्तै उक्सेको होस् । यस्ता प्रकारको पाउ हुने मानिस देश र विदेश सबै स्थानमा ख्याति प्राप्त तथा सवै क्षेत्रमा सम्मानित र राजकीय सद्उपमान पाउने खालका हुन्छन् । यसप्रकारका पाउले सम्मिश्रित चरण नेपालका स्वर्गीय राजगुरु श्री हेमराज पण्डितका पाउमा प्राप्त हुन्थे । यो अनुभव गरिसकेको कथन हो ।

पसीना नआउने उत्तम चरण, गुलाबी रंगको पैताला, लामा र टाँसिएका औंला, लालिमा युक्त सामान्य लामा नङ, ढाकिएको गुल्फ (गोलिगाँठा) नदेखिने नसाहरू, माथिल्लो भाग अग्लिएको, छुँदा नरम हुन्छ । यस प्रकारका पाउ हुने व्यक्ति ऐन-कानूनका ज्ञाता, तीक्ष्ण-बुद्धि तथा उत्तम सल्लाह दिने खालका र थोरै परिश्रमले ठूलो प्रसिद्धि प्राप्त गर्ने, रसिक, साहित्य-प्रेमी र समाजमा विशिष्ट स्थान भएका व्यक्ति हुन्छन् । यस्ता व्यक्तिलाई सम्मानजनक यात्रा गर्ने मौका बराबर प्राप्त भइरहन्छ ।

मध्यम खालका खुट्टाको पैताला कोमल हुनका साथै गेरु रङ्गका तथा नङ सर्पाकार हलुका गुलाबी वा पहेंलो भाव अथवा गेरु रङ्ग लिएका र सामान्य नसाहरू देखिने तथा औंलाहरूमा सामान्य रौं भएको होस् । यसकिसिमका खुट्टा हुने व्यक्ति शीघ्र व्यवहारमा अत्यन्त प्रवीण तथा कुराकानीमा निर्भीकता भएका परिश्रमी र टाढाको विषयमा गहन विचार गर्ने तथा पारिवारिक चिन्तामा गाडिएका, सीमित क्षेत्रसम्म मात्र सम्मानित र गणित तथा विज्ञान-विद्याको विषयमा चाख मान्ने खालका हुन्छन् ।

उत्तम पाउको पैताला अलि-अलि ध्वाँसे रंगको तथा सेतो भाव लिएको आकृतिमा चाक्लो, स्पर्शमा रूखो, कठोर, चीसो, माथिल्लो भागमा पसीना आइरहने औंलाहरूमा बढी रौं भएको र चाक्लो, गुल्फ निस्केको यस्तो खुट्टा हुने व्यक्ति कामदेवको वशमा तथा दरिद्रताको डोरीमा अल्झिरहने होला । यस्ता व्यक्तिको मनमा आफ्नै शरीरको परिश्रमले भाग्योदय गर्ने इच्छा रहन्छ । अनि विद्याहरूको विशेष प्रेमी र वंशाभिमानमा चुर्लुम्म गाडिएका, थोरै पारिश्रमिक पाउने खालका हुन्छन् । यिनमा कामुकताको प्रवृत्ति बर्ता देखापर्दछ ।

निकृष्ट पाउको पैताला माटोको रंगको हुन्छ। कुर्कुच्चा मोटो र ठाउँ-ठाउँमा काटिएको, चिरिएको, हातले छुँदा कडा, माथिल्लो भागमा नसाहरू आला र स्पष्ट देखिने, खुट्टा नै बांगो-ठिंगो तथा पिठिउँ र औंलाहरूमा बर्ता रौं उम्रेको रहन्छ। नङ स-साना र चेप्टा, कालो अथवा हरियो भाव लिएको हुन्छ। गोलिगाँठो निस्केको देखिन्छ। यस्तो खुट्टा हुने व्यक्ति दरिद्री र लामा-लामा बीमारीहरूले ग्रस्त, अर्काले जे भने पनि 'हो हो, ठीक हो' भन्ने, 'अनुपायी' झूठो अभिमानी, आफ्नू घरबाट धेरै दिनसम्म टाढा बस्ने, निस्किफ्री र कुसंगतमा रमाउने खालको होला।

पादाकृति विज्ञानमा औंलाहरूको ज्ञान हुनु आवश्यक छ। खुट्टाको वनोट उत्तम भएर पनि औंलाहरूको वक्रता, बढी मोटा र पातला—फलमा न्यूनाधिक पारिदिन्छन्। खुट्टाका औंलाहरूको नाम बूढी औंलाबाट प्रारम्भ गरेर यस प्रकार छ- १. अंगुष्ठ, २. तर्जनी, ३. मध्यमा, ४. अनामिका, ५. कनिष्ठिका। प्रायः परिमाण-भेदले यी पाँच थरिका हुन्छन्- १. लामो, २. मोटो, ३. सम र सलक्क परेको, ४. छोटो, ५. पातलो। हात र खुट्टा दुवै स्थानमा अंगुष्ठको महत्त्वपूर्ण स्थान छ। खुट्टा सम्बन्धी विविध रोगहरूको अनेक उपचार खुट्टाको बुढीऔंला बाँधेर निश्चित अवधिसम्म राख्नाले हुन्छ। यसको एकमात्र कारण पेट एवं खुट्टाका नसाद्वारा सम्वन्धित हुनु नै हो। विशेपता खुट्टाको बुढीऔंला छ प्रकारको हुन्छ।

१. बाटुलो, २. वांगो, ३. सानो, ४. च्याप्टो, ५. चाक्लो र ६. लामो।

यदि खुट्टाको बुढीऔंला मांसल, उन्नत र गोलाकार छ भने त्यो व्यक्ति उत्तम वाहनले युक्त, पराक्रमी, विद्वान, राम्री पत्नी र छोरो भएको होला। निर्मांस र अवनत, बाटुलो अंगुष्ठ हुने व्यक्तिको पाउमा शस्त्राघात वा आपरेशन अथवा व्रण विकार हुन्छ। प्रथम प्रकारको अंगुष्ठ स्त्रीको छ भने भाग्यशालिनी, सम्पत्तियुक्ता बहुपुत्रवती हुनेछ। यदि दोस्रो किसिमको अंगुष्ठ छ भने धनी एवं कुलवती भएर पनि धनहीना र लामो समयसम्म पतिदेखि टाढा बस्ने खालकी होली। बांगो र मांसल अंगुष्ठ हुने मानिस जुआडे, धोखा दिने र परस्त्रीगामी हुन्छन्। साथै संगीत-प्रेमी र आफ्ना परिवारसित धेरै पर रहन्छन्, तापनि यिनको काम उच्चश्रेणीका हुन्छन्।

खुट्टाको बुढीऔंला मांसहीन भएर वांगिएको छ भने- यी गुण निकृष्ट मात्राका हुनन्। यदि स्त्रीको यस्तो औंला छ भने त्यो स्त्री आफ्नू परिवारको मर्यादा नष्ट पार्ने तथा लज्जाहीन एवं असम्मानित जीवन व्यतीत गर्ने खालकी होली। सानो अंगुष्ठ हुने व्यक्ति साहसी, निर्भय, युद्धप्रिय र अर्कामाथि आफ्नू प्रभाव राख्ने खालको होला। मांसहीन र अवनत (न्यूरेको) सानो अंगुष्ठ हुने व्यक्ति अपराधी प्रवृत्तिको र चंचल तथा भीरू हुन्छन्। सानो अंगुष्ठ हुने स्त्री कुलटा र मांसहीन साना अंगुष्ठ हुने स्त्रीहरू धेरजसो बन्ध्या हुन्छन्। च्याप्टो अंगुष्ठ हुने व्यक्ति परमुखापेक्षी र नोकरी गरेर पेट पाल्ने हुन्छन्। धेरजसो यस्ता व्यक्ति ससुराली पक्षबाट सम्पन्न हुन्छन् र अल्प सन्तोषीमा गनिन्छन्। अनि च्याप्टो अंगुष्ट हुने स्त्री दासी र अकारण

नै अर्कासित स्नेह गर्ने खालका हुन्छन्। धर्म-कर्म वा तीर्थमा श्रद्धाराख्ने पनि हुन्छन्। चाक्लो अंगुष्ठ हुने व्यक्ति विशाल हृदय भएका र आपत्तिहरूको हाँसी-हाँसी स्वागत गर्ने खालका तथा सादा जीवन व्यतीत गर्ने खालका हुन्छन्। मांसहीन अंगुष्ठमा यी गुण अल्प हुन पुग्दछन्। चाक्लो अंगुष्ठ हुने स्त्री वैधव्यले सन्तप्त अथवा एकान्तसेवी र सम्पत्तिशालिनी हुन्छन्। लाम्चो र मांसल राम्रा अंगुष्ठ हुने व्यक्ति सहसा धन प्राप्त गर्ने र व्यवहार पटु हुन्छन्। कर्तव्य पालनको सदैव ध्यान राख्दछन्। यदि अंगुष्ट थोरै मांसल छ भने उपरोक्त गुणहरू पनि थोरै नै हुन्छन्। यदि स्त्रीका खुट्टाको अंगुष्ठ लामो र मांसल छ भने त्यो पतिव्रता, वहुपुत्रवती र सौभाग्यशालिनी हुन्छन्।

यसै प्रकार खुट्टाका अन्य औंलाहरू यदि मृदु, समुन्नत र मांसल छन् भने फलको उत्तमतामा वृद्धि गर्दछन्। यदि खुट्टाका औंलाहरू टम्म भरिएका र दीर्घ (लामा) छन् भने त्यस व्यक्तिका परिवार भरिभराउ हुन्छ। त्यो व्यक्ति साहित्य-प्रेमी र दृढ-विचारक हुन्छ। यदि स्त्रीका औंलाहरू यस्ता छन् भने कुटिला र जिद्दी स्वभावका तथा सम्मानित हुन्छन्। पुष्ट (मोटो) औंलाहरू हुने व्यक्ति विद्वान र निस्फिक्री हुन्छन्। ती केवल सम्मान पाएर नै सन्तुष्ट रहन्छन्। यदि स्त्रीका खुट्टाका औंलाहरू यस्ता छन् भने, ती विर्सने बानी भएका र शीघ्र नै सबैको विश्वास गर्ने खालका हुन्छन्। यिनको धन प्रायः अर्काले नै खाइदिन्छ। सम अर्थात् न धेरै लामो र न बर्ता चाक्लो, जुन हेर्दा सलक्क परेका हुन्छन्, त्यस्ता व्यक्तिहरू वृद्ध अवस्था भएपछि धनी हुन्छन्। यस प्रकारका खुट्टाका औंलाहरू हुने स्त्रीहरू सदैव केही काममा लागिरहने र केही ईर्ष्यालु स्वभावका हुन्छन्। स-साना औंला हुने व्यक्तिका धेरै छोरी हुनन् र ती बर्ता संकोची स्वभावका हुन्छन्। यौटा न यौटा कामको ध्यान इनलाई सदैव लागिरहन्छ। साना औंला हुने स्त्रीहरू आफ्ना छिमेकीसित बढी हेलमेल राख्दैनन् र यी कुरूप हुन्छन्। पातला र मांसल औंलाहरू हुने व्यक्ति इमानदार, आफ्नो पदमा बिस्तार-बिस्तार सम्मानित हुँदै जाने र विवेकशील हुन्छन् तापनि यिनको आर्थिक स्थिति मध्यम श्रेणीको हुन्छ। पातला औंला हुने स्त्रीहरू दरिद्रा हुन्छन्।

विशेष कुरा

यदि खुट्टाका औंलाहरू खस्रा छन् भने ती दरिद्रता सूचक हुन्। यदि खुट्टाका चारैवटा औंला क्रमशः मोटा र पातला छन् भने त्यो व्यक्तिले आफ्नी पत्नीको त्याग गरेर भिन्नै बस्नेछ। यदि स्त्रीका खुट्टाको औंला त्यस्ता छन् भने त्यी धोखाले पतिको हत्याको अपराधिनी हुनेछ। त्यसले दासी झैं जीवन बिताउनु पर्नेछ। पुरुषको मध्यमा औंलो तर्जनीभन्दा ठूलो छ भने सम्मानदायक हुन्छ। स्त्रीको माझी औंलो यदि चोरऔंलाभन्दा ठूलो छ भने त्यो पर-पुरुषसित गुप्त-प्रेम गर्ने



खालकी हुन्छे। फेरि अंगुष्ठको साथै तर्जनी यदि अंगुष्ठभन्दा अलिकति ठूलो छ भने त्यो व्यक्ति आफ्ना पूर्वजहरू भन्दा बर्ता धनवान र प्रसिद्ध हुन्छ। यदि स्त्रीको तर्जनी अंगुष्ठभन्दा ठूलो छ भने सम्मानित र पतिलाई आफ्नू प्रभावमा राख्ने खालकी होली।

जसको बायाँ पाउमा अर्धचन्द्र, कलश, त्रिकोण, शून्य, गोष्पद, प्रौष्ठी, माछा र शंख-यी आठ थरिका चिन्ह र दाहिने पाउमा अष्टकोण, स्वस्तिक, चक्र, छत्र, यव, अंकुश, ध्वज, वज्र, जम्बू, ऊर्ध्वरेखा र पद्म-यी एघार थरिका एवं सबै मिलाएर उन्नाइस चिन्ह जसको पैतालामा देखिन्छन् महालक्ष्मी नै त्यस्ती महिलाको पद-सेवा गर्दछिन्।

राजचरणको लक्षण

राजाको पैताला पसीनाले हीन, कोमल र कमलको भित्रीभाग जस्तै हेर्दा सुन्दर मिलेका औंलाहरू, नङ ताम्रवर्ण, तातो पाउ र नसाहरूको अग्लो भावले रहित, पाउको पृष्ठभाग कछुआको पिठिउँ जस्तै उन्नत र गुल्फ देश रमणीय र अप्रकट हुन्छन्।

जसका चरणतलमा पद्म, चक्र, तडाग, तोरण, अंकुश वा वज्रको चिन्ह रहन्छ, त्यो व्यक्ति निश्चय नै राजा हुनेछ। जुन व्यक्तिको दुवै पाउका गुल्फ उन्नत र प्रकाशित तथा पैताल कमल जस्तै कोमल र राम्रा, सधैं पसीनाले युक्त, मृदु तथा मत्स्य, कमल चिन्हले युक्त हुनन्, त्यस व्यक्तिको सदैव मंगल हुने गर्दछ।

यदि कसैका पाउको पर्वरेखा भित्र अन्य रेखा देखिन्छन् भने त्यसलाई शल्य लाभ हुन्छ।

जसको खुट्टाको बुढी औंलाको जरोबाट पूरा पैतालासम्म विस्तृत रेखाहरू देखिन्छन् भने त्यो व्यक्ति राजा हुन्छ र निष्कण्टक राज्य भोग गर्दछ।

जसको पदमूलमा वज्रचिन्ह रहन्छ र त्यो रेखा यदि टूट छैन भने त्यस व्यक्तिको जन्म श्रेष्ठ कुलमा हुन्छ।

जसका दुवै पाउ बृहद् हुन्छन्, कुरूप, बांगा र हेर्दा कठोर तथा सम्पूर्ण औंलाहरू विरल हुन्छन्, त्यस्ता व्यक्ति अवश्य दरिद्र हुन्छन्।

दरिद्र व्यक्तिका पाउका नसाहरू अग्लिएका, बांगा, रूक्ष र शुष्क अनि पैताला मैदान जस्तो सम्म परेको, नङपहेंला र औंला फैलिएका हुन्छन्।

नारीका पद-चिन्ह

जुन नारीको हत्केला र पैतालामा ऊर्ध्वरेखा हुन्छ, त्यो रमणी निम्नकुलमा जन्मेर पनि निश्चय नै राजपत्नी हुनेछ।

जुन रमणीको पैतालामा माझी औंलासम्म विस्तृत ऊर्ध्वरेखा छ, त्यो स्त्री राजपत्नी र अखण्ड वैभवशालिनी हुन्छे।

जुन रमणीका चरणमा वज्र, पद्म र हलोको चिन्ह रहन्छ, त्यो नारी दासी भएर पनि रानी जस्तै अवस्था प्राप्त गर्दछे र नित्य राज-भोगमा आफ्नू जीवन व्यतीत गर्दछे।

२१०.



२११.

जुन रमणीका दुवै चरण स्नेह विशिष्ट अर्थात् चिल्लो, राम्रो, उन्नत र ताम्रवर्ण नङ हुन्छन् तथा माछा, कछुआ, अंकुश, पद्म, चक्र र हलो इत्यादि चिन्हले युक्त हुन्छन्, त्यो रमणी अत्यन्त शुभदायिका हुन्छे।

राज्ञी पद-लक्षण

राज्ञी वा साम्राज्ञीका चरण स्निग्ध र समान, नङ ताम्रवर्ण, औंलाहरू परस्पर मिलेका, पाउको अग्रभाग उन्नत, गोलिगाँठा नदेखिने र प्रशस्त अनि पैताला हेर्नमा कमल जस्तै कमनीय, कोमल र हल चिन्हले अंकित हुन्छन्।

नारीका पाउको नङ स्निग्ध, उन्नत, ताम्रवर्ण र गोलाकार छन् भने ती मङ्गलदायक हुन्छन्। जुन रमणीका पादपृष्ठ उन्नत, पसीना रहित, शिराशून्य, चिल्लो, मृदु र मांसल हुन्छ- त्यही नारी रानी हुने मौका पाउँछे।

जुन रमणीका पाउका औंलाहरू प्रायः परस्पर मिलेका हुन्छन् र नङ ताम्रवर्ण, दुवै पाउ अग्ला, नसाले युक्त र कछुआको पिठिउँ जस्तै उन्नत तथा गुल्फ गूढ भावापन्न हुन्छन्, त्यो राजस्त्री हुने गर्दछे।

नारी-पाउका विविध लक्षण–

जुन नारीका पैताला स्निग्ध, मांसल, कोमल, समान, पसीना-रहित, उत्तम र लालिमा युक्त हुन्छन्, त्यही नारी भाग्यवती र विपुल वैभवकी अधिकारिणी हुन्छन्।

जुन स्त्रीका पैताला कोमल र अलि-अलि पसीना आइरहने, प्रशस्त, तिघ्रा लोमहीन चिल्ला, उरुस्थल हात्तीको सूँढ जस्ता, स्थूल, शीतल र वर्तुल (गोलाकार), क्रम-सूक्ष्म र लावण्ययुक्त हुन्छन्, त्यो मंगलभाजन हुन्छे।

जुन रमणीका पाउ स्निग्ध, समानाकार हुन्छन्, त्यही संसारमा उत्तम ख्याति प्राप्ति गर्ने खालकी हुन्छे।

जुन नारीका पैताला कर्कश, विवर्ण, कठोर, खण्डित तथा विशाल आकृतिका हुन्छन्, त्यो नारी दुःखिनी र हतभागिनी हुन्छे।

जुन नारीको खुट्टाका औंला बांगा, मांसल र अग्रभाग उन्नत होला त्यो नारी सुख-सौभाग्य सम्भोग गर्नेखालकी होली

जुन नारीका पाउको औंलाहरू बांगा स-साना र च्याप्टा हुनन्, त्यस नारीको भाग्यमा सुख-सम्पत्तिको भोग हुने छैन।

जुन स्त्रीका पाउको तर्जनी, मध्यमा अथवा अनामिका औंलाको टेक्ता भूमिलाई स्पर्श गर्दैन, त्यो नारी सुख-सौभाग्यले वर्जित हुनेछ।

हिड्ने वेलामा जुन नारीका चरणको कनिष्ठा र अनामिका औंलाले माटो छुँदैन अथवा तर्जनी र अंगुष्ठको मास्तिरवाट जान्छ भने त्यो निश्चय कुलटा हुनेछ, यसमा शंका छैन।

जुन नारीका पाउको वुढीऔंला वर्ता ठूलो हुन्छ, त्यो नारी विधवा र हतभागिनी हुनेछ।

जसको पाउका औंलाहरू दीर्घ (लामो) होलान्, त्यो कुलटा हुनेछ। जसका औंलाहरू कृश (झीना) हुनन्, त्यो दरिद्री होली। जसका औंलाहरू बांगा-टिंगा हुनन्, त्यसको आयु थोरै र कामना भग्न अवस्थामा रहने छ।

जुन नारीले हिंड्दा पृथ्वीवाट धूलो उड्दछ, त्यो कलंकिनी र पितृ-मातृ तथा पतिकुलकी विनाशकारिणी होली।

जसका पाउको औंलाहरू छरिएका हुनन्, त्यो नारी दुःखी होली र जसका औंलाहरू परस्पर वर्ता टाँसिएका हुनन्, त्यो कामिनी वहुपति विनाशिनी र अर्काकी दासी भएर रहली।

जुन नारीले हिंड्दा भूमि थर्किन्छ र जो लोभी र वढी भोजन गर्ने होली, त्यस नारीलाई विवाहमा ग्रहण नगरे उत्तम हो।

नारीहरूका दुवै गुल्फ छोपिएका, शिराहीन र सलक्क परेको छ भने शुभकर र विषम, उन्नत र हेर्दा रूखा छन् भने त्यो अशुभकारिणी हुन्छे।

गुल्फप्रदेश समान हुनाले अर्थात् पिंडुला तारतम्यकै अनुसार छ भने त्यो नारी मङ्गलदायिनी, बृहद् छ भने भाग्यहीना, उन्नत छ भने वेश्या र दीर्घ छ भने दुःखभागिनी हुनेछ।

जुन नारी राजहंस वा गजगामिनी र सिंह अथवा ठूलो बाघको जस्तो पाललो कमर भएकी हुन्छन्, ती ललना सुख-सौभाग्यशालिनी हुन्छन्।

जुन रमणीका दुवै खुट्टा, मुख र नेत्र स्निग्ध हुन्छन्,त्यो रमणी निकै यशस्विनी हुनेछन्।

जुन नारीका हत्केलामा र पैतालामा रथ, वज्र, ध्वज र चक्राकार चिन्ह देखिन्छन्, त्यसलाई अतुल ऐश्वर्य लाभ हुनेछ।

जुन रमणीका पैतालामा समस्त लक्षण परिपूर्ण रहन्छन्, त्यो रमणी सुखभागिनी हुन्छे।



२१२.

जुन कुमारीका दुवै चरणका नङ स्निग्ध, उन्नताग्र सूक्ष्म, साथै रक्तवर्ण हुन्छन्, पैताला कमल झैं कान्ति भएका र दुवै समान रूप-रेखाका हुन्छन् र गुल्फ राम्रा एवं निगूढ हुन्छन्, तथा मत्स्य, अंकुश शंख, चक्र, वज्र, हल र खड्ग चिन्ह युक्त हुन्छन्, त्यही कुमारीसित विवाह गर्नु पर्दछ।

रेखा र चिह्नादि हेरेर जन्मशकादिको ज्ञान

अव हात र मस्तकका रेखाहरू र शारीरिक चिन्हादि देखेर जसरी जन्म-शक, वयःक्रम, जन्मतिथि वा दिनांक, जन्मकाल र जन्मलग्न जान्न सकिन्छ; त्यसको उपाय अनेक देशहरूका विभिन्न ग्रन्थहरूबाट केही उद्धृत गरेर तल लेखिइरहेको छ। यस विषयको परिज्ञानका लागि इंगलैण्डका सुविख्यात सामुद्रिक शास्त्रज्ञाता सैण्डर्स साहेवले आफ्नू ग्रन्थमा जो लेखेका छन्, त्यही पहिले लेखिइन्छ।

विद्यार्थी हो ! अभ्यास॰ थाल्नुभन्दा अगावै जुन व्यक्तिको हत्केलाको रेखाहरू स्पष्ट देखिन्छन्, तिनको जन्ममास, जन्मवार र जन्म दिनांक आदि राम्ररीं सिख। यस प्रकार अभ्यास भइसकेपछि अन्यान्य हत्केलाहरू तथा हत्केलाका सबै प्रकारका रेखाहरू हेरेर अनायास नै जन्ममास आदि ठीक पारेर प्रश्नकर्तालाई बताउन सकिन्छ।

जन्ममास, जन्मवार र जन्मदिनांक कसरी जान्न सकिन्छ, अव त्यो बताइन्छ, राम्ररी बुझ–

तर्जनी औंलाको तल जुन स्थानमा पितृरेखा समाप्त भएको छ, त्यस स्थानबाट भोगरेखाको तल जुन रेखा हत्केलाको बीचबाट कान्छी औंलातिर गएको छ, त्यसको नाम मातृरेखा हो। यो रेखा हत्केलाको कुन स्थानसम्म गएर समाप्त भएको छ र त्यस रेखाको माझमा कतिवटा गुणन अर्थात् वज्र चिन्ह छन् अथवा त्यो अन्य कुन-कुन रेखाहरू द्वारा विद्ध अथवा खण्डित भएको छ, तिनलाई सूक्ष्मरूपले निरूपण गरेर अनिपछि उसलाई हेरेर निम्नलिखित उपदेश अनुसार जन्ममास, जन्मवार र जन्मको तारीख निर्धारित गर्नुपर्दछ।

१. यदि यो मातृरेखाबाट उत्पन्न भएर हत्केलाको निर्दिष्ट चन्द्रस्थानसम्म गएर समाप्त भएको छ र त्यहाँ एक गुणन वा ठूलो रेखा देखिन्छ भने निस्सन्देह जूनको महीनामा दसौं दिन सोमवार अर्थात् प्रायः ज्येष्ठ महीनाको अन्तिम अर्धांशमा प्रश्नकर्ताको जन्म भएको छ, यसलाई निरूपित गर्नुपर्दछ।

२. यदि यस मातृरेखामा दुइ गुणन वा वज्ररेखा छ भने त्यो व्यक्ति जून महीनाको वीस दिनांक सोमवारको जन्म जान्नुपर्दछ। यस रेखाको माझमा तीनभन्दा वर्ता वज्ररेखाहरू हुँदैनन्। यसको द्वारा तीस दिन मात्र जान्न सकिन्छ। यसलाई हेरेर महीनाको तीस दिनको त्यो वज्ररेखा तीनको परस्परको अन्तरको परिमाण विभाग गरेर जन्मदिनको संख्या निरूपण गर्नुपर्दछ।

३. यदि त्यो मातृरेखा मङ्गलको निर्दिष्ट स्थानमा समाप्त हुन्छ भने प्रश्नकर्ताको जन्ममास मार्च (फाल्गुनको शेपार्ध अथवा चैत्रको प्रथमार्ध) अथवा अक्टूवर (आश्विनको शेपार्ध अथवा कार्तिकको प्रथमार्ध) र जन्मवार मंगल स्थिर गर्नुपर्दछ। तर पूर्व उपदेशानुसार जुन अनेक गुणन अर्थात् वज्ररेखा, विद्ध रेखा वा भिन्न रेखा हुन्, तिनलाई हेरेर त्यस महीनाको कुन दिनको कुन वारको जन्म हो, यो स्थिर गर्नुपर्दछ।

४. यदि त्यो मातृरेखा वुध निर्दिष्ट स्थानसम्म गएर समाप्त भएको छ भने (वैशाखको शेपार्ध या ज्येष्ठको प्रथमार्ध) अथवा (अगस्त र श्रावणको शेपार्ध वा भाद्रको प्रथमार्ध) महीनामा बुधवार प्रश्नकर्ताको जन्म भएको छ, यो स्थिर गर्नुपर्दछ। तर पूर्व उपदेशानुसार गुणन अर्थात् वज्रविद्ध र भिन्न रेखा संख्या हेरेर जन्मवार र जन्मदिनको निर्णय गर्नुपर्दछ।

५. यदि त्यो मातृरेखा बृहस्पति ग्रहको निर्दिष्ट स्थानमा गएर समाप्त भएको छ भने प्रश्नकर्ता नवम्बर (कार्तिकको शेपार्ध अथवा मार्गशीर्पको प्रथमार्ध) अथवा (फरवरी माघको शेपार्ध या फाल्गुनको प्रथमार्ध) महीनामा गुरुवारको दिन जातकको जन्म भएको जान्नुपर्दछ, तर पूर्व प्रणालीको अनुसार वज्र (गुणन) चिन्ह वा मिश्ररेखा हेरेर दिनांक र जन्मवार जान्नुपर्दछ।

६. यदि यो मातृरेखा शुक्रग्रहको निर्दिष्ट स्थानसम्म गएर समाप्त भएको छ भने अप्रेल (चैत्रको शेषार्ध वा वैशाखको प्रथमार्ध) अथवा सेप्टेम्बर (भाद्रको शेपार्ध वा आश्विनको प्रथमार्ध) महीनामा शुक्रवार प्रश्नकर्ताको जन्मदिन स्थिर गर्नुपर्दछ, तर पूर्व उपदेशानुसार जन्म दिनांक र जन्मवार निर्णय गर्नुपर्दछ।

७. यदि त्यो मातृरेखा शनिको निर्दिष्ट स्थानतिर गएर समाप्त भएको छ भने प्रश्नकर्ताको जन्म दिसम्बर (मार्गशीर्षको शेषार्ध र पौषको प्रथमार्ध) अथवा जनवरी (पौषको शेषार्ध र माघको प्रथमार्ध) र जन्मवार शनि हुन्छ, तर पूर्व उपदेशको मतले जन्मदिन र जन्मवार निर्णय गर्नुपर्दछ।

८. यदि मातृरेखा रविको निर्दिष्ट स्थानमा गएर समाप्त भएको छ भने जुलाई महीनामा (आषाढको शेषार्ध र श्रावणको प्रथमार्ध) रविवारको दिन प्रश्नकर्ताको जन्म भएको छ, यो जान्नुपर्दछ। तर पूर्वको उपदेश अनुसार जन्मदिन र जन्मवार निरूपण गर्नुपर्दछ।

९. जुन स्थानमा दुइ महीना कहिएका छन्, यहाँ त्यसको कुन महीनामा जन्म भएको छ, यसको निरूपण गर्ने आदेश यो रेखा परिष्कृत, स्पष्ट र यदि उज्ज्वल वर्ण देखिन्छ भने उल्लिखित दुइ महीनामा पहिलो महीनामा भन्नुपर्दछ। यदि रेखा सफा छैन र अस्पष्ट छ भने अथवा मलिनवर्ण छ भने दोस्रो महीनामा जन्म भएको हो भन्ने स्थिर गर्नुपर्दछ।

१०. जसको मातृरेखा रवि र चन्द्रको निर्दिष्ट स्थानसम्म गएको छ, उनको त्यो रेखा सतत परिष्कृत र उत्तम वर्ण देखापर्दछ।

आँखा हेरेर जन्म समयको निर्णय

सैण्डर्स साहेवले आँखा हेरेर जसरी जन्म समय ज्ञात गर्ने निर्णय गरेका छन्। त्यो नियम यस प्रकार छ–

रातको दुइ प्रहरको वेलामा जन्म भएको हुनाले त्यस व्यक्तिका आँखा कृष्णवर्ण वा काला हुनन्। एक वजेको वेलामा भएको हुनाले पहिलेको भन्दा केही परिष्कृत हुनेछ। दुइ वा तीन वजेको वेलामा जन्म भएको हुनाले ओलिव (जैतून) जस्तै वर्ण र नेत्रताराको चारैतिर कालो देखिने छ।

यदि रात्रिको चार-पाँच वजे जन्म भएको छ भने नेत्रताराको चारैतिर श्वेतवर्ण देखिने छ।

यदि विहान छ वा सात वजेको वेला जन्मभएको हो भने नेत्रतारा अर्ध-नीलवर्ण र चारैतिर सेतो वा पहेंलो वर्णको हुनेछ।

यदि दिनमा आठ वा नौं वजे जन्मभएको छ भने नयन-ताराको अन्तर्गत मणिको चारैतिर नीलवर्ण र आँखाको केवल मणिभाग मात्र मिश्रवर्णको देखिने छ।

यदि दिनमा दस वा एघार वजे जन्मभएको छ भने सम्पूर्ण आँखा नीलोवर्णको हुनेछ केहीं स-साना चिन्ह रहने छन्।

दिनमा बाह्र वजेतिर जन्मभएको छ भने त्यसका आँखाको सारा अंश हरियो रंगको देखिने छ।

यदि दिउँसो एक वा दुइ बजेको बेला जन्मभएको छ भने आँखाका परेला आधा नीलो आधा हरियो रंगको देखिने छ।

दिउँसो तीन वा चार बजेको वेलामा जन्म भएको हुनाले हलुको मलीन वर्णको जस्तो हरियो वर्णको देखिने छ।

ललाट रेखा (Metoposcopy)

ललाट वा निधारको सीमा-नाक र दुवै आखी भौं भन्दा माथि र केशसीमाको भित्रतलसम्म तथा टेम्पुल अर्थात् आँखी भौंको माथिल्लो भागलाई ललाट वा कपाल भन्दछन्।

ललाटका माझको सात रेखाहरू द्वारा सात ग्रहको निर्णय गरिन्छ। रौंका तल्लो भाग-प्रथम रेखाका अधिपति शनिग्रह, तीभन्दा तलको दोस्रो रेखाका अधिपति वृहस्पति, यसै प्रकार त्योभन्दा तल तेस्रो रेखाका अधिपति मंगल र चौथोका अधिपति रवि, पाँचौं का शुक्र र छैठौंका बुध र सातौंका चन्द्र निर्णीत छन्। यी रेखाहरू द्वारा आयुरेखाको निर्धारण गरिन्छ र आयु प्रदान गर्ने यिनैहरू हुन्।



२१३.

मयदानव, यवनाचार्य, मणित्य र पराशर-यिनीहरूको मतले जन्मकालमा रवि, चन्द्र आदि ग्रह क्रमले आफाफ्ना उच्चस्थानमा स्थिर भएर १९, २५, १५, १२, १५, २१ र २० वर्ष पिण्डायु प्रदान गर्ने गर्दछन्। अर्थात् जन्मकालमा रवि परमोच्च स्थानमा हुनाले १९ वर्ष, चन्द्र उच्च स्थानमा हुनाले २५ वर्ष, यसै गरी मंगल १५ वर्ष, बुध १२ वर्ष, गुरू १५ वर्ष, शुक्र २१ वर्ष र शनि २० वर्ष प्रदान गर्दछन्, यही पिण्डायु नामले विख्यात छ।

तात्पर्य– मेष राशिको दशम अंश सूर्यको उच्चस्थान, वृषराशिको तृतीय अंश चन्द्रमाको उच्चस्थान, मकरराशिको अठार अंश मंगलको , कन्या राशिको पन्ध्र अंश बुधको, कर्कट राशिको पाँच अंश गुरुको, मीन राशिको सत्ताइस अंश शुक्रको र तुलाराशिको बीस अंश शनिश्चरको। यी सवै ग्रह उच्चस्थानमा रहेर नै पूर्वोक्त आयुको संख्या प्रदान गर्दछन्।

परमायुको संख्या जुन रूपमा कहिएको छ, अनेक कारणहरूले त्यसको ह्रास हुन सक्तछ। त्यसको विवरण निम्नलिखित छ-

जन्म समयमा यदि ग्रह आफ्नू नीचस्थानमा छ भने माथि कहिएका उच्च स्थानमा ग्रह जुन पिण्डायु प्रदान गर्दछन्, त्यसको आधा संख्या हुनेछ। यदि कुनै ग्रह उच्च वा निम्नस्थानमा नरहेर यदि तिनको मध्यस्थानमा छन् भने अनुपात अनुसार आयुको संख्या निर्णय गर्नुपर्दछ।

तात्पर्य– जन्मकालमा रविको आफ्नू नीचस्थान अर्थात् तुलाराशिको दस अंशमा छ

भने, उसको उच्चस्थान मेषको दसम अंशमा रहेर जो १९ वर्ष पिण्डायु प्रदान गर्दछ, यस स्थानमा त्यसको आधा अर्थात् नौ वर्ष र छ महीना आयुको संख्या प्रदान गर्दछ।

ठीक यसै प्रकार चन्द्रमा आफ्नू नीचस्थानमा अर्थात् वृश्चिकको तृतीय अंशमा रहनाले उसले दिइने पिण्डायु २५ वर्षको आधा १२ वर्ष र छ महीना, मंगल आफ्नू नीचस्थानमा अर्थात् कर्कटको २८ अंशमा रहनाले, उसले दिइने पिण्डायु पन्ध्र वर्षको आधा सात वर्ष र छ महीना, बुध आफ्नू नीच स्थानमा अर्थात् मीनको पन्ध्र अंशमा रहनाले आफूले दिएको आयु १२ वर्षको आधा छ वर्ष, वृहस्पति आफ्नू नीचस्थानमा रहनाले अर्थात् मकरको पाँचौं अंशमा रहनाले पन्ध्र वर्षको आधा सातवर्ष र छ महीना, शुक्र आफ्नू नीचस्थानमा अर्थात् मकरको पाँच अंशमा रहनाले आफ्नू प्रदत्त पिण्डायु २१ वर्षको आधा दस वर्ष छ महीना, शनि आफ्नू नीच स्थानमा रहनाले अर्थात् मेषको बीस अंशमा रहनाले बीस वर्षको आधा दस वर्ष आयुको संख्या प्रदान गर्ने गर्दछ।



२१४.

रेखाद्वारा आयु क्रमको वर्ष निरूपण गर्ने उपाय कहिन्छ। कानको टेम्पुल (Temple) स्थानसम्म एउटा क्षुद्ररेखा द्वारा आयुको क्रम निरूपित हुन्छ। यो बायाँ कानबाट कपालको बायाँ सीमाको आरम्भसम्म देखिन्छ भने १० वा १२ वर्ष आयु क्रम स्थिर हुन्छ। त्यही रेखा ललाटको मध्यभागलाई छेडेर विस्तृत छ भने अनि त्यो अलि-अलि मात्र स्पष्ट देखिन्छ भने २५ वर्ष आयु स्थिर हुनेछ। यसको ह्रस्वत्व वा दीर्घत्वको अनुसार यही २५ वर्षभन्दा केही तल-माथि निरूपित गर्नुपर्दछ।

भारतीय ज्योतिर्विदहरूले मानव शुभाशुभ ज्ञान गर्नका लागि जन्म-लग्नादि बाह्र राशिहरूद्वारा मानव शरीरका बाह्र स्थानहरूको विभाग गरेका छन्। यसैलाई कालपुरुषको अङ्ग विभाग भन्दछन्। जस्तै- मस्तक मेष राशिको स्थान, मुख वृष राशिको, बाहु मिथुन राशिको, हृदय कर्कट राशिको, उदर सिंहराशिको, कटि (कम्मर) कन्या राशिको, वस्ति तुला राशिको, गुह्यस्थान वृश्चिक राशिको, उरु धनुराशिको, तिघ्रा र घुँडा मकर राशिको, जंघा कुम्भ राशिको र पद स्थान मीन राशिको निर्दिष्ट छ।



२१५.

मनुष्यको आपाद-मस्तक जसरी ग्रहहरू द्वारा विभक्त छ, त्यसै गरी मुख-मण्डल पनि १२ राशिहरूले विभक्त गरिएको छ-

मनुष्यको निधारको माथिल्लो भागमा कर्कट, मध्यस्थानमा वृष, दाहिने आँखाको आँखीभौं माथि सिंह, बायाँ आँखाको आँकीभौं माथि कुम्भ, दाहिने आँखामा धनु, वायाँ आँखामा मिथुन, दाहिने कानको मास्तिर तुला, बायाँ कानको मास्तिर मेष, नाकमाथि, वृश्चिक, दाहिने गालामा कन्या, वायाँ गालामा मीन र चिउँडोमाथि मकरको अवस्थान रहन्छ।



२५६.

राशिहरूको स्थान माथि कहिएको छ, यसै गरी मुख-मण्डलमा पनि ग्रहहरूको अधिकार छ। जस्तै—



२१७.

कपालको अधिपति मंगल, दाहिने आँखाका रवि, बायाँ आँखाका चन्द्र, दाहिने कानका वृहस्पति, वायाँ कानका शनि, नाकका शुक्र र मुखका वुध हन्।

फेरि विशेष रूपमा बायाँ आँखाको माथिल्लो भागमा चिन्ह छ,त्यो चन्द्रको, दाहिने आँखाको मास्तिर रविको र नाकको टुप्पामा शुक्रको चिन्ह अवस्थित छ। जन्मकालमा जुन ग्रहको आधिपत्य होला, त्यही ग्रहको चिन्ह निर्दिष्ट स्थानमा स्पष्ट रूपमा देखापर्दछन्। सामुद्रिकमा ज्ञाताहरू यी ग्रह-चिन्हहरू हेरेर शुभाशुभ फल भन्ने गर्दछन्।

नर ललाट-रेखा फल

१. ललाट वा मस्तकमा एउटा पनि रेखा छैन भने मानिस चालीस वर्षसम्म जीवित रहन्छ। जसको ललाटमा छिन्न-भिन्न धेरै रेखाहरू छन् भने त्यसको अपमृत्यु हुन सक्तछ।

२. ललाटमा केवल दुइ रेखा मात्र देखापरे भने त्यो मानिस ४० वर्ष र एक रेखामा बीस वर्ष मात्र जीवित रहने छ।

३. जसको ललाटको मध्यभागबाट दुवै छेउतिर कानसम्म एक मात्र रेखा विस्तृत छ भने, त्यो मानिसले सय वर्षको परमायु लाभ गर्नेछ।

४. ललाटमा दुइ रेखा छन् भने मानिस ७० वर्ष र तीन रेखा छ भने ६० वर्षको परमायु

लाभ गर्धछ।

५. जसको ललाटमा स्पष्ट -अस्पष्ट अनेक रेखाहरू छन् भने, त्यो मानिस केवल बीस वर्ष जीवित रहने छ।

६. जसको मस्तकको रेखा कपालको अन्तिम भागसम्म विस्तृत छ भने, त्यसको परमायु असी वर्षको हुनेछ।

७. जसको ललाट रेखा-शून्य छ,त्यो व्यक्ति ९० वर्षसम्म जीवित रहने छ।

८. जसको निधारमा रेखाहरू छुट्टा-छुट्टै अंकित छन् भने, त्यो व्यक्ति कामलम्पट हुनेछ।

९. निधारमा तीन रेखाहरू छन् भने मानिस १०० वर्षसम्म र चार रेखा छन् भने त्यसको ९५ वर्ष परमायु हुनेछ र त्यो राजा पनि हुन सक्तछ।

१०. जुन व्यक्तिको निधारमा पाँच, छः, सात, नौ वा अनेक रेखाहरू देखिन्छन् भने, त्यसको परमायु पचास वर्षको हुनेछ।

११. निधारमा रक्तवर्ण अथवा वज्ररेखा छ भने, त्यसको आयु ४० वर्ष र आँखीभौंसम्म आयताकार रेखा छ भने त्यसको आयु तीस वर्षको हुनेछ।



२१८.

१२. जसको निधारमा रेखाहरू बायाँतिर वक्र भएर अंकित छन् भने, त्यसको परमायु बीस वर्षको हुनेछ। ती रेखाहरू साना छन् भने जीवनको परिमाण अत्यन्त अल्प हुनेछ।

१३. निधारमा बृहस्पति रेखाभन्दा माथि एक प्रकारको वृत्त चिन्ह छ भने त्यो धन-हानि हुने निर्देश गर्दछ।

१४. निधारमा सूर्य र चन्द्र दुइ रेखा यस प्रकार परस्पर मिलेका छन् भने त्यस व्यक्तिको बर्ता सौभाग्य निर्देश गर्दछन्।

२१९.

नर-ललाटको आकार र चिन्ह-फल

जसको ललाट उन्नत, विशाल, शंखाकृति, अग्लो-होचो वा अर्धचन्द्राकार परेको हुन्छ, त्यो मानिस निर्धन भएर पनि वैभवशाली होला।

जसको निधारमा चाल्नो झैं रेखाहरू चारैतिर फैलिएका छन् भने त्यो व्यक्ति अध्यापक हुनेछ।

ललाटमा यस प्रकार का छिन्न-भिन्न रेखाहरूले निर्देश गर्दछन् कि त्यो व्यक्ति अनेक र विविध कामहरूको भारी आफ्नू टाउकोमा बोक्नेछ, तर सामान्य कार्य-सम्पादन गर्दै रहने छ।

२२०.

ललाटमा अनेक शिराहरू रहनाले त्यो मानिस पाप-कार्यमा लगिरहने छ।

स्वस्तिक चिन्ह जस्तो मंगलमय चिन्ह जसको निधारमा देखिने छ र त्यो उन्नत शिराहरूले व्याप्त छ भने त्यो व्यक्ति ठूलो वैभवशाली हुनेछ।

२२१.

त्यो सुप्रशस्त र शुभ रेखायुक्त ललाट जगत्कां सुप्रसिद्ध मनस्तत्त्वंविद् र प्रतिभाशाली नाटककार शेक्सपीयरले भनेका छन्।

जसको ललाट ताम्रवर्ण र उन्नत होला र जसको कक्ष-प्रदेश (काखी) मा कुनै पनि रेखा देखिंदैन भने, त्यो व्यक्ति उन्मत्त भएर पृथ्वी-भ्रमण गर्नेछ।

जसको निधारमा त्रिशूलको चिन्ह देखापर्दछ, त्यो व्यक्ति धनवान् र धेरै सन्तान युक्त हुन्छ र सय वर्षको आयुष्य प्राप्त गर्दछ।

जसको ललाटमा वज्र, त्रिशूल र धनुषको चिन्ह देखिन्छ, त्यो सबैको मालिक भएर सुन्दरी रमणीहरूको प्रिय हुनेछ।

नारी-ललाट

नारीको ललाट शिरा-शून्य र रोम-रहित, अर्धचन्द्राकार टूट-फूट नभएको सग्लो र तीन अंगुल परिमाणको छ भने त्यो नारी पति-परायणा, अरोगिनी र सौभाग्यवती हुन्छे। फेरि स्पष्ट स्वस्तिक चिन्ह छ भने वैभवशालिनी र राज्याधिकारिणी हुन्छे।

२२२.

जुन रमणीका आँखीभौं अनतिविशाल, नवोदित शशिकला जस्तै मनोहर, वक्र, आकृतिको र ललाट रोमहीन छ र अनुन्नत एवं अर्धचन्द्राकार छ भने- त्यो नारी शुभ लक्षणा मानिन्छे।

२२३.

(शुभ लक्षणवती नारी)

दीर्घाकार रेखालाई प्रलम्बिनी भन्दछन्। यो रेखा जुन रमणीका निधारमा देखिन्छ, त्यसको देवरको नाश हुनेछ। उदरमा र दुवै नितम्बमा यो रेखा छ भने पतिकै विनाश गर्नेछ। जुन रमणीको निधारमा त्रिशूल छ, त्यो नारीले हजारौं नारीहरूको प्रभुत्व प्राप्त गर्नेछ।

जुन रमणीको निधारमा श्रीवत्स, स्वस्तिक चिन्ह र एक मात्र रेखा छ भने त्यो चिन्ह शुभ मानिन्छ।

जुन रमणीको ललाट, उदर र भग यो तीनै अंश लम्बमान छ भने, त्यो नारी श्वशुर, पति र देवर तीर्ने जनालाई खान्छे अर्थात् तिनको मृत्यु छिटै हुनेछ।

२२४.

यस प्रकारका नारीहरू घेरजसो कलह-प्रिया तथा कटु-वाणी बोल्नमा सान्है बाठी हुन्छन्। अनि कष्ट सहने तथा यिनको सहनशीलता प्रधान गुण हुन्छ।

२२५.

ललाटमा तिल वा लामो चिह्न

१. यदि कुनै पुरुष वा नारीका ललाट (निधार) को दाहिनेतिर एक संख्याको बगलमा शनिरेखा भन्दा मास्तिर एउटा तिल वा लामो चिन्ह छ र त्यसले रेखालाई स्पर्श गर्दैन भने र उक्त तिलजस्तै एउटा अर्को तिल यदि छातीको माझमा छ भने त्यो वपन (रोप्ने) र कृषि कार्यमा सौभाग्य लाभ गर्न समर्थ हुनेछ। त्यही तिल यदि मह, पद्मरागमणि वा जवाहरात जस्तै रक्त वर्णको छ भने त्यो नर वा नारी जीवनपर्यन्त सुख-सौभाग्यको भोग गर्न पाउने छन्। यदि यो तिल कालो छ भने अवस्था परिवर्तनशील हुनेछ। यदि त्यो तिल मसूरो जस्तो छ भने, त्यो पुरुष अधिकांश अग्रसर र परिवारमा प्रधान हुनेछ। नारीको त्यस्तो छ भने, त्यो उत्तराधिकारको रूपमा पैतृक सम्पत्तिकी उत्तराधिकारिणी र मृतकको दान प्राप्त गर्नेछ। त्यो तिल शुक्र, वुध र मंगल स्वभाव भएको हुन्छ।

२. नर वा नारी ललाटको दाहिनेतिर संख्या दुइको छेउमा वृहस्पति रेखाको अधिकार भित्र यस रेखालाई स्पर्श नगरोकन एउटा तिल छ भने अनि अर्को एक तिल शरीरको दाहिनेतिर छ भने- यो कुरा ज्ञात हुन्छ कि त्यो व्यक्ति विवाह सौभाग्य लाभ, दीर्घजीवी र आफ्नू साहसका कामहरूले गर्दा सम्मान एवं ठूलो ऐश्वर्य अधिकार प्राप्त गर्ने छ। यदि त्यो तिल महको रंग जस्तै छ भने कुनै धार्मिक व्यक्तिको दयाले भाग्यमानी होला। यदि त्यो तिल कालो छ भने त्यो व्यक्ति बढी खर्च गर्नेमा निन्दित होला।

नारीका यस्ता लक्षण हुने तिल छ भने त्यो आफ्ना कार्यद्वारा आश्चर्यजनक सौभाग्य प्राप्त गर्नेछ। यदि यस तिलको केही अंश मूँगको दाल वा मसुरोको जस्तै मास्तिर उक्सेको छ भने, त्यो जातक वा जातकी कुनै गुप्त वा अपूर्व र अज्ञात धन प्राप्त गर्नेछन्। यो तिल शुक्र र मंगल प्रकृतिका हुन्छन्।

३. ललाटको दाहिनेतिर तीन संख्याको छेउमा मंगल रेखाको अधिकारको भित्र एउटा तिल र त्यसैको अनुकूल एउटा अर्को तिल दाहिने पाखुरामा छ भने, त्यो युद्ध विषयक कार्य

प्रयोगमा धन र उत्तम सौभाग्यको निर्देश गर्दछ। यदि तिल मधु-वर्णको छ भने, त्यो व्यक्ति पशुचौपायाबाट भाग्य-लाभ गर्नेछ। यदि तिल रक्त वर्णको छ भने क्रीडा, गीत र नाटकाभिनयबाट सौभाग्य-लाभ गर्नेछ। यदि तिल कालो रंगको छ भने घोडाबाट लड्ने भय रहन्छ, अतः सावधान रहनु आवश्यक छ। यदि तिल मसूरो जस्तै प्रत्यक्ष देखिन्छ भने अग्नि-सम्बन्धी व्यवसायमा सौभाग्य प्राप्त होला।

यदि नारीको यस्ता लक्षण हुने तिल छ भने त्यो धनी स्वामी भएकी र प्रसन्नता, दृढता, निश्चय, सहिष्णुता र मानसिक बल आदि सबै गुण प्राप्त हुनन्।

४. निधारको दाहिनेतिर चार अंकको छेउमा रवि-रेखाको अधिकारको माझमा त्यस रेखालाई स्पर्श नगरेर एक तिल छ भने, फेरि त्यस्तै नै एउटा अर्को तिल पिठिउँमा छ भने, यो कुरा जान्न सकिन्छ कि त्यो व्यक्ति मालिक, जमींदार वा कुनै ठूलो दानद्वारा धन, सम्मान र भोग सुख प्राप्त गर्नेछ। यदि त्यो तिल महको रंगको छ भने उसको सौभाग्य प्रधानतः अधिकार र भूमिको बीच हुनेछ। यदि तिल रक्तवर्ण छ भने सम्मान र पदोन्नति। यदि कालो छ भने उसको इच्छाको प्रतिबन्धक हुनेछ र यदि त्यसले धन र सम्मान प्राप्त गर्दछ भने मालिकको दानले प्राप्त गर्ला, आफ्नू गुण वा योग्यताले हुने छैन।

कुनै नारीको यस्तो तिल छ भने ज्ञात हुन्छ कि त्यो रमणी कोही मरेपछि उत्तराधिकारिणी होली र सौभाग्यजनक द्रव्य प्राप्त गर्नेछ।

५. ललाटको दाहिनेतिर पाँच अंकको छेउमा शुक्ररेखाको अधिकारको बीचमा रेखालाई स्पर्श नगरेर एक तिल छ भने अनि एउटा अर्को तिल उदर (पेट) मा दाहिनेतिर छ भने यो ज्ञात हुन्छ कि त्यो व्यक्तिले विवाहमा धेरै धन प्राप्त गर्नका साथै सौभाग्य र बन्धुत्व प्राप्त गर्नेछ। यदि कसैको महको रंगको तिल छ भने त्यो व्यक्ति आफ्ना मित्रहरूमा ठूलो र सौभाग्यसाली हुन्छ। यदि रक्तवर्णको छ भने त्यो दयालु र सम्भ्रान्त व्यक्तिहरूमा हितकर सम्मान र लाभ पाउन सक्तछ। यदि तिल कालो छ भने त्यो व्यक्ति पवित्र र जितेन्द्रिय भएर पर-स्त्री सहगमन आदिबाट परै रहने छ। यदि त्यो तिल मसुरो जस्तै उक्सेको छ भने त्यो सम्मानास्पद वैदेशिक दौत्य कार्यादिमा लाग्नेछ।

यदि कुनै नारीको निधारमा यस्तो तिल छ भने, ज्ञात गर्न सकिन्छ कि त्यो नारी सुख-सौभाग्य लाभ गर्नेछ। तर त्यो अल्पायु होली र शत्रु सदैव त्यसको अपकार गर्ने उपाय -विचार्दै रहने छन्। यदि तिल कालो छ भने त्यो नारी लज्जाशीलता र आफ्नू पवित्रताको रक्षा गर्न समर्थ रहने छ।

६. यदि ललाटको दाहिनेतिर छ अंकको बगलमा बुध रेखाको अधिकारमा एउटा तिल जस्तै रेखा र चन्द्ररेखाको प्रतिबन्धमा छैन भने र त्यस्तै एउटा अर्को रेखा छातीको दाहिनेतिर मास्तिर छ भने ज्ञात हुन सक्तछ कि त्यो व्यक्ति उत्तम बुद्धिमान र भ्रमणशील हुनेछ साथै आफ्नू प्रतिभा र शक्तिले सौभाग्य-लाभ गर्नेछ। त्यो तिल महको रंग जस्तै छ भने त्यो

व्यक्ति अवश्य सौभाग्य-लाभ गर्नमा सफल हुनेछ। त्यो तिल रक्तवर्णको छ भने विज्ञान अनुशीलनमा विशेष नाम कमाउने छ। यदि तिल कालो छ भने त्यस्ता धूर्तसित कहिल्यै पत्र-व्यवहार वा सम्बन्ध बढाउनु अनुचित हुनेछ। यदि तिल मसूरो जस्तो उक्सेको छ भने त्यो काममा वहुदर्शिता लाभ गर्नेछ।

यदि नारीको ललाटमा यस्तो तिल छ भने त्यो उत्तम गृहिणी र भाग्यमानी तथा सुरसिका एवं दीर्घायु होली। यदि तिल कालो छ भने झूठो अपवादबाट सतर्क र सावधान रहे राम्रो होला। यो तिल वुध र गुरुको स्वभावको हुन्छ।

७. यदि कसैको निधारमा दाहिनेतिर सात अंकको बगलमा र चन्द्ररेखाको अधिकारमा एउटा तिल यस रेखाको प्रतिबन्धक नभएर वा स्पर्श नगरिकन नै त्यस्तै एउटा तिल उदर (पेट) मा दाहिनेतिर छ भने जान्नुपर्दछ कि त्यो व्यक्ति व्यापारमा लाभ कमाउने छ। त्यसको भाग्योदय अलि-अलि भ्रमणमा पनि हुनेछ। त्यो तिल महको रंग जस्तो छ भने लामो यात्रामा अवश्य लाभ हुनेछ। यदि त्यो तिल कालो र मसूरोको जस्तै उक्सेको भए विवाहमा मङ्गल होला।

यदि नारी ललाटमा यस्तो तिल छ भने त्यसको विवाहपछि भाग्योदय होला। मधुवर्णको छ भने त्यसको विवाह कुनै विदेशीसित हुनेछ। रक्तवर्ण धनलाभको निर्देशक कहिन्छ। कालो तिल उसको पतिलाई वेसरी देश-भ्रमण गराउँछ। अनि धेरै दिनसम्म वियोग गराउने छ। तिल मसूरो जस्तै उक्सेको छ भने त्यो स्त्री पतिसित साथै भ्रमण गर्नेछ। यो तिल मंगल र गुरुका स्वभावको हुन्छ।

८. मस्तकको वायाँतिर शनिरेखाको अधिकारमा माझमा आठ अंकको बगलमा एउटा तिल वृहस्पति रेखालाई स्पर्श नगरीकन र त्यस्तै नै एउटा अर्को तिल पिंढिउँको बायाँ भागमा छ भने त्यसले लामो झ्यालखान यात्रा वताउँछ। महको रंग जस्तो छ भने सामान्य कारणले शत्रु विवादमा कारावास होला। रातो रंगको भए छिटै नै कारावासबाट मुक्त गराउला र कालो छ भने त्यसको पूरा जीवन कारागारमै समाप्त हुनेछ। मसुरो जस्तै उक्सेको छ भने त्यसको दुर्भाग्यमा केही न्यूनता आउन सक्तछ।

कुनै नारीको निधारमा यस्तो तिल छ भने त्यसको भविष्यवाणी हो- त्यो आफ्नू देशवाट निकालिएर अनेक थरिका शारीरिक र मानसिक कष्ट वा त्यसका कारणको भोग गर्नेछ र त्यसका दुइटा लाग्ने हुने छन्। यो तिल शनि र बृहस्पति तथा बुधको स्वभाव परेको हुन्छ।

९. ललाटको वायाँ भागमा वृहस्पति-रेखाको अधिकारमा नौ अंकका बगलमा एउटा तिल र पाकस्थलीको बायाँ भागमा अर्को एक तिल छ भने त्यो व्यक्ति विलासी हुने र सौभाग्यको अपव्ययको वारेमा सतर्क गराउँछ। यो मधुवर्णको छ भने स्थैर्य र मनको शान्ति, विनय

र शिष्टता प्रदान गर्दछ। यदि रक्तवर्ण छ भने त्यो कडा अवस्था र अवाध्य-रीतिको निर्देश गर्दछ। यदि तिल मटर जस्तै छ भने लघु र अवनत हुने निर्देश गर्दछ।

नारी ललाटमा यस्तो तिल छ भने त्यो उसको निजी सौभाग्यको अपचय, दम्भशीलता र असम्मानकर अश्लीलताको निर्देशन गर्दछ। यो तिल शुक्र र मङ्गलको स्वभावको हुन्छ।

१०. मस्तकको बायाँ भागमा मंगल रेखाको अधिकारमा दस अंकको छेउमा एउटा तिल र बायाँ बाहुमा अर्को एक तिल छ भने, यो निर्देश गर्दछ कि त्यो व्यक्ति जानी-जानी नर-हत्या गर्नेछ र झर्को-फर्को गर्ने र क्रोधी स्वभावको, कलहप्रिय र कुनै कारण बिना नै भर्त्सना गर्ने खालको होला। यदि त्यो तिल मधुवर्णको छ भने त्यो हत्याको अपराधवाट जोगिएर आफ्ना शत्रुहरूलाई उपहासका पात्र तुल्याउला। यदि तिल रातो वर्णको छ भने नारीहरूका लागि व्याकुल हुनेछ। यदि तिल कालो छ ने द्वेषले गर्दा विश्वासघात गरेर हत्या गराउला।

यदि नारीको ललाटमा यस्तो तिल छ भने निर्देश गर्दछ कि- नारी कलहप्रिया र भर्त्सनाकारिणी होली र ऊ आफ्ना छिमेकीद्वारा चोट पाउने छ। यो तिल शनिग्रहको पद्धतिको हुन्छ।

११. मस्तकको वायाँ भागमा रविरेखाको अधिकारको माझमा एउटा तिल छ भने अनि त्यस्तै एउटा तिल छातीमा बायाँतिर भएमा-त्यसले यो डर देखाउँछ कि ऊ दुर्भाग्य र ठूला बडाका सामुन्ने घृणाको पात्र हुन पर्नेछ। यदि त्यो तिल मधुवर्णको छ भने त्यो व्यक्ति दरिद्र र अभावग्रस्त रहने छ। यदि कालो छ भने अविचारी, हठी र शासनको इच्छा राख्ने खालको होला। यदि त्यो छालामाथि उक्सेको छ भने त्यसको दुर्भाग्य राम्ररी शमन गर्न सक्नेछ।

नारीको ललाटमा त्यस्तो चिन्ह छ भने त्यो दरिद्रता र दुर्भाग्यको निर्देशक हुनेछ। यदि कालो छ भने मन्दभाग्यलाई दरो पारिदिन्छ।त्यो तिल मङ्गल र चन्द्रमाको स्वभावको हुन्छ।

१२. निधारमा देब्रेतिर शुक्ररेखाको अधिकारमा त्योसित स्पर्श गरेको छैन र त्यस्तै अर्को तिल काँधमा छ भने त्यो व्यक्ति अर्काको दुःख, मनोकष्ट, शारीरिक र मानसिक क्लेश तथा पीडाकारक हुनेछ। यदि मधुवर्णको छ भने त्यसका सम्बन्धीहरूद्वारा नै त्यसमाथि विपत्ति आइपर्ला। यदि रातो वर्णको छ भने सम्बन्धी वा आफ्नै भाइ-बन्धुहरूद्वारा रक्तपात होला। यदि तिल कालो छ भने नारीहरूको कारणले काट-मार होला। त्यो तिल छालामाथि उठेर आयो भने दुर्भाग्यलाई केही शमन गर्ला।

नारी-ललाटमा त्यस्तै तिल छ भने चपलता, कालो भए व्यभिचारिणी हुने निर्देश गर्दछ। त्यो नारी यौवनमा वेश्या र वृद्धावस्थामा कुकर्ममा मद्दत दिने कुटुनी होली र गहीरो दुर्भाग्यले गर्दा पतिता होली। यो तिल मंगल र चन्द्र ग्रहको प्रकृतिको हुन्छ।

१३. कसैको निधारमा बायाँतिर १३ अंकको छेउमा बुधरेखाको अधिकारमा रेखालाई स्पर्श नगर्दै यदि तिल वर्तमान छ र त्यस्तै अर्कोतिर रेखा बायाँतिर छ भने जान्न सकिन्छ कि त्यो व्यक्ति मुद्दामा अल्झने छ र तुच्छता एवं शत्रुता प्राप्त गर्ला। यदि त्यो तिल मधुवर्णको छ भने त्यस व्यक्तिको स्पष्ट प्रतिभा र कौशलले गर्दा विवाद उत्पन्न होला। यदि रक्तवर्ण छ भने उक्त विवाद विचारै नगरेको कामको फलले होला। यदि कालो छ भने कपटताले गर्दा विवाद उठ्ला। यदि मसूरो जस्तै उक्सेको छ भने आफ्नू अध्यवसायको फलले भाग्योन्नति गर्ला।

यदि नारी-ललाटमा यस्तो तिल छ भने त्यस नारीका अनेक पति हुनन्, त्यो वेश्या होली। यदि कालो तिल छ भने नारी पर-पुरुषगामिनी, बाह्यप्रिया र बर्ता बोल्ने होली। यो तिल मंगल र बुधका प्रकृतिको हुन्छ।

नष्ट जन्मपत्र विचार

अंक सामुद्रिक मतले हातको पंजा–

जसको टिप्पन वा चिना (जन्मपत्र) छैन, त्यसको चिना विविध संकेतहरूको अनुसार तयार हुन सक्तछ।

प्रथमतः– अंक र रेखा सामुद्रिक शास्त्रको मतले मनुष्यका हातका पंजामा निर्दिष्ट स्थानका रेखा र गणनाले जुन अंक होला वा जुन अंक देखिन्छ, ती अंकहरूमा जन्मशक, मास, दिन, वार, तिथि, नक्षत्र, जन्मलग्न राशि र दशा आदि निरूपित हुने गर्दछन् र पंजा (हत्केला) मा निर्दिष्ट रेखा आदि कति परसम्म गएका छन्, तिनलाई पनि हेरेर जन्ममास आदिको ज्ञान हुन सक्तछ। त्यो हत्केला र औंलाहरूको पर्वमा र औंलाहरूको जरामा निर्दिष्ट स्थान जन्मलग्न र जन्मकालमा कुन ग्रह कुन राशिमा थिए, त्यो जानेर जन्मपत्र (चिना) तयार पार्न सकिन्छ। त्यो बाहेक सामुद्रिक शास्त्रको मतले निधारका रेखा र चिन्ह आदि हेरेर तथा अंग-प्रत्यंगका अवयवमा निर्दिष्ट स्थानमा ग्रह राशिका चिन्ह आदि हेरेर पनि चिना तयार पार्न सकिन्छ।



२२६.

द्वितीय– केरलीय आदि ग्रन्थका गणना-प्रणालीको मतद्वारा प्रश्नकर्ताको प्रश्नका अक्षरहरू गनेर वा अन्य मतद्वारा ती अक्षरका पिण्डाङ्क लिएर संकेत अनुसार गणनाद्वारा नष्ट जन्मपत्र वनाउन सकिन्छ।

तृतीय– प्रश्न लग्न गणना शास्त्रको मतवाट प्रश्न लग्न, त्यस लग्नको अंशद्वारा र विशांश आदि निरूपण गरेर ग्रह स्पष्ट पञ्चाङ्गमा हेरेर अथवा ग्रह-स्पष्टको अनुसार त्यस वेला कुन ग्रह कुन राशिको कुन अंशमा थिए, त्यो जानेर तिनको र लग्नको वलावल विचार गरेर नष्ट जन्मपत्रको उद्धार हुन सक्तछ। यस्तो अवस्थामा जसरी लग्न निरूपण गरेर चिना तयार गरिन्छ, त्यो वृहज्जातक, दिनचन्द्रिका आदि ग्रन्थवाट उद्धृत गरेर केही यहाँ दिइन्छ।

गर्भलग्न–

आधानजन्मा परिबोधकाले सम्पृच्छतो जन्म वदेत् विलग्नात्।
पूर्वापरार्धे भवनस्य विद्ध्यात् भानाबुदग्दक्षिणगैः प्रसूतिम्।।

आधान लग्नद्वारा जसरी जन्मलग्नको निरूपण गरिन्छ, त्यो यस प्रकार कहिएको छ- जुन व्यक्तिको आधानकाल र जन्मकालको निश्चिय छैन, प्रश्नलग्नले नै त्यसको जन्म-समय निरुपल गर्नुपर्दछ।

कुनै व्यक्तिको नष्ट जातक उद्धारको प्रश्न आइलागेपछि, कुन लग्नमा प्रश्न आयो, यो कुरा निश्चय गरेर त्यस बेला त्यो लग्नको कुन होरा हुन्छ, यो पनि निश्चय गर्नुपर्दछ। यदि लग्नको प्रथम होरामा प्रश्न गरिएको छ भने उत्तरायणमा अर्थात् माघ आदि छ महीनामा र यदि द्वितीय होरामा प्रश्न गरिएको छ भने दक्षिणायन अर्थात् श्रावणादि छ महीनामा जन्म भएको हो भन्ने निश्चय हुन्छ।

बृहस्पतिको स्थिति-निर्णय–

बृहस्पतिको स्थिति-निर्णय र त्यसमा प्रश्नकर्ताको अवस्था निरूपण गर्नका लागि तीन भागमा विभक्त गरेर द्रेष्काणमा प्रश्न भएको छ भने प्रश्नकर्ताको जन्मकालमा बृहस्पति प्रश्नलग्नमा नै थिए। द्वितीय द्रेष्काणमा प्रश्न गरिएको छ भने पञ्चम स्थानमा र तृतीय द्रेष्काणंमा प्रश्न गरिएको भए प्रश्नलग्नबाट नवम स्थानमा जन्मकालमा बृहस्पति थिए, यस्तो निर्णय गर्नुपर्दछ।

यदि लग्नको प्रथम द्वादशांशमा प्रश्न गरिएको छ भने प्रश्नकर्ताको जन्मकालिक जन्मलग्नमा नै बृहस्पति थिए। द्वितीय द्वादशांशमा प्रश्न गरिएको छ भने, जन्मलग्नको द्वितीय स्थानमा, यसै प्रकार तृतीय द्रेष्काणमा प्रश्न गरिएको भए, प्रश्नकर्ताको जन्मकालमा, जन्मलग्नबाट तृतीयादि स्थानमा बृहस्पति थिए भन्ने निश्चय गर्नुपर्दछ।

द्रेष्काण अनुसार बृहस्पतिको निर्णय गरेर द्वादशांशको अनुसार जन्मलग्नबाट कुन

स्थानमा छन्, यो स्थिर गर्नुपर्दछ, यसैले प्रकारान्तरमा प्रश्नकर्ताको जन्मलग्न स्थिर हुन सक्तछ।

स्वरूप हेरेर अवस्थाको निर्णय–

प्रश्नकर्ताको स्वरूप हेरेर अनुमानद्वारा अवस्था स्थिर गर्नुपर्दछ। पूर्व कथित द्रेष्काण अनुसार जन्मकालीन वृहस्पतिको राशि निश्चय गरेर त्यही राशिबाट वर्तमानमा वृहस्पति जुन स्थानमा छन्, त्यस स्थानसम्म गणना गर्दा जति संख्या हुन्छ, त्यति नै वर्षको अवस्था प्रश्नकर्ताको हुन्छ, यस्तो निश्चय गर्नुपर्दछ। विशेषतः प्रश्नकर्तातिर दृष्टिपात गरेर हेर्नुपर्दछ; यदि त्यसको अवस्था १२ वर्षभन्दा बढी र २४ वर्षको माझमा अनुमान गरिन्छ भने, त्यस निरूपित अंकमा १२ को योग गरेर अवस्थाको निर्णय गर्नु, अनि २४ वर्षभन्दा बढी र ३६ वर्षको माझको अनुमान भएपछि २४ को योग दिएर ३६ भन्दा बढी र ४८ को माझको अनुमान भएपछि ३६ को योग गरेर ४८ भन्दा बढी ६० को माझको अनुमान भइसकेपछि निरूपित अंकमा ४८ को योग दिएर प्रश्नकर्ताको उमेर स्थिर गर्नुपर्दछ। यसै प्रकार जति बढी उमेरको अनुमान हुन्छ, त्यसमा १२ बढाएर योग गर्नुपर्दछ।

प्रकारान्तरबाट– प्रश्न गर्ने वेलामा प्रश्नकर्ताले जुन अंग स्पर्श गरेर वस्तछ, त्यसैको अनुसार बृहस्पतिको स्थितिद्वारा निरूपित अंकमा १२ जोर्नुपर्दछ। यदि प्रश्नकर्ता पाउ वा गुल्फ स्पर्श गरेर बस्तछ भने एकपल्ट १२ जोर्नुपर्दछ, तिघ्राको स्पर्शमा दुइपल्ट, कमर, उरू मेढ्र वा पाखुरा स्पर्श गरे तीनपल्ट, नाभि वा घुँडाको स्पर्शमा चारपल्ट, उदर (पेट) स्पर्शमा आठपल्ट, नाभि वा घुँडाको स्पर्शमा चारपल्ट, उदर (पेट) स्पर्शमा पाँच पल्ट, हृदय वा स्तन स्पर्शमा छ पल्ट, गण्ड स्पर्शमा सातपल्ट, ओंठ स्पर्शमा आठपल्ट, कर्ण स्पर्शमा नौपल्ट र ललाट स्पर्शमा दसपल्ट १२ जोरेर उमेर स्थिर गर्नुपर्दछ। १२० वर्षभन्दा बढी अवस्था अनुमान भयो भने त्यसको चिनाको गणना नगरे पनि हुन्छ।

यदि प्रश्नलग्नमा रवि छन् अथवा रविको द्रेष्काणमा प्रश्न गरिएको छ भने गरमीको मौसममा जन्म भएको छ, यो कुरा जान्नुपर्दछ। यसै प्रकार लग्नमा शनि भए शिशिर ऋतुमा, त्यसै गरी लग्नमा शुक्र भए वसन्त ऋतुमा, लग्नमा मंगल भए गरमीमा, लग्नमा चन्द्रमा भए वर्षाऋतु, लग्नमा बुध भए शरद् ऋतु, गुरु भए हेमन्त ऋतुमा प्रश्नकर्ताको जन्म भएको छ, यो स्थिर हुन्छ।

लग्नमा दुइ वा त्यो भन्दा बढी ग्रह छन् भने तिनमा जुन ग्रह बलवान् छ उसैद्वारा ऋतु निर्णय हुन्छ। यदि लग्नमा कुनै पनि ग्रह छैनन् भने द्रेष्काणको अनुसार ऋतुको निर्णय हुन्छ। अयन र ऋतुमा मेल-मिलाप असम्भव हुनाले मीमांसाको उपाय के छ, त्यो पछि लेखिने छ।

शकज्ञानको अन्य प्रकार–

पहिले व्यक्तिको आकृति हेरेर अनुमानद्वारा जतिसम्म हुन सक्तछ; वय क्रमको निर्णय गर। पछि उक्त अनुमानित वय वत्सरलाई दुइद्वारा पूर्ति गरेर ५ द्वारा हरण गर्नाले जुन भागफल

आउँछ, त्यसलाई वर्तमान वर्पका शनिवाट दक्षिणावर्तमा गणना गर्दा जुन राशिमा समाप्त हुन्छ, त्यस व्यक्तिको चिनामा शनि स्थिति पहिले निरूपण गर्नुपर्दछ अथवा यही पुस्तकको परिशिष्टमा स्पष्ट ग्रहस्थिति-चक्रवाट ग्रहस्थिति विवरण हेर्नुपर्दछ।

जस्तै– यदि सिंह राशिमा वर्तमान शनिको स्थिति छ भने, जसको अनुमानित अवस्था २६ वर्ष छ, उसको चिनामा कुन राशिमा शनि छ, त्यो जान्नको निम्ति पहिले अनुमानित उमेर संख्या २६ लाई दुइले गुणन गर्दा ५२ भयो, त्यस ५२ लाई पाँचले भाग दिएपछि १० लब्धांक भयो। सिंह राशिवाट दक्षिणावर्त १० गणना गर्नाले वृश्चिक राशिमा अन्त्य हुन्छ।

२२७.

अतः त्यस व्यक्तिको जन्मकालमा वृश्चिक राशिमा शनिको अवस्थिति थियो, यो ज्ञात भयो। उपर्युक्त चक्रबाट सहजै बुझ्न र गन्न सकिन्छ। सिह राशिमा कल्पित वर्तमान शनि अंकित छ। यस सिंह राशिबाट दक्षिणावर्तमा गणना प्रदर्शनार्थ एक, दुइ आदि अंक लेखिएका छन्। यसमा दसौं घर वृश्चिक राशिमा १० अंक र जन्म शनि लेखिएको छ।

पछि पूर्वोक्त शनिको स्थिति, वर्तमान वर्षका शनिबाट जति राशिको अन्त हुनेछ, त्यसलाई ५ ले गुणा गरेर, तीनले भाग दिएपछि भागफल जति हुन्छ, वर्तमान वर्षीय राहुको त्यति नै राशि अन्तरमा उक्त व्यक्तिको जन्मकालमा केतुको सप्तम राशिमा राहुको स्थिति जान्नुपर्दछ। जस्तै–

यदि वर्तमान वर्षमा धनु राशिमा राहुको स्थिति छ भने उक्त व्यक्तिको जन्मसमयमा

कुनै राशिमा केतु र राहुको स्थिति थियो ? यहाँ उक्त व्यक्तिको जन्मकालीन शनि, वर्तमान वर्षीय शनिबाट १० राशिको अन्तरमा निर्णय भएको छ। अतः त्यो १० लाई ५ ले गुणा गर्दा ५० भयो। त्यस पचासलाई तीनले भाग गर्दा भागफल सोह्र भयो। त्यस सोह्रबाट बाह्र घटाउँदा चार शेष रह्यो। अतः जन्मकालमा कन्याराशिमा केतु र कन्याबाट दक्षिणावर्तमा सातौं राशि मीन पर्दछ। यही मीन राशिमा जन्मकालमा राहुको स्थिति स्थिर गर्नुपर्दछ। वर्तमान वर्षीय राहुबाट १२ घटाउनु भन्दा पहिले जन्मकालीन केतुको स्थिति जति राशिको अन्तरमा थियो, त्यसलाई तीनले गुणा गरेर दुइले भाग गर्दा जति भागफल हुनेछ, वर्तमान वर्षीय बृहस्पतिबाट त्यति नै राशिको अन्तरमा जन्मकालमा बृहस्पतिको स्थिति बुझ्नुपर्दछ।

जस्तै– वर्तमान वर्षमा सिंह राशिमा बृहस्पतिको अवस्थिति छ भने उक्त व्यक्तिको जन्म समयमा कुन राशिमा बृहस्पति थिए ? यहाँ उक्त व्यक्तिको जन्मकालमा केतु वर्तमान वर्षीय राहुबाट १६ राशिको अन्तरमा स्थित थिए, यो कुरा पहिलो दृष्टान्तमा जानिसकिएको छ। अब त्यो १६ लाई तीनले गुणा गर्दा ४८ भयो। ४८ लाई दुइले भाग गर्दा २४ आयो। त्यस २४ बाट १२ घटाइदिएपछि १२ शेष रह्यो। सिंहराशिबाट दक्षिणावर्त गणनामा बाह्रको राशि कन्या पाइयो। अतः उक्त व्यक्तिको जन्मसमयमा कन्या राशिमा बृहस्पतिको अवस्थिति निर्णीत भयो।

वर्तमान वर्षीय बृहस्पतिबाट १२ घटाउनुभन्दा पहिले जति राशिको अन्तरबाट जन्मकालमा बृहस्पतिको अवस्थिति निरूपित हुनेछ त्यति नै वर्ष उक्त व्यक्तिको उमेरको संख्या हुनेछ र वर्तमान शकबाट उक्त बलयको संख्यालाई घटाएर जोडिदियो भने। त्यस व्यक्तिको जन्म-शक निरूपित हुनेछ।

